# परिच्छेद : एक

# शोधपरिचय

## १.१ विषय परिचय

वि.सं.२०१८, चैत्र ११ गते सुन्दरीपुर सिन्धुपाल्चोक वागमती अञ्चलमा जन्मेका रेवतीरमण चौलागाईं साहित्यका क्षेत्रमा आर.आर.चौलागाईंको नामबाट सुपरिचित छन् । आफ्नो देश र माटोप्रतिको आस्था अनि समाजमा भएका र हुने गरेका बेथिति र विसङ्गतिहरूवाट आहत भएर साहित्य लेखनप्रति लागेका र हाल मकवानपुर निवासी साहित्यकार आर.आर.चौलागाईं समसामयिक नेपाली कविताको प्रगतिवादी धाराका परिचित हस्ताक्षर हुन् । २०३४ सालदेखि साहित्यिक क्षेत्रमा कलम चलाउन थालेका आर.आर. चौलागाईंका फुटकर रचनाहरू विभिन्न पत्र-पत्रिकाहरूमा प्रकाशित भएका छन् । कविता, कथा, लघु कथाका स्रष्टा आर.आर.चौलागाईंका **सामन्तीलाई चिठी** ( कविता सङ्ग्रह-२०३७), **नौलो बिहानी** (कविता सङ्ग्रह-२०३७), **जिउँदा मानिसहरू** (कविता सङ्ग्रह-२०४३), **बन्धन भित्रका अभिव्यक्तिहरू** (संयुक्त कविता सङ्ग्रह -२०४६), **चास्सचुस्स** (संयुक्त हाइकु, छोक र मुक्तक सङ्ग्रह -२०५२), **यात्राका गीतहरू** (गीत सङ्ग्रह -२०५३), **तुवाँलोभित्र र तुवाँलोबाहिर** (कविता सङ्ग्रह-२०५४),**कविता लेख्नु निरर्थक हुन्छ** (कविता सङ्ग्रह-२०५६), **आस्था रोपेर मनका गराहरूमा** (कविता सङ्ग्रह-२०६०), **विघटनको तयारीमा** (लघु कथा सङ्ग्रह-२०६५) जस्ता पुस्तकाकार कृतिहरू प्रकाशित छन् । उपर्युक्त कृतिहरू र फुटकर रचनाका आधारमा हेर्दा चौलागाईं मकवानपुर जिल्लाका अनुसन्धेय साहित्यकार हुन् । उनका बारेमा सामान्य टीका टिप्पणी र कृतिगत रूपमा गरिएको छोटो चर्चाबाहेक जीवनी व्यक्तित्व र कृतित्वको समग्र अध्ययन हुन सकेको देखिँदैन । त्यसैले यो शोधपत्र  आर.आर.चौलागाईंका कृतिहरूको अध्ययन तथा विश्लेषणमा आधारित छ । यस्ता कृतिकारको जीवनी र व्यक्तित्व पनि कृतित्वसँग प्रस्तुत हुनु आवश्यक देखिएकोले यस शोधकार्यका लागि  **साहित्यकार आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विषयक शीर्षक चयन गरिएको छ ।

## १.२ समस्या कथन

**साहित्यकार आर.आर.चौलागाईंको जीवनी,व्यक्तित्व र कृतित्वको अध्ययन** नै यस शोधकार्यमा मुख्य समस्याका रूपमा रहको छ । यस शोधकार्यका आधारभूत समस्याहरूलाई निम्न अनुसार उल्लेख गरिएको छ :

क) आर.आर.चौलागाईंको जीवनी के कस्तो रहेको छ ?

ख  आर.आर.चौलागाईंको व्यक्तित्वका विभिन्न पाटाहरू के-कस्ता छन् ?

ग) नेपाली साहित्यमा आर.आर.चौलागाईंको प्रवेश कहिले र कसरी भएको हो ?

घ) आर.आर.चौलागाईंका साहित्यिक प्रवृत्ति र मोडहरू के-कस्ता रहेका छन् ?

ङ) उनका कृतिहरू के-कस्ता छन् ?

यिनै आधारभूत समस्यामा केन्द्रित रही प्रस्तुत शोधकार्यमा आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.३ शोधकार्यको उद्देश्य

माथि उल्लिखित समस्याहरूमा केन्द्रित भई **आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** विश्लेषण गर्नु नै प्रस्तावित शोध कार्यको प्रमुख उद्देश्य हो । यी उद्देश्यहरू बुँदागत रूपमा निम्नानुसार रहेका छन् :

क) आर.आर.चौलागाईंको जीवनी बारे सत्यतथ्य जानकारी गर्नु ।

ख) आर.आर.चौलागाईंको साहित्यकार व्यक्तित्वका विभिन्न पाटाहरूको परिचय दिनु ।

ग) आर.आर.चौलागाईंको साहित्यिक योगदानको मूल्याङ्कन गर्नु ।

घ) उनका रचनागत प्रवृत्ति र मोडहरू पत्ता लगाई तिनको मूल्याङ्कन गर्नु र निष्कर्षमा पुग्नु ।

ङ) उनका पुस्तकाकार कृतिहरूको परिचयात्मक अध्ययन गर्नु ।

यिनै उद्देश्य पूरा गर्नेतर्फ यो शोधकार्य उन्मुख रहेको छ ।

## १.४ पूर्वकार्यको विवरण र समीक्षा

आर.आर.चौलागाईं नेपाली साहित्यमा मकवानपुरका स्रष्टाका रूपमा उल्लेख्य व्यक्तित्व हुन् । उनका बारेमा विभिन्न विद्वान्हरूले विभिन्न पुस्तक तथा पत्रिकामा छिटफुट

रूपमा चर्चा गरेका छन् तापनि उनको जीवनी, व्यक्तित्व र कृतित्वको विषयमा केन्द्रित रहेर अझैसम्म गहन अध्ययन हुन सकेको छैन । हालसम्म उनका बारेमा जे जति टिप्पणी र अध्ययन भएका छन्, तिनको कालक्रमिक विवरण निम्नानुसार प्रस्तुत गरिएको छ:

गिरिजा अधिकारीले *आस्था रोपेर मनका गराहरूमा सरसर्ती हेर्दा* शीर्षकमा कवि चौलागाईंले कविता मार्फत प्रगतिवादी चिन्तन पोखेका छन् । जीवन भोगाइको सेरोफेरोमा कवि वर्तमानको यथार्थलाई मिठो शैलीमा प्रस्तुत गर्न सक्षम देखिन्छन् र चौलागाईं यथार्थवादी कवि हुन् भनी उल्लेख गरेका छन् ।[१]

निमेष निखिलले **अभिव्यक्ति** द्वैमासिकको अङ्क १०४ (२०५८) मा *मकवानपुरका तीन कृति एक दृष्टि* शीर्षकमा चौलागाईंको **तुवाँलो भित्र र तुवाँलो बाहिर** कविता सङ्ग्रहको संक्षिप्त विश्लेषण गरेका छन् । उनले आर.आर.चौलागाईंलाई प्रगतिवादी मान्यताका कविका रूपमा उल्लेख गर्दै भाषिक सरलताका कवि आर.आर.चौलागाईंका रचनामा गरीखाने वर्गप्रति विशेष सहानुभूति पाइन्छ भनी उल्लेख गरेका छन् ।[२]

सञ्जय साहले **अभिव्यक्ति** द्वैमासिकको अङ्क १०४ मा *मकवानपुरे साहित्यको सङ्क्षिप्त चिनारी* भन्ने शीर्षकमा आर.आर.चौलागाईं मकवानपुरका सर्वाधिक काव्य कृतिका सर्जक हुन् भनी चर्चा गरेका छन् ।[३]

घनश्याम शर्माले **मधुपर्क** वर्ष ४१, अङ्क ८ पूर्णाङ्क ४७५ मा *मन छुने लघु कथाहरू* शीर्षकमा *अगुवाको चर्तिकला* शीर्षकदेखि *हाकिमको सरुवा* सम्मका लघु कथाहरूको पठनको यात्रामा कथाकार पाठकलाई समाजका विकृत पक्षहरू र भ्रष्ट एवम् अनैतिक चरित्रहरूसँग जम्काभेट गराइदिन सफल भएका छन् भनी उल्लेख गरेका छन् ।[४]

खिलप्रसाद बरालले **'मकवानपुरका कवि र कविता'** विषयमा शोध कार्य गरी त्रि.वि. नेपाली केन्द्रीय शिक्षण विभागमा बुझाएका छन् । यस शोध पत्रमा उनले आर.आर.चौलागाईंका कविता कृतिहरूको सङ्क्षिप्त चिनारी प्रस्तुत गर्दै आर.आर.चौलागाईं मकवानपुरका चर्चित कवि हुन् भनी उल्लेख गरेका छन् ।[५]

---

[१] गिरीजा अधिकारी *आस्था रोपेर मनका गहिराइहरूमा सरसर्ती हेर्दा,* **अभिव्यक्ति** (वर्ष ३५ पूर्णाङ्क ११९ असार २०६१) पृ. ११९ ।

[२] निमेष निखिल, *मकवानपुरका तीन कृति : एक दृष्टि,* **अभिव्यक्ति** (वर्ष ३२, २०५८) पृ. ४१-४४ ।

[३] सञ्जय साह, *मकवानपुरे साहित्यको सङ्क्षिप्त चिनारी,* **अभिव्यक्ति** (२०५८ अङ्क १०४) पृ. ७० ।

[४] घनश्याम शर्मा, *मन छुने लघु कथाहरू,* **मधुपर्क,** (वर्ष ४१ अङ्क ८ पूर्णाङ्क ४७५) ।

[५] खिलप्रसाद बराल, **मकवानपुरका कवि र कविता,** (अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर,काठमाडौं २०६२)पृ.६ ।

आठ दर्जन भन्दा बढी फुटकर लघु कथाहरू लेखेर आफूलाई कथाकारको रूपमा चिनाउन सफल भएका सर्जकमा आर.आर.चौलागाईं पर्दछन् भनी मोदनाथ पोखरेलले उल्लेख गरेका छन् ।[६]

अनन्त पौडेलले तमाम नेपाली जनता जो शोषण, अन्याय, अत्याचारको जाँतोभित्र पिल्सिइरहेका छन्, तिनीहरूलाई शून्यवाट सतहतिर उठाउने प्रयासमा केही प्रगतिशील साहित्यिक बन्धुहरूको सहयोगमा जनताको आँखा खोल्ने उद्देश्यले यो कविता सङ्ग्रह जन्मिएको हो भनी उल्लेख गरेका छन् ।[७]

**सामन्तीलाई चिठी** नामक कविता सङ्ग्रहले शोषित, पीडित नेपाली जनताहरूलाई पक्कै पनि देश र जनताको मुक्तिको लागि अग्रसर हुने प्रेरणा दिनेछ भन्ने मलाई विश्वास छ भनी पुष्पहरि जोशीले उल्लेख गरेका छन् ।[८]

आर.आर.चौलागाईं अर्थात् साहित्यिक यात्रामा निरन्तर हिँडिरहने मान्छे, कवि स्वाभावका मान्छे, जसले हेटौंडाको साहित्यिक सन्दर्भबारे केही कोट्याउँछ उसले चौलागाईंलाई औँलामा भाँचिहाल्छ भनी *सार्थक होऊन् यात्राका गीतहरू* शीर्षकमा मोदनाथ प्रश्रितले उल्लेख गरेका छन् ।[९]

दुवै युवा कविका तीनवटै बान्कीका कविताहरूको मूल स्वर व्यङ्ग्यका रूपमा मुखरित भएको छ । यिनका मूलतः सामाजिक विसङ्गति, आर्थिक विषमता, बौद्धिक विक्रय र पाखण्ड, नारी अस्मिताको अपहरण, वर्तमान राजनीतिक परिपाटी अर्न्तगतको सांस्कृतिक अराजकता, अवसरवाद र युवा दिशाहीनता माथि व्यङ्ग्य गरिएको छ भनी *चास्चचुस्स बारे दुई शव्द* शीर्षकमा खगेन्द्र सङ्ग्रौलाले उल्लेख गरेका छन् ।[१०]

कवितामा व्यङ्ग्य प्रस्तुति परोक्षतः सुष्ठु र मर्मस्पर्शी छ । काव्यिक विषयको एउटै परिधिवाट यिनले समाजका अनेक पक्षतिर लक्ष्य गरेर व्यङ्ग्यको आयुध चलाएका तथा यिनको व्यङ्ग्य शैली सरल र मौलिक रहनुका साथै सम्प्रेषणीयताको स्तरका दृष्टिले पनि कवि चौलागाईं सफल देखिन्छन् भनी घनश्याम न्यौपाने परिश्रमीले उल्लेख गरेका छन् ।[११]

---

[६] मोदनाथ पोखरेल, **मकवानपुरका कथाकारहरूको अध्ययन** (अप्रकाशित स्नातकोत्तर शोधपत्र नेपाली केन्द्रीय विभाग त्रि.वि. कीर्तिपुर, काठमाडौं २०६३) पृ. ६ ।

[७] अनन्त पौडेल, *दुई शब्द,* **सामन्तीलाई चिठी** (आर.आर.चौलागाईं -मूल लेखक) (काठमाडौं : लेखक स्वयम् २०३७) भूमिका ।

[८] पुष्पहरि जोशी, *शुभकामना,* **सामन्तीलाई चिठी** (आर.आर.चौलागाईं -मूल लेखक) (काठमाडौं : लेखक स्वयम् २०३७) भूमिका ।

[९] मोदनाथ प्रश्रित, *सार्थक होऊन्, यात्राका गीतहरू,* **यात्राका गीतहरू** (आर.आर.चौलागाईं -मूल लेखक)(मकवानपुरः राष्ट्रिय जनसांस्कृतिक मञ्च २०५३) भूमिका ।

[१०] खगेन्द्र संग्रौला, *चास्सचुस्सबारे दुई शब्द,* **चास्सचुस्स** (आर.आर.चौलागाईं - मूल लेखक) (काठमाडौं : लेखक स्वयम् २०५३) भूमिका ।

[११] घनश्याम न्यौपाने परिश्रमी, *एउटै कथ्य वृत्तका विविध कविता,* **कविता लेख्नु निरर्थक हुन्छ** (आर.आर.चौलागाईं - मूल लेखक) (हेटौंडाः अभिप्रकाशन २०५६) भूमिका ।

गोविन्द भट्टले **तुवाँलो भित्र र तुवाँलो बाहिर** (२०५४) कविता सङ्ग्रहमा *काँडाघारीबाट वसन्तको आह्वान* भन्ने शीर्षकको भूमिका लेखमा नारायणी अञ्चलका एक प्रतिभा कवि आर.आर. चौलागाईं अब पछि पनि यस्तै सिर्जनात्मक सक्रियता र जन पक्षीय प्रतिबद्धताका साथ अगाडि बढि रहने हो भने भविष्यमा नेपाली साहित्य एवम् समाजलाई उनीद्वारा गहकिला योगदानहरू मिल्ने आशा गर्न सकिन्छ भन्ने उल्लेख गरेका छन् ।[१२]

रमेश गोर्खालीले **आस्था रोपेर मनका गराहरूमा** (२०६०) को *भूमिका* लेखमा मकवानपुरे कवि आर.आर.चौलागाईंले आफ्ना समुन्नत रचनाहरूले चौथो दशकदेखि नेपाली साहित्यको सेवा गरेको भेटिन्छ र यिनको काव्यिक साधना अन्यायका लागि प्रेरक रहेको छ भन्ने उल्लेख गरेका छन् ।[१३]

साहित्यकार रासाले समाजमा जरो गाडेर बसिरहेका विकृति, विसङ्गतिहरूप्रति चोटिलो प्रहार गर्नु यिनको लेखनको अभीष्ट हो भन्दै यही ध्येय पूरा गर्नका लागि यिनी अनवरत आफ्नो सशक्त कलम जोतिरहेका छन् भन्ने उल्लेख **विघटनको तयारीमा** लघु कथा सङ्ग्रहको टिप्पणीमा गरेका छन् ।[१४]

नारायण तिवारीले **विघटनको तयारीमा** २०६५, को भूमिका लेखमा आर. आर. चौलागाईं, सिर्जना र व्यवहारमा सामीप्यता चाहने इमान्दारी, नैतिकता र साँचो कार्यलाई गम्भीरताका साथ बहन गर्ने साहित्यकार हुन् भनी चिनाएका छन् ।[१५]

साम्ब ढकालले **विघटनको तयारीमा** २०६५, को पछिल्लो गाताको भित्र पट्टि टिप्पणीमा मान्छेले मान्छेसित मानवोचित व्यवहार प्रदर्शनार्थ घच्घच्याउन आर.आर.चौलागाईं कथा, लघु कथा लेखि रहन्छन् भन्ने उल्लेख गरेका छन् ।[१६]

माथि उल्लिखित विवरणबाट साहित्यकार **आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको** बारेमा केही चर्चा भए पनि उनको बारेमा विस्तृत रूपले अध्ययन अनुसन्धान भएको छैन । त्यसैले यस शोधकार्यमा चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र अध्ययन गरिएको छ ।

## १.५ शोधको औचित्य र महत्त्व

---

[१२] गोविन्द भट्ट,*काँडाघारीबाट वसन्तको आव्हान,* **तुवाँलो भित्र र तुवाँलो बाहिर** (आर.आर.चौलागाईं - मूल लेखक) (वीरगञ्ज :प्रतीक प्रकाशन समूह प्रा.लि. २०५४) भूमिका ।

[१३] रमेश गोर्खाली, *आस्थाका कविको सामाजिक न्याय र सिद्धान्तवादसूचक मनोद्वन्द्व,* **आस्था रोपेर मनका गराहरूमा**, (आर.आर.चौलागाईं - मूल लेखक) (हेटौंडा : अभिप्रकाशन २०६०) भूमिका ।

[१४] रासा, *टिप्पणी,* **विघटनको तयारीमा** (आर.आर.चौलागाईं - मूल लेखक) (काठमाडौं : विष्णु ओझा २०६५) अघिल्लो गाता ।

[१५] नारायण तिवारी, *विघटनको तयारीमा बारे सबै सबै अक्षरहरूमा प्रकट भए झैं,* **विघटनको तयारीमा**, (आर.आर.चौलागाईं - मूल लेखक) (काठमाडौं : विष्णु ओझा २०६५) भूमिका ।

[१६] साम्ब ढकाल, *टिप्पणी,* **विघटनको तयारीमा**, (आर.आर.चौलागाईं - मूल लेखक) (काठमाडौं : विष्णु ओझा २०६५) पछिल्लो गाता ।

विगत तीन दशकदेखि अटुट रूपमा साहित्य साधना गर्दै आएका आर.आर.चौलागाईं मकवानपुरका स्रष्टाहरूमध्येका एक चर्चित व्यक्तित्व हुन् । नेपाली साहित्यको श्रीवृद्धिमा सशक्त कलम चलाएका स्रष्टाको बारेमा सुव्यवस्थित र विस्तृत अध्ययन अनुसन्धान गर्नु उपयुक्त देखिन्छ । उनका कृतिबाट प्राप्त भएका सन्देश, भाव तथा विचारहरू समाजका लागि समेत प्रेरणादायी र पथप्रदर्शक साहित्यिक स्रोतका रूपमा रहने र यी अभिलेखहरू व्यक्ति विशेषले पुस्तकीय ढाँचामा उल्लेख गरी राख्दा भावी पुस्ताका सबै प्रकारका जिज्ञासुहरू लाभान्वित हुने हुँदा यसको महत्त्व निकै देखिन्छ र सो कार्य पूर्ण हुन सकेमा **आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्व** विषयक शोधपत्रको औचित्य पुष्टि हुन आउँछ ।

## १.६ शोधकार्यको क्षेत्र र सीमा

यो शोधपत्र **आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** मूल विषयमा केन्द्रित रहेको छ । यस अन्तर्गत उनका जीवनका प्रमुख घटनाक्रमहरूलाई यस शोधकार्यको जीवनी पक्षमा समेटिएको छ भने उनका व्यक्तित्वका विविध पाटाहरूलाई व्यक्तित्व पक्षमा समेटिनुका साथै उनका कृतिहरूलाई कृतित्व पक्षमा समेटिएको छ । यसको लागि उनका वि.सं.२०३७-२०६५ सम्म प्रकाशित पुस्तकाकार कृतिहरूको अध्ययन गर्नु यस शोध कार्यको सीमा निर्धारण गरिएको छ भने त्यसपछिका फुटकर रचनाहरूको सामान्य झलक मात्र प्रस्तुत गर्नु पनि यस शोध कार्यको सीमाभित्र रहेको छ ।

## १.७ शोधविधि र सामग्री सङ्कलन पद्धति

यहाँ शोधविधि र सामग्री सङ्कलन पद्धतिलाई छुट्टाछुट्टै शीर्षकमा राखेर प्रस्तुत गरिएको छ ।

### १.७.१ शोधविधि

साहित्यकार आर.आर.चौलागाईंको जीवनी र व्यक्तित्व सम्बन्धी लेखनकार्यमा ऐतिहासिक पद्धतिलाई अँगालिएकोछ भने कृतित्व सम्बन्धी लेखनकार्यमा समालोचनाका सामान्य सिद्धान्तलाई अँगालिएको छ ।

#### १.७.१.१ अन्तर्वार्ता र भेटघाट

प्रस्तुत शोधपत्र तयार पार्दा शोधनायकसँग लिइएको अन्तर्वार्ता, विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित शोधनायकका अन्तर्वार्ताहरू, शोधनायकका आफन्त र साथीहरू, समकालीन तथा उत्तरवर्ती साहित्यकारहरूसँग लिखित र मौखिक जानकारी लिने प्रक्रियालाई अवलम्बन गरिएको छ । यसरी उपर्युक्त अध्ययन विधिहरू अपनाइए पनि शोधनायक आर.आर.चौलागाईंबाट प्रकाशित कृतिहरू नै अध्ययनका मूल स्रोत रहेका छन् । जीवनी र व्यक्तित्वका क्रममा शोधनायकसँग लिइएको मौखिक जानकारीलाई नै सामग्रीको स्रोत मानिएको छ ।

### १.७.१.२ पुस्तकालयीय अध्ययन पद्धति

प्रस्तुत शोधपत्र तयार पार्ने क्रममा शोधनायकका पुस्तकाकार कृतिहरूका साथै शोधनायकका बारेमा विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित भएका लेख, रचना, समालोचना, पुस्तकहरूमा लेखिएका विषयवस्तुहरूको अध्ययन पुस्तकालयीय पद्धतिका आधारमा गरिएको छ ।

#### १.७.१.३ सैद्धान्तिक ढाँचा

प्रस्तुत शोधकार्य अन्तर्गत **साहित्यकार आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको विश्लेषण र मूल्याङ्कन गर्ने क्रममा पुस्तकालयीय र क्षेत्रीय पद्धतिबाट सङ्कलित सामग्रीलाई परम्परित र वैज्ञानिक दुवै सैद्धान्तिक पद्धतिको आवश्यक उपयोगद्वारा अध्ययन र विश्लेषण गरिएको छ । जीवनी र व्यक्तित्वको लागि जीवनीपरक समालोचना पद्धतिको अवलम्बन गरिएको छ ।

## १.७.२ सामग्री सङ्कलन पद्धति

**साहित्यकार आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको विश्लेषणका लागि सामग्री सङ्कलन गर्दा पुस्तकालयीय अध्ययन पद्धतिलाई सामग्री सङ्कलनको मूल आधार बनाइएको छ । शोधनायक जीवित भएकोले आवश्यकता अनुसार भेटघाट, प्रश्नावली, अन्तर्वार्ता जस्ता क्षेत्रीय पद्धतिलाई पनि अपनाइएको छ ।

## १.८ शोधपत्रको रूपरेखा

प्रस्तुत शोधकार्यलाई व्यवस्थित एवम् सुसङ्गठित ढाँचामा प्रस्तुत गर्नका लागि विभिन्न परिच्छेद, उप-परिच्छेद, शीर्षक, उपशीर्षक, परिशिष्ट सन्दर्भसूची आदिमा यसरी विभाजन गरिएकोछ :

परिच्छेद-एक : **शोधपरिचय**

परिच्छेद-दुई : **आर.आर.चौलागाईंको जीवनी**

परिच्छेद-तीन : **आर.आर.चौलागाईंको व्यक्तित्व**

परिच्छेद-चार : **आर.आर.चौलागाईंको कृतित्वको अध्ययन**

परिच्छेद-पाँच : **उपसंहार एवम् निष्कर्ष**

यसरी प्रत्येक परिच्छेदलाई अलगअलग अध्ययन गरी आन्तरिक र बाह्य संरचनाद्वारा सन्दर्भ ग्रन्थसूचीका साथै परिशिष्ट खण्ड समेत समावेश गरी सर्वाङ्गपूर्ण शोधपत्र तयार गरिएको छ ।

## परिच्छेद : दुई

# साहित्यकार आर.आर.चौलागाईंको जीवनीको अध्ययन

## २.१ पृष्ठभूमि

'जीवनी' शब्द 'जीवन' बाट बनेको हो । यसले कुनै पनि व्यक्ति विशेषको जीवनको लेखन भन्ने बुझाउँछ । जीवनी भनेको जीवनभर गरेका कामकुराको क्रमबद्ध लेखन वा कथन हो ।[१७] भनिन्छ जीवन कुमालेको चक्र जस्तै हो । धर्तीमा जन्म लिई सकेपछि जीवन भोगाइका क्रममा आउने अनेक घुम्ती, मोड र चरणहरू पार गर्दै मानिसको जीवन अगाडि बढ्छ । यसरी जीवनको रथलाई अगाडि बढाउँदै लैजाने क्रममा व्यक्ति बाँचेको पारिवारिक, सामाजिक परिवेश र नीति नियमहरूले व्यक्तिको जीवनमा निकै महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । कुनै पनि व्यक्तिको व्यक्तित्व निर्माण तथा उत्थान र पतनमा पारिवारिक तथा सामाजिक जीवन भोगाइका घटना सन्दर्भहरू परिपूरक भएर आएका हुन्छन्। जीवनका विभिन्न शृङ्खलाबद्ध यात्राहरूलाई अगाडि बढाउँदै लैजाने क्रममा यो अमूल्य जीवनको महत्त्वलाई बुझेर सत्कर्ममा मन लगाएर जो व्यक्ति कर्मठ र सङ्घर्षशील बन्छ त्यसैको जीवन नै सार्थक जीवन बन्दछ र त्यस्तो सार्थक जीवन नै अविस्मरणीय र अनुकरणीय जीवनी बन्दछ । जीवनको यही सार्थक अभिव्यक्तिलाई आत्मसात् गर्दै साहित्ययात्रालाई अगाडि बढाउने व्यक्तित्वहरूमध्ये आर.आर. चौलागाईं पनि एक हुन् । कुनै खास व्यक्तिको व्यक्तिगत जीवनका विभिन्न पाटाहरूको अध्ययन गर्नु नै जीवनीको मुख्य अभिप्राय भएकाले यहाँ यसै विषय अन्तर्गत रहेर आर. आर. चौलागाईंका जीवनका महत्त्वपूर्ण पक्षहरू र विविध उतारचढावहरूलाई केलाउने उद्देश्य स्वरूप प्रस्तुत शोधग्रन्थमा आर.आर. चौलागाईंको जीवनका विभिन्न पक्षको चर्चा गरिएको छ ।

[१] मोहनहिमांशु थापा, **साहित्य परिचय** पाँचौं संस्क. (ललितपुर: साझा प्रकाशन २०६६), पृ. २०२ ।

## २.२ जन्म र जन्मस्थान

साहित्यकार आर.आर. चौलागाईंको जन्म वि.सं. २०१८ चैत्र ११ गते शनिबार वाग्मती अञ्चल सिन्धुपाल्चोक जिल्लाको सिपापोखरी गा.वि.स. वार्ड नं. २ को सुन्दरीपुर भन्ने ठाउँमा भएको हो ।[१८] उनका पिताको नाम स्व. इन्द्रप्रसाद चौलागाईं र माताको नाम स्व. यमुनादेवी चौलागाईं हो ।[१९] सामान्य साक्षर यिनै दम्पतीका दोस्रो सन्तानका रूपमा जन्मिएका साहित्यकार आर.आर. चौलागाईंको न्वारनको नाम रेमकान्त र माता-पिताले राखिदिएको वास्ताविक नाम रेवतीरमण हो भने साहित्यिक उपनाम आर.आर. चौलागाईं हो ।[२०] यिनका एक दिदी र चार बहिनीहरू छन्, यिनी परिवारका एक्ला छोरा हुन् । यिनले पञ्चायत कालमा शासकहरूको वक्रदृष्टिबाट तथा प्रशासनिक झमेलाबाट बच्नको लागि र अग्रजहरूको साहित्यिक उपनामबाट प्रभावित भएर साहित्यिक उपनाम राखेको बताएका छन् ।[२१] वाग्मती अञ्चलको सिन्धुपाल्चोकमा जन्मेका साहित्यकार आर.आर. चौलागाईं हाल मकवानपुर जिल्लाका स्थायी बासिन्दा हुन् ।

## २.३ वंश परम्परा, बाल्यकाल र उपनयन

आर.आर. चौलागाईंका पूर्खाहरू सिन्धुपाल्चोक जिल्लामा पर्ने सिपापोखरी गा.वि.स.को सुन्दरीपुर भन्ने ठाउँमा करिब २०० वर्ष अघिबाट बसोबास गर्दै आएको र पछि वि.सं.२०२२ तिर बसाइँसराईको क्रममा मकवानपुर जिल्लामा पर्ने हेटौंडा नगरपालिकाको गरदोहीमा आएर बुवा इन्द्रप्रसाद चौलागाईं बसोवास गरेको जानकारी स्वयम् आर.आर. चौलागाईंबाट प्राप्त भएको छ ।[२२] ४ वर्षको हुँदा जन्मस्थान छोडेर माता पिताको साथमा हेटौंडाको गरदोहीमा बसाइँ आएका चौलागाईंले अन्य बालकहरू जस्तै चङ्गा उडाउने, डण्डीबियो, गट्टा, गुच्चा र ढ्याक खेल्नुका साथै गोठालो जाँदा कर्रा खोलामा साथीहरू बलराम थिङ, डोलराज गिरी, हरिशरण गिरी सँग पौडी खेलेको स्मरण अहिलेसम्म ताजा रहेको सम्झना गरेका छन् ।[२३] पितृसत्तात्मक समाजमा परिवारको एक्लो छोराको रूपमा अत्यन्त मायालु वातावरणमा आफ्नो बाल्यकाल गुजारेका चौलागाईंको हिन्दूपरम्परा अनुसार आठ वर्षको उमेरमा व्रतबन्ध भएको जानकारी प्राप्त भएको छ ।[२४] यसरी

[२] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[१९] ऐजन ।
[२०] ऐजन ।
[२१] ऐजन ।
[२२] ऐजन ।
[२३] ऐजन ।
[२४] ऐजन ।

आफ्ना बालसखाहरूसँग रमाइलो गर्नुका साथै मातापिताको अगाध स्नेहपूर्ण वातावरणमा चौलागाईंको बाल्यकालीन जीवन सुखपूर्वक बितेको देखिन्छ ।

## २.४ शिक्षादीक्षा

आर.आर. चौलागाईंको प्रारम्भकालीन शिक्षा आफ्नै घरबाट प्रारम्भ भएको हो । उनले चार वर्षको उमेरदेखि नै आफ्ना पितासँग साउँ अक्षरहरू पढ्न लेख्न सिकेका हुन् ।[२५] त्यसपछि छिमेकी टोलमा बसेका एक जना गुरुसँग प्रारम्भिक शिक्षा प्राप्त गरी आठ वर्षको उमेरमा भुटनदेवी मा.वि.मा कक्षा दुईबाट पढाइ सुरु गरी त्यही विद्यालयबाट २०३६ सालमा द्वितीय श्रेणीमा प्रवेशिका परीक्षा पास गरेका हुन् ।[२६] आर.आर. चौलागाईंका पिता आफ्नो छोरालाई धेरै पढाएर ठूलो मान्छे बनाउन चाहन्थे, तर तत्कालीन समयमा मकवानपुरमा कुनै पनि क्याम्पस नभएको र आर.आर. चौलागाईं नौ-दस कक्षा पढ्दादेखि नै विद्यार्थी राजनीतितिर लागेकाले प्रवेशिका पछिको पढाइलाई निरन्तरता दिन सकेका थिएनन् ।[२७] पछि हेटौंडामा मकवानपुर बहुमुखी क्याम्पसको स्थापना भएपछि उनी क्याम्पस भर्ना भए तर सक्रिय राजनीति र जीविकोपार्जनको लागि जागिरतिर लागेका चौलागाईं परीक्षामा सामेल हुन सकेका थिएनन् ।[२८] उनले २०५० सालमा वीरगञ्जको ठाकुराम क्याम्पसमा केन्द्र राखी मानविकी सङ्काय अन्तर्गत मूल विषय नेपाली लिएर प्राइभेट परीक्षा प्रणालीद्वारा स्नातक तहसम्मको पढाइ पूरा गरेको जानकारी प्राप्त भएको छ ।[२९] यसरी विविध कारणले आफ्नो पढाइलाई बीचमै छाडेका चौलागाईंले पछिल्लो समयमा स्वाध्ययनबाट स्नातक तहसम्मको अध्ययन गरेको देखिन्छ ।

## २.५ वैवाहिक तथा पारिवारिक स्थिति

आर.आर. चौलागाईंको विवाह २०३९ सालमा मनहरी निवासी पिता टीका बहादुर ओझा र माता रेनुका ओझाकी सुपुत्री विष्णु ओझासँग प्रेमपछिको जनवादी विवाह भएको हो ।[३०] यसरी परम्परागत विधिविधान भन्दा ठीक विपरीत ढङ्गले उनीहरूले बिहे सम्पन्न गर्न खोजेको कारणले गर्दा उनका परिवारले साथ दिएका थिएनन् र तत्कालीन माले र वर्तमान ने.क.पा.ए.मालेले बिहेको

[२५] ऐजन ।
[२६] ऐजन ।
[२७] ऐजन ।
[२८] ऐजन ।
[२९] ऐजन ।

[३०] ऐजन ।

आयोजना गरी ३ नं. पुलको उत्तरपट्टि चुरे जङ्गलमा उनको जनवादी विवाह सम्पन्न भएको र यो विवाहपछि चौलागाईंका मातापिता उनीसँग रिसाएको जानकारी प्राप्त भएको छ ।[३१] हाल यिनका एक छोरी र एक छोरा छन् । पहिलो सन्तानको रूपमा जन्मिएकी छोरी अभिलाषा चौलागाईं अहिले पढाइको सिलसिलामा काठमाडौंमा र छोरा अभियान चौलागाईं पनि पढाइको क्रममा अस्ट्रेलियामा बस्दै आएका छन् भने चौलागाईंका माता पिता दुवै जनाको देहान्त भैसकेको जानकारी प्राप्त भएको छ । [३२] यसरी परम्परागत मान्यताभन्दा ठीक विपरीत ढङ्गले विवाह गरी आफ्नै मातापिताको नजरमा हेय पात्र बन्न पुगेका चौलागाईंको जीवन वर्तमान समयमा भने सानो र सुखी परिवारमा खुसीसाथ बितिरहेको देखिन्छ ।

## २.६ आर्थिक अवस्था र पेसा

आर.आर. चौलागाईंको जन्म मध्यम वर्गीय ब्राह्मण परिवारमा भएको हो । गरदोहीमा गरी खानको लागि प्रशस्त जग्गा जमिन भएकोले विवाहपूर्वसम्म उनलाई आर्थिक अभावको सामना गर्नु परेको थिएन तर अहिलेको सम्पन्न अवस्थासम्म आइपुग्न भने उनले निकै सङ्घर्ष गर्नु परेको थियो ।[३३] उनले प्रेमविवाह गरेकै कारणले घरमा पैतृक सम्पत्ति प्रशस्त भएपनि घरका सम्पूर्ण परिवारद्वारा अपहेलित भएर खाली हात घरबाट निकालिनु पऱ्यो । पैतृक सम्पत्ति तथा पारिवारिक सहयोग उनलाई प्राप्त भएको थिएन ।[३४] यसरी घरबाट निकालिएपछि चौलागाईं दम्पतीले निकै सङ्घर्ष गरे र दुवै जनाको कमाइले हे.न.पा.को मित्रनगरमा सुविधायुक्त घरको निर्माण गरी स-परिवार बसोबास गर्दै आइरहेका छन् ।[३५] चौलागाईंकी श्रीमती विष्णु ओझा पनि हाल 'नारी सीप सृजना केन्द्रमा' जागिरे भएकोले उनीहरूले आर्थिक अभावको सामना गर्नु परेको छैन ।[३६] यसरी परिवारमा आफूले लिएको फरक निर्णयका कारण घरबाट निकालिएपछि केही समय ज्यादै सङ्घर्ष गरेको बुझिए तापनि दुवै जनाको मेहनत र सङ्घर्षले अहिले उनीहरूको जीवन सुखी रहेको देखिन्छ ।

## २.७ कार्यक्षेत्रमा प्रवेश

आर.आर. चौलागाईंले प्रेवेशिका परीक्षा उत्तीर्ण गरे लगत्तै तत्कालीन अम्बिका प्रा.वि. मजुरधापमा एक वर्ष शिक्षण पेसा अँगालेर कार्य क्षेत्रमा प्रवेश गरेका हुन् ।[३७] उनले वि.सं. २०३८

---

[३१] ऐजन ।
[३२] ऐजन ।
[३३] ऐजन ।
[३४] शोधनायककी श्रीमतीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[३५] शोधनायक सँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[३६] ऐजन ।
[३७] ऐजन ।

देखि २०३९ सम्म हेटौंडा सिमेन्ट उद्योगमा काम गरेका थिए । यसै उद्योगमा काम गर्दा उनी मजदुर आन्दोलनमा सहभागी भएकाले पक्राउ परी दुई महिना वीरगञ्ज कारागारमा थुनामा परेका थिए जसले गर्दा त्यो जागिर पनि गएको थियो ।[३८] त्यसपछि लोकसेवा आयोग पास गरी २०४१ सालतिर उनले पालुङ हेल्थपोस्टमा काम गरेका थिए । त्यसको तीन महिनापछि नेपाल विद्युत प्राधिकरणमा पनि नाम निस्किए पछि उनी त्यहाँ क्लर्कको पदमा जागिरे भएका थिए । २६ वर्ष अगाडि नेपाल विद्युत प्राधिकरणमा क्लर्कको पदबाट सेवा सुरु गरेका चौलागाईं अहिले लेखापालको पदमा कार्यरत छन् ।[३९] यसरी शिक्षक पेसाबाट जागिरे जीवनमा प्रवेश गरेका चौलागाईं कहिले सिमेन्ट उद्योग त कहिले हेल्थपोस्टमा कार्यरत हुँदै आएर हाल नेपाल विद्युत प्राधिकरणको लेखापाल पदमा रहेर आफ्नो प्रशासनिक दायित्व निर्वाह गरिरहेका छन् ।

## २.८ लेखनका लागि प्रेरणा र प्रभाव

श्रमिक, मजदुर, समाजका निमुखा तथा पिछडिएका वर्गप्रतिको सहानुभूति र समाजमा भएका असमानता, बेथिति र विकृतिहरू नै चौलागाईंको जीवनका प्रेरणा र प्रभावको प्रमुख कारक बनेको छ । चौलागाईंका परिवारका सदस्य कसैलाई पनि साहित्यप्रति रुचि नभएकोले उनले लेखनका लागि परिवारबाट प्रेरणा पाएका थिएनन् । चौलागाईंलाई 'कविता लेखेमा ठूलो मान्छे भइन्छ' भनेर सर्वप्रथम साहित्यप्रति रुचि जगाइदिने काम भुटनदेवी मा.वि.का तत्कालीन नेपाली शिक्षक धर्मदत्त न्यौपानेले गरेका हुन् ।[४०] गुरुबाट प्रेरणा पाएर १३-१४ वर्षको उमेरदेखि नै कविता लेख्न सुरु गरेका चौलागाईंले १५ वर्षको उमेरमा कविता सङ्ग्रह तयार पारी छाप्नको लागि मातापितासँग आग्रह गरेको तर मातापिताले उनको आग्रहलाई नसुनेको जानकारी प्राप्त हुन्छ ।[४१] यसरी कविता लेख्दै जाने क्रममा कक्षा नौमा अध्ययनरत रहँदा जिल्ला स्तरीय मा.वि. तहका कविता गोष्ठीमा *इच्छा* शीर्षकको कविता सुनाउँदा प्रथम स्थान हासिल गरेपछि झनै अन्तर्हृदयदेखि नै कविता लेख्न प्रेरणा मिलेको उनले बताएका छन् ।[४२] भोका, नाङ्गा, निमुखा र पिछडिएको वर्गप्रतिको सहानुभूति, समसामयिक राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यकारहरूका कृतिहरूको अध्ययनबाट प्राप्त ज्ञान, अनुभव र सामाजिक जीवनको पर्यावलोकन नै आर.आर. चौलागाईंको

[३८] ऐजन ।
[३९] ऐजन ।
[४०] ऐजन ।
[४१] ऐजन ।
[४२] ऐजन ।

साहित्यिक यात्राको प्रेरणा र प्रभावको स्रोत भएको अवगत हुन्छ ।[४३] यसरी साहित्यप्रति रुचि राख्ने चौलागाईं नेपाली साहित्यकारहरू वि.पी. कोइराला, पारिजात, भूपी शेरचन, महाकवि लक्ष्मीप्रसाद देवकोटा र विदेशी स्रष्टाहरूमा माक्सिम गोर्की, लुसुन, अन्तोन चेखोव, प्रेमचन्द आदिका कृतिहरूले पनि आफूलाई साहित्य लेखनप्रति लागिरहन प्रेरणा मिलेको बताएका छन् भने जीवनजगत्का ऊहापोहका क्रममा भोगिने विभिन्न भोगाइहरू र मन छुने खालका घटनाक्रमहरू, समाजमा व्याप्त हिंसा, राजनीतिक खिचातानीले उत्पन्न अन्योल, हुने खाने र हुँदा खाने बीचको द्वन्द्व जस्ता बेथितिहरूबाट आहत भएर आफू साहित्य लेखनतर्फ लागेको चौलागाईंले बताएका छन् ।[४४] यी सबैको प्रेरणा र प्रभावको साथसाथै आर.आर. चौलागाईं स्वयम्को सानैदेखि साहित्यप्रतिको अनुराग नै सबैभन्दा ठूलो साहित्य लेखनको प्रभाव र प्रेरणाको स्रोत हो भन्न सकिन्छ ।

## २.९ दिनचर्या

हरेक मानिसका आ-आफ्नै दिनचर्या हुन्छन् । बिहान उठेदेखि बेलुका नसुतुन्जेलसम्मको दैनिक क्रियाकलाप नै दिनचर्या हो । आर.आर.चौलागाईंको पनि आफ्नै किसिमको दिनचर्या छ । उनको उठ्ने समय सधैँ एकैनासको हुन्छ । उनी हरेक दिन बिहान ५ बजे उठ्छन् । ५ बजे उठेर एक गिलास तातो पानी र एक कप चिया पिएर आफ्नो नित्य कर्म सिध्याउँछन् । त्यसपछि नजिकैको पसलबाट आफैँ पत्रिका ल्याएर पढ्ने र टिभी बाट प्रसारण हुने समाचार सुन्ने र हेर्ने गर्छन् । ताजा समाचारको बारेमा जानकारी प्राप्त गरिसकेपछि मेल चेक गर्छन्, फेसबुक खोल्छन् र केही समय सङ्गीत सुनेर खाना खाएपछि १० बजे अफिस पुग्ने गर्छन् । हरेक कार्यमा इमान्दारिता हुनुपर्छ भन्ने मान्यता राख्ने चौलागाईंले आफूमा आइपरेको प्रशासनिक दायित्वलाई इमान्दारिताका साथ निर्वाह गरेका छन् ।[४५] दिनभरिको प्रशासनिक कार्यपछि साँझ ५ बजे उनी घर फर्कन्छन् । बेलुकीको खाना खाएर बि.बि.सी. नेपाली सेवा सुनेपछि केही समय एकान्तमा बसेर साहित्यिक कृतिहरूको अध्ययन गर्दछन् र फुऱ्यो भने बेलुकीकै समयमा कविता कोर्छन् र करिब साढे दस बजेतिर विश्राम गर्छन् । उनी अधिकांश रचनाहरू एक बसाइँमा नै पूरा गर्छन् । यसरी प्रशासनिक कार्यभार सम्हाल्दै, साहित्यिक सृजनामा आफ्नो कलम चलाउँदै र बिदाका दिनमा कुनै न कुनै साहित्यिक कार्यक्रममा सहभागिता जनाउँदै आफ्ना दिनचर्या व्यतीत गरिरहेका छन् ।[४६] बिहान पाँच बजे उठेदेखि विभिन्न

[४३] ऐजन ।
[४४] ऐजन ।
[४५] ऐजन ।
[४६] ऐजन ।

क्रियाकलापमा संलग्न रहँदै बेलुका साढे दस बजेतिर विश्राम गरी आफ्नो दैनिक कार्य सम्पन्न गर्ने आर.आर. चौलागाईंका प्रायः सबै दिनहरू यसरी नै नियमित रूपमा बितेको देखिन्छ ।

## २.१० ईश्वरप्रतिको आस्था

सनातन हिन्दू परपम्पराबाट प्रभावित परिवारमा आर.आर. चौलागाईंको जन्म भएको हो । बाल्यकालमा यिनी ईश्वरप्रति अत्यन्तै भक्तिभाव राख्ने भएकाले ८-९ कक्षामा पढ्दाको समयमा हरेक दिन बिहान घर नजिकैको इनारमा नुहाइ-धुवाइ गरी चोखो जल ल्याएर पूजा पाठ गरेर, घरका सबैलाई प्रसाद बाँडेर मात्रै चिया पिउने गर्थे ।[४७] जब २०३६-०३७ सालतिर उनी प्रगतिवादी चिन्तनतिर लागे, तब भने भगवान् मान्छेले बनाएको मन्दिर तथा मूर्तिभित्र होइन मान्छेभित्रै छन् र स्वर्ग, नर्क भन्ने कुरा यही धर्तीभित्रै छन् भन्ने उनलाई महसुस भएको थियो । श्रम गर्ने व्यक्तिहरूलाई नै उनी भगवान्को रूप मान्छन् । उनी अहिले पनि मन्दिर जान्छन् तर भगवान्प्रति आस्था राखेर पूजा गर्न वा भगवान् भेटिन्छ भनेर होइन कि घुम्ने र हेर्ने इच्छा पूरा गर्नको लागि मात्र । यस्तो अवसरमा कसैले दिए प्रसाद र टीका पनि ग्रहण गर्छन्, किनभने आफूले मठमन्दिरको पूजा अर्चना नगरे पनि अरूको आस्थामा चोट पुऱ्याउन चाहँदैनन् ।[४८] भोका, नाङ्गा, दीन दुःखीहरू तथा श्रम गर्ने श्रमिकहरू नै भगवान् हुन् र उनीहरूको सेवा नै पूजा हो भन्ने मान्यता आर.आर. चौलागाईंको रहेको छ ।[४९] यसरी बाल्यकालमा भगवान्प्रति अत्यन्तै आस्था र विश्वास राख्ने चौलागाईंमा उमेर सँगसँगै चेतानाको विकासले मानव निर्मित मठमन्दिरका ढुङ्गाका मूर्तिलाई फूल, अक्षताले सजाउनु धर्म होइन, दीनदुःखी तथा श्रमिकहरू नै भगवान् हुन् जसको मेहनत र परिश्रमले यो धर्ती हराभरा हुन्छ र सुकिलामुकिला व्यक्तित्वहरू तिनै परिश्रमी हातहरूले फलाएका अन्न खाएर आफ्नो जीवनयापन गर्छन्, त्यसैले त्यस्ता दीनदुःखी तथा श्रमिक मजदुर र किसानहरूको सेवा नै धर्म हो भन्ने चौलागाईंको मान्यता रहेको देखिन्छ ।

## २.११ रुचि तथा स्वभाव

लेखन कार्यमा विशेष रुचि भएका आर.आर.चौलागाईं नयाँ पुस्तक खोजी-खोजी पढ्न र सङ्कलन गर्न मन पराउने गर्दछन् ।[५०] उनी पुरानो सामाजिक विषयवस्तु बोकेका हिन्दी तथा नेपाली

[४७] ऐजन ।
[४८] ऐजन ।
[४९] ऐजन ।
[५०] ऐजन ।

सिनेमा हेर्न र आफूले हेरेका त्यस्ता सिनेमाहरूको सिडी सङ्कलन गरेर राख्न मन पराउँछन् । जसले गर्दा उनको घरको एउटा सानो दराज सिनेमाका सिडीहरूले भरिएको जानकारी प्राप्त हुन्छ ।[५१] सङ्गीतमा अत्यन्तै रुचि राख्ने चौलागाईं फुर्सदको समयमा गीत सुन्न मन पराउने गर्दछन् ।[५२] चिया उनको अम्मल हो । खानामा पिरो रहित सादा दाल, भात, तरकारी मन पराउने चौलागाईंलाई बिहानको खानामा दही र बेलुकीको खानामा दुधको तर अनिवार्य चाहिन्छ ।[५३] सादा दालभातका अतिरिक्त प्राप्त भएसम्म चौलागाईंलाई भुटेको मकै, भटमास र सुख्खा रोटी पनि मन पर्छ ।[५४] सादा पहिरन लगाउन मन पराउने चौलागाईंको आफ्नो कपडा आफैँ धुने, आफ्नो लागि चाहिने सामान आफैँ किनेर ल्याउने बानी छ ।[५५] उनी अत्यन्त सरल मिजासको भएको हुँदा धूर्त मानिसहरूले उनीबाट फाइदा लुट्छन् । अत्यन्त स्वाभिमानी, अरूलाई हेप्न, चेप्न नचाहने र अरूले आफूलाई हेपेको थाहा भएमा त्यो पनि नसहने, त्यसमा सम्झौता नगर्ने चौलागाईंको आदत छ र अलिकति जिद्दी स्वभावका पनि छन् ।[५६] रीतिरिवाज, धर्म, संस्कृति मान्नुपर्छ तर समय अनुरूप परिमार्जित हुँदै जानुपर्छ, अन्धविश्वासलाई मान्नु हुँदैन, भन्ने मान्यता राख्ने चौलागाईं सरल प्रकृतिका भद्र स्वभिमानी र निस्वार्थी स्वभावका धनी मान्छे हुन् ।[५७] किताब पढ्न, सङ्गीत सुन्न र मौका मिले नयाँ ठाउँमा घुम्न निस्कन पनि उनले रुचि राख्ने गर्छन् ।

पहिला-पहिला फुटबल खेल्नमा पनि उनको विशेष रुचि रहेको थाहा पाइन्छ ।[५८] यसरी पुस्तक पत्रपत्रिका अध्ययन गर्न, सङ्गीत सुन्न र नयाँ ठाउँको अवलोकन गर्नमा आर.आर. चौलागाईंको विशेष रुचि रहेको देखिन्छ ।

## २.१२ भ्रमण

सिन्धुपाल्चोकको सुन्दरीपुरमा जन्मिएका आर.आर. चौलागाईं ४ वर्षकै उमेरमा जन्मथलो छोडी मातापिताको साथमा हेटौंडा आएका थिए । भ्रमणकै लागि कुनै ठाउँमा नगए पनि २०४८ सालतिर गाउँगाउँमा जनजागरण र चेतना फैलाउने उद्देश्यले सांस्कृतिक टोली लिएर गीत गाउँदै, गितार बजाउँदै मकवानपुर जिल्लाका प्रायः सबै भू-भागको भ्रमण गरेको उनले बताएका छन् ।[५९]

---

[५१] ऐजन ।
[५२] ऐजन ।
[५३] शोधनायककी पत्नीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[५४] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[५५] शोधनायककी पत्नीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[५६] ऐजन ।
[५७] ऐजन ।
[५८] साहित्यकार साम्ब ढकालसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[५९] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

नेपालको पूर्वी जिल्लाहरू झापा, इलाम, मोरङ्ग, नारायणी अञ्चलका प्रायः सबै भू-भागहरू र राष्ट्रिय मुक्तक प्रतियोगितामा प्रथम भई लमजुङसम्म पुगेका र पश्चिममा पोखरा, बुटवलसम्म पुगेका चौलागाईंले पोखराको मनोरम दृश्यहरूले आफूलाई लोभ्याएको बताएका छन् ।[६०] चौलागाईं साहित्य यात्राको क्रममा भुटान र भारतको सिक्किमसम्म पुगेका छन् भने नेपालको हिमाली भेगहरूको भ्रमण गर्ने इच्छा रहेको उनले बताएका छन् ।[६१] यसरी साहित्यिक र जनजागरण क्रियाकलापको लागि स्वदेश र विदेशका विभिन्न ठाउँ घुमेका चौलागाईं भ्रमणको लागि विशुद्ध पर्यटक भएर भने कतै पुगेको देखिँदैन ।

## २.१३ स्मरणीय दुःखसुखका क्षणहरू

वि.सं. २०३९ मा प्रेम विवाह गरेपछि आफू खुसी विवाह गरेको भन्दै आफ्नै मातापिताले घरबाट निकाल्दाको क्षण चौलागाईंलाई नरमाइलो लागेको छ । घरबाट अलग्गिएर टाढा बस्दाका प्रायः सबैजसो क्षण दुःखमय भएपनि त्यसलाई जीवनका ऊहापोहका क्रममा आइपरेका शृङ्खला मान्ने चौलागाईं २०६३ आषाढ २० गते घरायसी कामको साथै **विघटनको तयारीमा** लघु कथा सङ्ग्रह निकाल्ने तयारीको लागि काठमाडौं जाने क्रममा मुग्लिन नारायणगढ खण्डको जलबिरे भन्ने ठाउँमा दुर्घटनामा परी सबैले आशा गुमाएको अवस्थामा बाँचेर पुनर्जीवन पाएको अवस्थालाई उनी कहिल्यै भुल्न सक्दैनन् ।[६२] चौलागाईंले सबैभन्दा खुसीको अनुभव १६ वर्षको उमेरमा कक्षा नौमा अध्ययनरत रहँदा जिल्ला स्तरीय मा.वि. कविता गोष्ठीमा *इच्छा* कविता सुनाएर प्रथम हुदाँ गरेका थिए ।[६३] २०५४ सालमा राष्ट्रिय स्तरका थुप्रै साहित्यिक प्रतियोगितामा प्रथम हुँदाका क्षणहरूमा आफू अत्यन्तै खुसी भएको अभिव्यक्ति उनले दिएका छन् । [६४] जीवनका यिनै तितामिठा अनुभूतिहरूलाई स्मृति बिम्बका रूपमा सँगाल्दै साहित्यकार आर.आर.चौलागाईंको जीवनयात्रा अगाडि बढिरहेको देखिन्छ ।

## २.१४ साहित्यिक मान्यता र जीवनदर्शन

[६०] ऐजन ।
[६१] ऐजन ।
[६२] ऐजन ।
[६३] ऐजन ।
[६४] ऐजन ।

आर.आर. चौलागाईंको विचारमा साहित्य समाजको दर्पणको साथसाथै मार्गदर्शक पनि हो ।[६५] कहिलेकाँही साहित्य लेखेर एउटा स्रष्टा अन्तर्हृदयदेखि तृप्त हुन्छ, त्यसैले उसले लेख्छ तर साहित्य भनेको केवल स्वान्तः सुखको लागि मात्रै होइन, समाजोपयोगी हुनुपर्दछ भन्ने मान्यता आर.आर. चौलागाईंको रहेको छ ।[६६] उनका विचारमा साहित्यमा समाज खरो रूपमा उत्रिएको हुनुपर्दछ, साहित्यले समाजलाई परिवर्तनको बाटो देखाउनुपर्छ र साहित्य भनेको समग्र मानवजातिको लागि हुनुपर्छ ।[६७] व्यक्तिपिच्छे भाषा र प्रस्तुतीकरणमा भिन्नता भएपनि साहित्य पढ्दा सजीवताको अनुभूति हुनेखालको हुनुपर्छ भन्ने चौलागाईंले भाषा क्लिष्ट र दुरूह नभई सरल हुनुपर्ने मान्यता राखेका छन् ।[६८] साहित्य लेखन कुनै पनि विशेष वर्गको लागि मात्र लक्षित हुनु हुँदैन भन्ने चौलागाईं सबै पाठकको लागि क्लिष्टता आवश्यक नभएको ठान्छन् ।[६९] भाषामा सजीवता ल्याउनको लागि लेखनमा पनि बोलीचालीको भाषा प्रयोग गरिनुपर्छ भन्ने उनको राय रहेको छ ।[७०] मानव जीवन यही सिद्धान्त तथा दर्शनमा आधारित हुनुपर्छ भन्ने छैन तर मान्छेले मान्छेलाई सदैव मानवोचित व्यवहार गर्नुपर्छ भन्ने उनको धारणा छ ।[७१] समाजको बेथिति र विसङ्गतिप्रति तीखो व्यङ्ग्य प्रहार गर्ने चौलागाईं परहित, सामाजिक भलाइ र उदात्त मानवीय गुणका साथै राष्ट्रवादी विचारका धनी व्यक्ति हुन् ।[७२] निमुखा वर्गको उत्थानको निम्ति सबै सदैव प्रयत्नरत रहनुपर्छ भन्ने विचार चौलागाईंको रहेको छ ।[७३] यसरी साहित्य समाजको पथप्रदर्शक भएको हुनाले सर्वसाधारण मानिसले पनि बुझ्न र त्यसको भावग्रहण गर्न सक्ने सरस, सहज र सरल हुनुपर्छ र मानवजीवन मानवकै हितको निम्ति हुनुपर्छ भन्ने धारणा चौलागाईंको रहेको देखिन्छ ।

## २.१५ सम्मान र पुरस्कार

चौध/पन्ध्र वर्षको उमेरदेखि नै सिर्जनशील प्रतिभाको परिचय दिन आरम्भ गरेका चौलागाईंको साहित्य साधनाले २०३४/३५ सालदेखि निरन्तरता पाइरहेको देखिन्छ । साधनाका क्रममा कविताका माध्यमबाट साहित्यमा प्रवेश गरेका चौलागाईंले लघु कथा विधामा पनि प्रसिद्धि कमाएका छन् । वि.सं. २०३४ मा मकवानपुर जिल्लास्तरीय अन्तर मा.वि. कवितागोष्ठीमा *इच्छा*

[६५] ऐजन ।
[६६] ऐजन ।
[६७] ऐजन ।
[६८] ऐजन ।
[६९] ऐजन ।
[७०] ऐजन ।
[७१] ऐजन ।
[७२] ऐजन ।
[७३] ऐजन ।

शीर्षकको कविता सुनाएर उनले प्रथम पुरस्कार प्राप्त गरेका थिए ।[७४] मकवानपुर साहित्य प्रतिभा पुरस्कार २०५२, बृहत् प्रतियोगितात्मक राष्ट्रिय कवि सम्मेलन २०५४ सालमा सान्त्वना पुरस्कार, राष्ट्रिय कविता महोत्सव २०५४ मा द्वितीय पुरस्कार, राष्ट्रव्यापी कविता प्रतियोगिता २०५५ सालमा प्रथम पुरस्कार, राष्ट्रव्यापी लघु कथा प्रतियोगिता २०५५ सालमा उत्कृष्ट प्रतिभा पुरस्कार र राष्ट्रव्यापी मुक्तक प्रतियोगिता २०५६ सालमा प्रथम पुरस्कार प्राप्त गरेका चौलागाईंलाई समता साहित्यिक परिवार-इलामबाट २०५४ सालमा, हेटौंडा एकेडेमी - हेटौंडाबाट २०५७ सालमा, मृगतृष्णा साहित्य डबली-मकवानपुरबाट २०६१ सालमा, देवकोटा बन्धु समाज - मकवानपुरबाट २०६१ सालमा, साहित्य सञ्जाल रौतहट, चन्द्रनिगाहपुरबाट २०६५ सालमा र मातृभूमि साहित्य समाज-हेटौंडाबाट २०६६ सालमा स्रष्टा सम्मान प्राप्त भएको छ ।[७५]यसरी साहित्यकार आर.आर. चौलागाईंको साहित्यिक योगदानप्रति सरकारी तवरबाट कुनै चासो नदेखाइए तापनि विभिन्न सङ्घसंस्थाले भने उनको योगदानको मूल्याङ्कन र कदर गरेको देखिन्छ ।

## २.१६ सङ्घ-संस्थासँगको आबद्धता

साहित्यकार आर.आर. चौलागाईं विभिन्न सङ्घ-संस्थामा आवद्ध रहेका छन् । उनले अनेरास्ववियु मकवानपुरको पहिलो अध्यक्ष भई वि.सं.२०३६ देखि ०३८ सम्म काम गरेका थिए ।[७६] उनी सा.स.म.का संस्थापक संयोजक, पूर्व अध्यक्ष तथा हाल साधारण सदस्य, प्रगतिशील लेखक संघ, मकवानपुरका पूर्व केन्द्रीय सदस्य तथा हाल मकवानपुरका सल्लाहकार, सिस्नुपानी नेपाल, हेटौंडाका सल्लाहकार तथा आजीवन सदस्य, जनसांस्कृतिक मञ्च मकवानपुरका संस्थापक सदस्यका रूपमा रहेका छन् । [७७] यसरी चौलागाईंले विभिन्न सङ्घ-संस्थासँग आबद्ध रही कार्य गरेको देखिन्छ ।

## २.१७ सारांश

साहित्यकार आर.आर. चौलागाईंका पुर्खाहरूको पुर्ख्यौली थलो सिन्धुपाल्चोक जिल्लाको सुन्दरीपुर हो । यिनका पुर्खाहरूको मुख्य पेसा कृषि हो । पिता इन्द्रप्रसाद चौलागाईं र माता यमुनादेवी चौलागाईंका कोखबाट २०१८ साल चैत्र ११ गते सिन्धुपाल्चोकमा जन्मिएका चौलागाईं ४

[७४] ऐजन ।
[७५] ऐजन ।
[७६] ऐजन ।
[७७] ऐजन ।

वर्षको उमेरमा माता-पितासँग बसाइँ सराइँको क्रममा हेटौंडा आएका हुन् । हेटौंडाको गरदोहीमा आफ्ना बालसखाहरूसँग विभिन्न बालक्रीडामा रमाउँदै चौलागाईंको बाल्यकाल बितेको थियो । सामान्य लेखपढ गर्न सक्ने आफ्ना पिताबाट नै उनको शिक्षारम्भ भयो । चौलागाईंले वि.सं. २०३६ सालमा एस.एल.सी. उत्तीर्ण गरेपनि विविध कारणले पढाइलाई निरन्तरता दिन नसकेपछि २०५० सालबाट वीरगञ्जको ठाकुराम क्याम्पसलाई केन्द्र राखी प्राइभेट परीक्षा प्रणालीद्वारा स्नातक तह सम्मको पढाइ पूरा गरेका छन् । मनहरी निवासी पिता टीकाबहादुर ओझा र माता रेनुका ओझाकी छोरी विष्णु ओझासँग वैवाहिक बन्धनमा बाँधिएका आर.आर. चौलागाईंका दुई सन्तान छन् । २६ वर्ष अगाडि क्लर्कको पदबाट प्रशासनिक क्षेत्रमा प्रवेश गरेका चौलागाईं हालसम्म पनि नेपाल विद्युत प्राधिकरणको लेखापाल पदमा कार्यरत रहेको पाइन्छ । समाजमा भएका बेथिति, विकृति, असमानता र अस्तव्यस्ततादेखि आहत भएका चौलागाईं समाजका भोका, नाङ्गा, निमुखा, शोषित, पीडित र पिछडिएका वर्गका दुःखलाई नजिकबाट नियाल्दै साहित्यमा तिनैका उत्थानका लागि निरन्तर आफ्नो कलम चलाइ रहन्छन् । साहित्य समाजको दर्पण हो, साहित्यले समाजलाई परिवर्तनको बाटो देखाउनुपर्छ, साहित्य सम्पूर्ण मानवजातिको लागि हुनुपर्छ भन्ने चौलागाईं यही धर्ती नै स्वर्ग हो र यही धर्तीमा श्रम गर्ने श्रमिकहरू नै देवता हुन् भन्ने मान्यता राख्छन् । समाजमा भएका विकृति र विसङ्गति विरुद्ध विद्रोहको धावा बोल्ने, समाजमा व्याप्त अन्याय, अत्याचार र असमानताको निर्भय र निडरताका साथ आफ्नो मत प्रकट गर्ने, समाजमा रहेका भोकानाङ्गा, निम्छरा निमुखा, दीनहीन वर्गप्रति सहानुभूतिको भाव प्रकट गर्ने, भावुक र संवेदनशील प्रकृतिका चौलागाईं नेपाली साहित्य जगत्का एक सिद्धहस्त साहित्य साधक हुन् ।

# परिच्छेद : तीन

# साहित्यकार आर.आर.चौलागाईंको व्यक्तित्वको अध्ययन

## ३.१ पृष्ठभूमि

खास व्यक्तिमा हुने विशिष्टता, व्यक्तिको निजी विशेषता वा त्यसबाट अरूलाई प्रभावित पार्ने क्षमता वा व्यक्तिको प्रभावलाई नै व्यक्तित्व भनिन्छ ।[७८] कुनै पनि व्यक्तिको व्यक्तित्व नै उसका विशेषताहरूको परिचायक हुन्छ । सामान्यतया व्यक्तित्व दुई प्रकारका हुन्छन् -बाह्य र आन्तरिक । बाह्य व्यक्तित्व शारीरिक बनौट, रूपरङ्ग आदिसँग सम्बन्धित हुन्छ भने आन्तरिक व्यक्तित्व अन्तर्निहित गुण वा विशेषतासित सम्बन्धित हुन्छ । अतः यस शीर्षक अन्तर्गत आर.आर. चौलागाईंको बाह्य र आन्तरिक दुवै व्यक्तित्वलाई विभिन्न कोणबाट अध्ययन गरिएको छ ।

## ३.२ बाह्य व्यक्तित्व

मानिसको बाह्य व्यक्तित्व भनेको शारीरिक गठन हो जुन बाहिरबाट हेर्दा छर्लङ्ग देखिन्छ । आर.आर. चौलागाईंको आन्तरिक व्यक्तित्वसँगै बाह्य व्यक्तित्व पनि आकर्षक देखिन्छ । पाँच फिट छ इन्च उचाइ, असी के.जी. तौल, गोरो वर्ण बाटुलो अनुहार ठूलो निधार, उज्यालो मुखमण्डल, केही चिन्तन गरिरहे जस्तो मुखाकृति, शारीरिक रूपमा हृष्टपुष्ट देखिने एकाउन्न वसन्तमा प्रवेश गरेका चौलागाईंको अनुहार सधैं हँसिलो देखिन्छ । सधैं साधारण पहिरनमा रहने सरल विनम्र, मृदुभाषी र सहयोगी स्वभावका चौलागाईं जीवनका जस्तै कठिन परिस्थितिमा पनि धैर्य, साहस र सन्तुलन नगुमाईकन

[७८] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, **प्रयोगात्मक नेपाली शब्दकोश** दोस्रो संस्क. (काठमाडौं: विद्यार्थी प्रकाशन प्रा.लि. २०६३), पृ. ९२९ ।

जीवनमा सधैँ क्रियाशील रहिरहने साहसी र उच्च मनोबल भएका व्यक्तित्व हुन् ।[७९] आफू धेरै बोल्न भन्दा अरूले बोलेको सुन्न मन पराउने चौलागाईं सबैसँग मिलनसार, कसैसँग नरिसाउने केही अन्तर्मुखी प्रकृतिका व्यक्तित्व हुन् ।[८०] चौलागाईं स्पष्ट वक्ता स्वाभिमान र कर्ममा एक अम्मल पनि सर्त स्वीकार नगर्ने, सानालाई माया गर्ने, सबैसँग मिलनसार प्रवृत्ति भएका व्यक्तित्व हुन् ।[८१] चौलागाईंमा मानवतावादी भावना, राष्ट्रवादी चिन्तन, दया, करुणा, माया, विवेकशीलता संवेदनशीलता जस्ता भावनाहरू अत्यधिक मात्रामा पाइन्छ । यिनै कुराहरूले उनको बाह्य व्यक्तित्वलाई पनि निकै आकर्षक बनाएको छ । उनका यी बाह्य गुण वा विशेषताहरूले आन्तरिक व्यक्तित्वको पनि पर्याप्त जानकारी दिइरहेका छन् ।

## ३.३ आन्तरिक व्यक्तित्व

व्यक्तिभित्र अन्तर्निहित गुण, प्रतिभा क्षमता वा व्यक्तिमा निहित विशिष्टतालाई त्यस व्यक्तिको अन्तरिक व्यक्तित्व भनिन्छ । कुनै पनि मानिसको व्यक्तित्व उसको जीवनको उतारचढाव, क्रियाप्रतिक्रिया र जीवनभोगाइमा निर्भर गर्दछ । व्यक्तिको व्यक्तित्व निर्माणमा उसको पारिवारिक, सामाजिक, सांस्कृतिक, आर्थिक एवम् राजनैतिक पृष्ठभूमिले निर्णायक भूमिका खेलेको हुन्छ । यिनका अतिरिक्त शिक्षा-दीक्षा रुचि, पेसा, जीवनप्रतिको दृष्टिकोण पनि व्यक्तित्व निर्माणमा सहायक हुन्छ । आर.आर.चौलागाईंको समस्त व्यक्तित्व अध्ययन गर्दा उनको आन्तरिक व्यक्तित्व बहुमुखी देखिन्छ । चौलागाईंले नेपाली साहित्यको श्रीवृद्धि, समाजसेवा र राष्ट्रोन्नतिमा के-कति योगदान दिएका छन् भन्ने कुरा बुझ्न उनका जीवनका विभिन्न पाटाहरूको अध्ययन गर्नुपर्ने हुन्छ । उनको आन्तरिक व्यक्तित्वका पाटाहरूलाई साहित्यिक र साहित्येतर गरी दुई भागमा वर्गीकरण गरेर अध्ययन गरिएको छ ।

### ३.३.१ साहित्यिक व्यक्तित्व

[७९] साहित्यकार साम्ब ढकालसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[८०] साहित्यकार निमेष निखेलसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[८१] साहित्यकार ऋषि के.वी.सँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

वि.सं. २०३४ सालतिरबाट निरन्तर साहित्य-साधनामा जुटिरहेका आर.आर. चौलागाईंको विचारमा अन्तर्मनका भावनाहरूको शृङ्खलाबद्ध प्रस्तुति नै साहित्य हो ।[८२] चौलागाईंले कविता विधाबाट लेखन कार्य प्रारम्भ गरेका हुन् । वि.सं.२०३४ सालतिर विद्यार्थीहरूले निकालेका मुखपत्रमा *इच्छा* शीर्षकको कविता प्रकाशित गरी नेपाली साहित्यमा प्रवेश गरेका चौलागाईंको साहित्ययात्रा क्रमशः गतिशील बन्दै कविता, हाइकु, छोक, मुक्तक गीत, गजल, कथा, लघु कथा र निबन्ध लेखनसम्म फैलिएको पाइन्छ । उनका हालसम्म आठवटा कविता सङ्ग्रह, एउटा गीत सङ्ग्रह र एउटा लघु कथा सङ्ग्रह प्रकाशित भएका छन् भने थुप्रै फुटकर रचनाहरू विभिन्न पत्रपत्रिकामा प्रकाशित भैसकेका छन् । यिनै साहित्यिक कृतिहरूले चौलागाईंको साहित्यिक व्यक्तित्वलाई चिनाउने काम गरेका छन् । उनका कृतिमा गरीखाने वर्गप्रति विशेष सहानुभूति पाइनुका साथै मानवीय मूल्य मान्यताको खोजी, समाजमा व्याप्त विकृति र विसङ्गतिको विरोध, क्रान्तिकारी भाव, परिवर्तनको चाह, राष्ट्रप्रेम, भोका, नाङ्गा निमुखा र पिछडिएका वर्गको हक, हित र अधिकारको खोजी गरिएको पाइन्छ । विभिन्न साहित्यकारहरूले चौलागाईंको साहित्यिक व्यक्तित्वमाथि आ-आफ्नो ढङ्गले प्रकाश पारेका छन् । साहित्यकार निमेष निखिलका अनुसार आर.आर. चौलागाईं सरल भाषामा प्रगतिशील विचारले युक्त साहित्य सृजना गर्ने सर्जक हुन् ।[८३] साहित्यकार श्याम कुमार बानियाँका अनुसार, न्यायमूलक, परिष्कृत, प्रजातान्त्रिक राज्यव्यवस्थाको स्थापना र समतामूलक समाजको निर्माणमा आफ्ना सृजना मार्फत विद्रोहको उद्घोष गर्ने चौलागाईं एक कुशल साहित्यकार हुन् ।[८४] साहित्यकार हयग्रीव आचार्यका अनुसार चौलागाईं र साहित्य एक अर्काका परिपूरक जस्तै भएका छन् । हेटौंडामा विशेष साहित्य भन्ने बित्तिकै चौलागाईं जोडिन्छन् अनि चौलागाईं भन्ने बित्तिकै साहित्य आइहाल्छ । मूलतः उनी एक सफल साहित्यिक व्यक्तित्व भएका लेखक-कवि हुन् ।[८५] साहित्यकार साम्ब ढकालका अनुसार आफूलाई लागेको कुरा निर्भय र निडरताका साथ राख्नसक्ने, सरल र सहज एवम् बोधगम्य रचना शैलीले सबै कृतिहरूमा निम्छरा वर्गहरूको

---

[८२] शोधनायक सँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[८३] साहित्यकार निमेष निखिलसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[८४] साहित्यकार श्यामकुमार बाँनियासँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[८५] साहित्यकार हयग्रीव आचार्यसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

बोली मिसाउने राष्ट्रिय स्तरमै चर्चामा रहेका मोफसलका स्रष्टा हुन् ।[८६] साहित्यकार युग पाठकका अनुसार चौलागाईंले साहित्यलाई समाजमा रहेका तमाम विकृति, विसङ्गतिहरूको उत्खनन र आलोचनाका निम्ति प्रयोग गरेका छन् । जनताको आम मनोविज्ञानलाई साहित्यिक अभिव्यक्ति दिन खप्पिस चौलागाईं प्रगतिशील धारासँग जोडिएका साहित्यिक व्यक्तित्व हुन् ।[८७] साहित्यकार आर.सी. रिजालका अनुसार चौलागाईं जनताका लागि लेख्ने प्रगतिशील विचारले ओतप्रोत भएका व्यक्तित्व हुन् ।[८८] यसरी चौलागाईंले नेपाली साहित्यको उत्थानमा पुऱ्याएको योगदानको बारेमा विभिन्न साहित्यकारहरूले आ-आफ्नो धारणा राखेका छन् । आर.आर. चौलागाईंको साहित्यिक व्यक्तित्वलाई यहाँ विभिन्न चरणमा वर्गीकरण गरी अध्ययन गरिएको छ ।

### ३.३.१.१ कवि व्यक्तित्व

आर.आर.चौलागाईंको सिर्जनाको सुरुवात कविताबाट भएको हो । २०३४ सालमा विद्यार्थीहरूले निकालेको मुखपत्रमा *इच्छा* शीर्षकको कविता प्रकाशित गरी नेपाली साहित्यको फाँटमा औपचारिक रूपमा प्रवेश गर्ने चौलागाईं अनवरत रूपमा साहित्य साधनारत देखिन्छन् । नेपाली साहित्यको अन्य विधामा पनि कलम चलाउने चौलागाईंको कवि व्यक्तित्व नै प्रमुख देखिन्छ । नेपाली साहित्यको फाँटमा कविको रूपमा परिचित चौलागाईंका हालसम्म आठवटा कविता सङ्ग्रहहरू **सामन्तीलाई चिठी** (२०३७), **नौलो बिहानी** (२०३७), **जिउँदा मानिसहरू** (२०४३), **चास्सचुस्स** (हाइकु, छोक र मुक्तक सङ्ग्रह २०५२) **बन्धनभित्रका अभिव्यक्तिहरू** (२०४६), **तुवाँलोभित्र र तुवाँलोबाहिर** (२०५४), **कविता लेख्नु निरर्थक हुन्छ** (२०५६), **आस्था रोपेर मनका गराहरूमा** (२०६०) प्रकाशित भैसकेका छन् भने केही फुटकर कविताहरू विभिन्न पत्रिकाहरूमा प्रकाशित भैरहेका छन् । यिनै फुटकर तथा सङ्ग्रहभित्र सङ्ग्रहित कविताहरूले चौलागाईंको कवि व्यक्तित्वलाई चिनाउने काम गरेका छन् । शोषित, पीडित जनताको मुक्तिको लागि परिवर्तन अपरिहार्य छ ।

[८६] साहित्यकार साम्ब ढकालसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[८७] साहित्यकार युग पाठकसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[८८] साहित्यकार आर.सी. रिजालसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

परिवर्तनका लागि जनता स्वयम् जुर्मुराएर उठ्नुपर्छ भन्ने खालका भावहरू चौलागाईंका कवितामा पाइन्छ ।[८९] कवितामा चौलागाईं सरस, सरल र सहज सम्प्रेषणीय देखिन्छन् । समाज उनको कच्चा पदार्थको स्रोत हो, कुनै अगोचर तथा दुर्बोध्य परलोक होइन । मानिसहरूको पीडा, चेतना, उच्छ्वास, खुसी तथा आँसु उनका कवितामा मिहिन ढङ्गले मिसिएका हुन्छन् । समाजमा विद्यमान समस्याहरूका सन्दर्भमा चासो र परिवर्तनकारी चेतनाको उभार उनका कविताहरूमा प्रतिबिम्बित हुन्छन् ।[९०] **सामन्तीलाई चिठी**, **जिउँदा मानिसहरू**, **नौलो बिहानी** जस्ता कविता सङ्ग्रहहरू तत्कालीन क्रान्तिकारी चेत र आन्दोलनका पदचापहरूले भरिएका छन् । सामन्ती समाजभित्र गरिबहरूको स्थिति, सामन्ती वर्गले चलाउने शोषणकारी समाज व्यवस्था र त्यस विरुद्ध विद्रोह चौलागाईंका कविताका मूल विषयवस्तु हुन् ।[९१] यसरी कविता विधाबाट साहित्य यात्रा सुरु गरेका चौलागाईंको अरू विधामा भन्दा कविता विधामा नै कलम चलेको देखिन्छ । नेपाली साहित्यको प्रगतिवादी धारा हुँदै प्रगतिशील धारमा रही सरल, सरस र सहज शैलीमा लेखिएका काव्य कृतिहरूले नेपाली साहित्यको काव्यफाँटलाई समृद्ध तुल्याएका चौलागाईंको कवि व्यक्तित्व उच्च रहेको छ ।

### ३.३.१.२ कथाकार व्यक्तित्व

कविताको क्षेत्रमा विशेष प्रसिद्धि पाएका आर.आर. चौलागाईंले कथा/लघु कथा विधामा पनि कलम चलाएका छन् । लामो कथातर्फ उनको हालसम्म एउटा मात्र *खहरेको भेल* शीर्षकको कथा प्रकाशित भएको छ भने विभिन्न समयमा विभिन्न पत्र पत्रिकामा प्रकाशित उनका फुटकर लघु कथाहरूलाई सङ्कलन गरी वि.सं.२०६५ भदौमा पुस्तकाकार कृतिका रूपमा **विघटनको तयारीमा** लघु कथा सङ्ग्रह प्रकाशित भएको छ ।[९२] यस लघु कथा सङ्ग्रहमा चौहत्तरवटा लघु कथाहरू समेटिएको देखिन्छ । यस लघु कथा सङ्ग्रहभित्रका कथाहरूमा चौलागाईंले समाज र यसको अवयवहरूका आसपासमा रहेका तमाम विकृति,

---

[८९] साहित्यकार मोदनाथ पोखरेलसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[९०] साहित्यकार युग पाठकसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[९१] ऐजन ।
[९२] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

विसङ्गति, सङ्कट, समस्या, घटना, विद्रूपता, पाखण्ड, आदिलाई तिखो व्यङ्ग्य प्रहार गरेका छन् ।[९३] चौलागाईं नेपाली लघु कथा लेखनीको एउटा खारिएको नाम हो । मोफसलमा रहेर नेपाली साहित्यमा कलम चलाइरहेका, जीवनका शाश्वत पक्षलाई शब्दका माध्यमबाट उजिल्याउन सक्ने विराट् सामर्थ्य भएका स्रष्टा चौलागाईंका कथाहरूमा सरलता, सुबोध्यता र मानवीय जीवनका नवीन आयामको साथै सामाजिक चेतनाका स्वरहरू मुखरित भएको पाइन्छ ।[९४] चौलागाईंका लघु कथाहरूले वर्तमान विभेदकारी सामाजिक संरचनाको विघटन चाहेका छन् । राजनीतिक साहित्यिक, सामाजिक, कर्मचारीतन्त्र आदि क्षेत्रहरूमा व्याप्त रहेका विसङ्गति, विकृतिको उछितो काढ्दै यस्ता कुसंस्कृति र कुविचारहरूको विघटनको तयारीमा उनको लघु कथा सङ्ग्रह लागिपरेको छ ।[९५] यसरी यी सरल र सहज शैलीमा लेखिएका छोटा आयामका लघु कथाहरूले चौलागाईंको कथाकार व्यक्तित्वको उद्घाटन गरेका छन् ।

### ३.३.१.३ हाइकु, छोक र मुक्तककार व्यक्तित्व

आर.आर. चौलागाईंले सिर्जनाको प्रारम्भ कविताबाट गरेका भए पनि हालसम्म उनका ६ वटा हाइकु, ६ वटा छोक र १२ वटा मुक्तक सङ्कलित भएको एउटा संयुक्त पुस्तकाकार कृति प्रकाशित भएको छ । **चास्सचुस्स** नामाकरण गरिएको यो संयुक्त कृतिका अर्का रचनाकार केशव श्रेष्ठ 'ज्योति' हुन् ।[९६] यी रचनाहरूमा मूलतः सामाजिक विसङ्गति आर्थिक विषमता, बौद्धिक विक्रय र पाखण्ड, नारी अस्मिताको अपहरण, वर्तमान राजनीतिक परिपाटी अन्तर्गतको सांस्कृतिक अराजकता अवसरवाद र युवा दिशाहीनतामाथि व्यङ्ग्य गरिएको छ ।[९७] चौलागाईंका मुक्तकहरू बढी खँदिला भए तापनि हाइकु र छोकको अति छोटो काया हुनाले ती छरिता र रोचक त छन् तर यथार्थका जटिलताहरूलाई उद्घाटित गर्न त्यति विघ्न सबल छैनन् ।[९८]

---

[९३] नरेन्द्र परासर, *विघटनको तयारीमा एक सङ्क्षिप्त टिप्पणी,* **अभिव्यक्ति** त्रैमासिक पत्रिका कार्तिक-मङ्सिर २०६७ पृ.५४ ।
[९४] श्रीबाबु कार्की 'उदास' *विघटनको तयारीमा एक फन्को,* **कौशिकी** मासिक (वर्ष ८, अङ्क७, पूर्णाङ्क ३३, ३१ चैत्र २०६५) पृ.१६७ ।
[९५] घनश्याम शर्मा *मन छुने लघुकथाहरू,* **मधुपर्क** (वर्ष ४१: अङ्क ८: पूर्णाङ्क ४७५ पुस २०६५) पृ. १४ ।
[९६] खगेन्द्र संग्रौला, *चास्सचुस्स बारे दुई शब्द,* **चास्सचुस्स** (काठमाण्डौः कवि द्वय २०५२) भूमिका ।
[९७] ऐजन ।
[९८] ऐजन ।

समग्रमा भन्दा आर.आर. चौलागाईंको हाइकु, छोक र मुक्तककार व्यक्तित्वले उत्कृष्टता पाउन अझै केही क्रियाशीलताको अपेक्षा गरेको छ ।

### ३.३.१.४ गीतकार व्यक्तित्व

नेपाली साहित्यको कविता फाँटबाट उदाएका आर.आर. चौलागाईं गीतकार पनि हुन् । उनको हालसम्म ४४ वटा गीतहरू सङ्कलित गरिएको **यात्राका गीतहरू** नामक पुस्तकाकार कृति प्रकाशित भएको छ । क्रान्ति र परिवर्तनप्रति विश्वास, परिवर्तनको निम्ति आफ्नै प्रयत्नको अठोट, मान्छेले मान्छे जस्तो भएर बाँच्न पाउने वातावरणको निम्ति, आग्रह, भाग्यवादमाथि प्रहार र प्रगतिवादप्रति प्रतिबद्धता, शोषण, दमनप्रति आक्रोश, पहाडी, मधिसेको एकताको कामना, भातृत्व र भगिनीत्व आदि विषयवस्तुलाई चौलागाईंका गीतहरूले अँगालेका छन् ।[९९] यस कृतिका ४४ वटा गीतहरूमध्ये १४ वटा सङ्गीतबद्ध भैसकेका छन् । क्रान्तिकारी चेतनाले भरिएका यी गीतहरूले चौलागाईंको गीतकार व्यक्तित्वलाई उजागर गरेका छन् ।

### ३.३.१.५ गजलकार व्यक्तित्व

आर.आर. चौलागाईंको सिर्जनाको प्रारम्भ कविताबाट भए तापनि हालसम्म उनका तीनवटा गजलहरू प्रकाशित भएका छन् । *पर्दा खस्यो* शीर्षकको एउटा गजल **युगभाका** पत्रिकामा र शीर्षक रहितका दुईवटा गजलहरू क्रमशः **मधुपर्क** र **गजल उत्सव** पत्रिकामा प्रकाशित भएका छन् । यी तीन गजलहरू बाहेक अन्य गजलहरू लेखेको तथा प्रकाशित नभएको देखिएकाले उनको गजलकार व्यक्तित्व गजल यात्राको प्रस्थान बिन्दुमै देखिन्छ ।

## ३.३.२ साहित्येतर व्यक्तित्व

साहित्यिक गतिविधिका अतिरिक्त समाज वा राष्ट्रका लागि व्यक्तिबाट गरिएका विविध क्रियाकलापहरू समेत त्यस व्यक्तिको व्यक्तित्वका परिचायक हुन् । आर.आर.

[९९] मोदनाथ प्रश्रित, *सार्थक होऊन् यात्राका गीतहरू*, **यात्राका गीतहरू**, पूर्ववत् ।

चौलागाईंको साहित्येतर व्यक्तित्वका सम्बन्धमा विभिन्न साहित्यकारहरूले यसप्रकार आ-आफ्नो धारणा व्यक्त गरेका छन् :-

युग पाठकका अनुसार समाजका चिन्ता र मानिसहरूको दुःखसँग जोडिरहन चाहने, समाज परिवर्तनको चाहना राख्ने आर.आर. चौलागाईं समाज सुधारक व्यक्तित्व हुन् ।[१००] मोदनाथ पोखरेलका अनुसार आन्तरिक रूपमा राजनैतिक क्षेत्रमा संलग्न चौलागाईंमा समाजसेवाको भावना पाइन्छ । सबैसँग घुलमिल हुनसक्ने क्षमता राख्ने आर.आर. चौलागाईं मिलनसार व्यक्तित्वका रूपमा रहेका छन् ।[१०१] एस.के. निधनका अनुसार राजनीतिमा बौद्धिक सक्रियता राख्ने, प्रलेस मकवानपुर र सासमका संस्थापक मध्येका एक आर.आर.चौलागाईं पेसाले नेपाल विद्युत प्राधिकरणमा आबद्ध, सफल, कुशल र इमान्दार अनि मिलनसार व्यक्तित्वका धनी छन् ।[१०२] साम्ब ढकालका अनुसार अनावश्यक होहल्लाको पछि नलाग्ने, आफूसँग सहयोग माग्न आउनेलाई सक्दो सहयोग गर्ने आर.आर.चौलागाईं सरल/मितभाषी र सहयोगी व्यक्तिका रूपमा चिनिन्छन् ।[१०३] पुरुषोत्तम आचार्यका अनुसार आर.आर.चौलागाईं एक सरल व्यक्तित्व भएका मृदुभाषी, समाज सुधारक र पछिल्लो पुस्ताका प्रेरक व्यक्तित्व हुन् ।[१०४] श्रीराम पाण्डेका अनुसार साधारण, मिजासिलो भद्र व्यक्तित्वका धनी आर.आर.चौलागाईं राजनीतिक रूपमा कुनै दलसँग आबद्ध भए पनि त्यस दलका वा अन्य दलका राजनीतिक पूर्वाग्रहभन्दा माथि उठेर आफूलाई चित्त नबुझेको कुराको स्पष्ट शब्दमा आलोचना गर्न पछि नपर्ने व्यक्तिका रूपमा परिचित छन् ।[१०५] यसरी हेर्दा सरल, मृदुभाषी, समाज सुधारक, राष्ट्रसेवी, राजनैतिक र बुद्धिजीवी, चिन्तनशील जस्ता साहित्येतर गतिविधिहरूले आर.आर.चौलागाईंको विविध व्यक्तित्व विकासमा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । आर.आर.चौलागाईंको साहित्येतर व्यक्तित्वलाई यहाँ विभिन्न चरणमा विभाजन गरी अध्ययन गरिएको छ ।

---

[१००] युग पाठकसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[१०१] मोदनाथ पोखरेलसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[१०२] एस.के. निधनसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[१०३] साम्ब ढकालसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[१०४] पुरुषोत्तम आचार्यसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[१०५] श्रीराम पाण्डेसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

### ३.३.२.१ सम्पादक व्यक्तित्व

आर.आर.चौलागाईंले विभिन्न पत्रपत्रिकाको सम्पादन गरी आफ्नो व्यक्तित्वको पाटो अझै उच्च बनाएको देखिन्छ । उनले **हेटौंडा सन्देश** (सामयिक सङ्कलन) २०३८, **श्रमिक** (सामयिक सङ्कलन) २०३९, **अविरल** (साहित्यिक त्रैमासिक) २०४७, **सत्प्रयास** ( विचारप्रधान साहित्यिक सँगालो) २०४९-२०५०, **क्रमशः** (सामयिक साहित्यिक सँगालो) २०५३, **दीपशिखा** (साहित्यिक त्रैमासिक) २०५३, **अजम्मरी नामहरू** (मकवानपुरे साहित्यिकारहरूको नामावली) २०५८, आदि जस्ता पत्रपत्रिकाको सम्पादन गरेको जानकारी प्राप्त भएको छ ।[१०६] यसरी विभिन्न पत्रपत्रिकाको सम्पादन गरी आर.आर.चौलागाईंले आफ्नो सम्पादक व्यक्तित्वलाई उच्च बनाएका छन् ।

### ३.३.२.२ राजनीतिक व्यक्तित्व

विद्यार्थी जीवनबाटै राजनीतितर्फ झुकाव राख्दै आएका चौलागाईंले अनेरास्ववियु मकवानपुरको पहिलो अध्यक्ष भई (२०३६-२०३८) काम गरेका थिए ।[१०७] यसरी विद्यार्थी जीवनबाटै विद्यार्थी हक, हित तथा देशमा विद्यमान पञ्चायती शासन व्यवस्थाका विरुद्ध लागेको अभियोगमा तत्कालीन प्रहरी प्रशासनले वि.सं. २०३७ मा पक्राउ गरी ६ महिना भीमफेदी कारागारमा थुनामा राखेको जानकारी प्राप्त भएको छ ।[१०८] त्यसै गरी वि.सं. २०३९ सालमा मजदुरहरूको हक, हित र अधिकारको लागि आन्दोलन गर्ने क्रममा पक्राउ परी दुई महिना वीरगंज कारागारमा र वि.सं. २०४६ को ऐतिहासिक जनआन्दोलनका क्रममा पक्राउ परी एक महिना वीरगञ्ज कारागारमा जेल जीवन बिताएको जानकारी प्राप्त भएको छ ।[१०९] यसका साथै आर.आर चौलागाईंले आफ्ना सशक्त रचनाहरू मार्फत २०६२-०६३ सालको दोस्रो जनआन्दोलनमा पनि सक्रिय सहभागिताका साथ लागी विशेष सहयोग पुऱ्याएको देखिन्छ । यसरी विद्यार्थी जीवनदेखि स्वच्छ मन लिएर सक्रिय राजनीतिक कार्यकर्ता भएर हिँडेका चौलागाईं पछिल्लो समयमा राजनीतिक विसङ्गतिहरूप्रति रुष्ट

[१०६] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[१०७] ऐजन ।
[१०८] ऐजन ।
[१०९] ऐजन ।

देखिन्छन् ।[११०] वि.सं. २०३५-०५० सम्म सक्रिय राजनीतिक यात्रामा लागेका र प्रजातन्त्र प्राप्तिपछि पनि राजनीतिक पार्टीहरूले देश र जनताको लागि भन्दा व्यक्तिगत स्वार्थमा आफूहरूलाई केन्द्रित गरेको नजिकबाट देखेपछि र स्वयम्लाई पनि उनीहरूले आफ्नो व्यक्तिगत स्वार्थको लागि प्रयोग गर्न लागेको थाहा भएपछि उनलाई राजनीतिक क्रियाकलापप्रति वितृष्णा जागेको देखिन्छ । [१११] यसरी विद्यार्थी जीवनबाटै स्वच्छ राजनीतितर्फ झुकाव राख्दै आएका चौलागाईंले प्रजातन्त्र स्थापनापछि देशमा दिगो शान्ति र प्रजातन्त्र स्थापनार्थ विकासको साथै तमाम भोका, नाङ्गा व्यक्तिहरूको जीवनस्तरमा पनि परिवर्तन होस् भन्ने चाहेका थिए तर सत्ता र भत्ताको लागि मात्र केन्द्रित राजनीतिले त्यस्तो रूप नदेखाए पछि चौलागाईं राजनीतिबाट टाढिएर विशुद्ध साहित्यकार बन्न पुगेका हुन् । फलस्वरूप पछिल्लो समयमा उनको राजनीतिक व्यक्तित्व सक्रिय देखिँदैन ।

### ३.३.२.३ प्रशासनिक व्यक्तित्व

आर.आर. चौलागाईंको प्रशासनिक व्यक्तित्व पनि महत्त्वपूर्ण देखिन्छ । प्रवेशिका परीक्षा उत्तीर्ण गरे लगतै तत्कालीन अम्बिका प्रा.वि. मजुरधापमा १ वर्ष शिक्षण पेसा अँगालेर कार्य क्षेत्रमा प्रवेश गरेका चौलागाईंले वि.सं. २०३८-०३९ सम्म हेटौंडा सिमेन्ट उद्योगमा काम गरेका थिए । हेटौंडा सिमेन्ट उद्योगमा कार्यरत रहँदा मजदुर आन्दोलनका क्रममा दुई महिना जेल पर्नुको साथै जागिर पनि खोसिएको थियो । वि.सं. २०४१ सालमा लोक सेवा आयोग पास गरी पालुङ हेल्थपोस्टमा कार्य सुरु गरेका चौलागाईंको तीन महिनापछि नेपाल विद्युत प्राधिकरणमा नाम निस्किए पछि उनी त्यहाँ क्लर्क पदमा जागिरे भएका थिए । २६ वर्ष अगाडि क्लर्कको पदबाट सेवा सुरु गरेका चौलागाईं हाल नेपाल विद्युत प्राधिकरणको लेखापाल पदमा कार्यरत छन् । दौंतरी दमालीहरूसँग मिठो मुस्कानका साथ हाँस्ने रमाउने प्रवृत्तिका चौलागाईं मिलनसार, इमान्दार, लगनशील, स्वाभिमानी र कुशल कर्मचारी हुन् ।[११२] उनको काम उनको क्षेत्रमा प्रशंसनीय छ । मिलनसार स्वभावका

[११०] रमेश मोहन अधिकारीसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[१११] शोधनायकसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[११२] तुलसी घिमिरेसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

कारण उनी कर्मचारी साथीहरू बीच पनि प्रिय बन्न पुगेका छन् ।[११३] चौलागाईंले आफ्नो जिम्मेवारी इमान्दारिता र सफलताका साथ पूरा गरी कुशल प्रशासकीय व्यक्तित्वको परिचय दिएका छन् ।[११४] कार्यालयको क्रममा अत्यन्त इमान्दार र लगनशील चौलागाईंले क्लर्क देखि लेखापाल सम्मको पदमा रहँदा आफूलाई इमान्दार, कुशल र लगनशील कर्मचारीका रूपमा स्थापित गरेका छन् ।

## ३.३.३ जीवनी, व्यक्तित्व र साहित्यिक लेखनबीचको अन्तरसम्बन्ध

आर.आर. चौलागाईंको पाँच दशक लामो जीवनावधिलाई हेर्दा उनको जीवन-चक्र विभिन्न परिवेशका माझबाट गुज्रेको देखिन्छ । सिन्धुपाल्चोकको सुन्दरीपुरमा जन्मिएका चौलागाईं मातापिताको साथमा चार वर्षको उमेरमा हेटौंडा आएका हुन् । प्रारम्भिक शिक्षा घरबाटै प्राप्त गरेका चौलागाईंले भुटनदेवी मा.वि.बाट प्रवेशिका परीक्षा उतीर्ण गरेका हुन् । मानव जीवनमा आइपर्ने विभिन्न उतारचढावका कारण पढाइलाई निरन्तरता दिन नसके तापनि चौलागाईंले वि.सं. २०५० देखि वीरगञ्जको ठाकुराम क्याम्पसलाई केन्द्र राखी प्राइभेट परीक्षा प्रणालीद्वारा स्नातक तह सम्मको परीक्षा उतीर्ण गरेका छन् । स्कुले जीवनबाटै विद्यार्थी आन्दोलन लागी सक्रिय राजनीतिक कार्यकर्ता भएर हिँडेका चौलागाईंले पटक-पटक जेलको यातना भोग्दै दिन बिताएको जानकारी पाइएको छ ।

बाल्यकालीन समय मातापिताको अगाध स्नेह, अभिभावकत्व र संरक्षणमा रही सुखपूर्वक बितेको भएपनि चौलागाईंको युवावस्था भने केही कष्टप्रद रहेको देखिन्छ । वि.सं. २०३९ मा प्रेम विवाह गरेपछि आफ्नाहरूद्वारा नै घरबाट निकालिएका चौलागाईंको जीवन निकै सङ्घर्षमय देखिन्छ । जीविकोपार्जनको लागि जागिरको खोजीमा उनी धेरैतिर भौंतारिन पुगेका थिए । विद्यार्थी जीवनदेखि जागिरे जीवनसम्मका यिनै तितामिठा अनुभवहरूबाट उनको साहित्यिक लेखन प्रशस्त प्रभावित रहेको देखिन्छ । एउटा साहित्यकारको लेखनीको मुख्य आधार भन्नु नै समाजमा भएका विकृति, विसङ्गति, अन्याय, अत्याचार नै हो ।[११५]

[११३] देवराज खरेलसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[११४] शोधनायककी श्रीमतीसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[११५] अनिता न्यौपानेसँगको लिखित अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

चौलागाईंलाई पनि विभिन्न प्रकारका मानिसहरूसँगको सम्पर्क, स्थानीय परिवेश, नेपालको राजनीतिक स्थिति, सामाजिक भेदभावका क्रियाकलापहरू तथा यस्तै प्रकारका आफूले देखे-भोगेका कुराहरूले साहित्य सिर्जनाका लागि आधार सामग्री प्रदान गरेका छन् । समाजमा भएका विकृति, विसङ्गति, अन्याय र अत्याचारलाई जरैदेखि उखेलेर मान्छे मान्छेका बीच मानवीय व्यवहारका लागि र समाजलाई मान्छे बस्न योग्य बनाउनका लागि प्रयत्नरत चौलागाईंका रचनाहरूमा जीवन भोगाइका कटु यथार्थ र यस्तै खाले विभिन्न भावानुभूतिहरू प्रस्फुटित भएका छन् । चौलागाईंको स्रष्टा व्यक्तित्वका विभिन्न पाटाहरूमध्ये कवि र लघु कथाकार व्यक्तित्व नै प्रमुख देखिन्छ । सरल र सुबोध्य भाषाशैली अँगाल्ने चौलागाईं पाठकहरूको मन जित्न सफल भएका छन् । राष्ट्र र समाजका विभिन्न परिवेशसँग परिचित चौलागाईं निरन्तर जोस र उत्साहका साथ साधनारत देखिन्छन् । यसरी आर.आर. चौलागाईंको जीवनी व्यक्तित्व र साहित्य सिर्जनाका बीच अन्तः सम्बन्ध स्पष्ट रूपमा परिलक्षित भएको पाइन्छ ।

## ३.३.४ सारांश

कुनै पनि व्यक्तिको वैयक्तिक विशेषतालाई देखाउने गुण नै व्यक्तित्व हो । व्यक्तिले आफ्नो जीवनमा गरेका विभिन्न क्रियाकलापहरूबाट उसको व्यक्तित्व निर्माण हुन्छ । एउटै व्यक्तिका विभिन्न व्यक्तित्वहरू हुन सक्छन् । कुनै पनि व्यक्तिको व्यक्तित्वलाई अध्ययन गर्दा उसको बाह्य र आन्तरिक व्यक्तित्वको अध्ययन गरिन्छ । चौलागाईंको व्यक्तित्वलाई पनि बाह्य र आन्तरिक गरी दुई किसिमले वर्गीकरण गरिएको छ । बाह्य व्यक्तित्वका रूपमा हेर्दा गहुँगोरो वर्ण, बाटुलो अनुहार, ठूलो निधार, पुष्ट शरीर, भावपूर्ण नयन, सरल, नम्र र मृदुभाषी व्यक्तित्वका रूपमा देखिन्छन् भने आन्तरिक व्यक्तित्वका रूपमा कवि व्यक्तित्व, हाइकु, छोक र मुक्तककार व्यक्तित्व, गीतकार व्यक्तित्व, कथाकार व्यक्तित्व, गजलकार व्यक्तित्व आदि रहेका छन् । उनको साहित्यिक व्यक्तित्वका विभिन्न पाटाहरू भए तापनि कवि व्यक्तित्व नै उच्च रहेको पाइन्छ । उनको साहित्येतर व्यक्तित्वमा सम्पादक, राजनीतिक, प्रशासनिक हुँदै अघि बढे तापनि आर्थिक प्रशासक व्यक्तित्व नै प्रमुख

व्यक्तित्वका रूपमा देखापरेको छ । समाजमा व्याप्त विकृति, विसङ्गति, शोषण, दमन, अन्याय, अत्याचार, भ्रष्टाचारको तीव्र विरोध गर्दै समानता, स्वतन्त्रता, राष्ट्रियता, मानवता र नारी अस्मिताको बारेमा आवाज उठाउने, चौलागाईंको लेखनीमा व्यङ्ग्य, विद्रोह देशभक्तिपूर्ण भाव, मानवतावादी भावना र गरीखाने वर्गप्रति विशेष सहानुभूति पाइन्छ ।

आर.आर.चौलागाईंको जीवनको विविध पाटा र पक्षहरूलाई केलाई उनका जीवनको पचासौँ वसन्तहरूका उपलब्धिहरूलाई नियाल्दा **सामन्तीलाई चिठी** लगायत आठवटा कविता सङग्रह, एउटा गीत सङ्ग्रह र एउटा लघु कथा सङ्ग्रह गरी दसवटा कृतिहरू प्रकाशित भएको पाइन्छ । यसका अतिरिक्त फुटकर कविता, कथा, मुक्तक, गजल आदि रचनाहरू विभिन्न पत्रपत्रिकाहरूमा प्रकाशित छन् । सामाजिक र राजनैतिक विकृति, विसङ्गति, जीवन भोगाइका आरोह-अवरोह, गरीखाने वर्गप्रति सहानुभूति, अग्रजप्रति सम्मान जस्ता भावहरूलाई यिनले आफ्ना रचनाका विषयवस्तु बनाएका छन् । चौलागाईंले आफ्ना रचनामा सत्ता र भत्ताका लागि लड्ने नेता र अन्योलग्रस्त जनता, हरक्षेत्रमा व्याप्त राजनीतीकरण, वर्तमान मानवमा देखिएको मानवीय मूल्यको ह्रास एवं वर्तमान युगीन विवेकशून्य विषम परिस्थिति आदिप्रति तीव्र व्यङ्ग्य प्रहार गरेका छन् । यसरी आर.आर.चौलागाईंले आफ्ना कृतिहरू मार्फत मकवानपुरे साहित्यिक धरोहरलाई उच्च बनाएका छन् ।

# परिच्छेद : चार

# साहित्यकार आर.आर.चौलागाईंका पुस्तकाकार कृतिहरूको अध्ययन

## ४.१ विषय प्रवेश

मकवानपुरे साहित्यमा आफ्नो छुट्टै स्थान बनाएका आर.आर.चौलागाईं आधुनिक पुस्ताका सक्रिय साहित्यकार हुन् । समाजमा विद्यमान विकृति, कुरीति, असमानता, भेदभाव जस्ता विविध विषयमा आधारित रही समाजका शोषक र सामन्ती वर्गहरूप्रति व्यङ्ग्यको झटारो हान्दै सुधारको अपेक्षा राख्ने चौलागाईं भाषिक सरलताका कवि हुन् । वि.सं.२०३४ सालतिर *इच्छा* कविता प्रकाशित गराएर औपचारिक रूपमा नेपाली साहित्यमा देखा परेका चौलागाईंका हालसम्म कविता, गीत र लघु कथा विधाका गरी दसवटा पुस्तकाकार कृतिहरू प्रकाशित भैसकेका छन् भने कतिपय फुटकर रचनाहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेका छन् । यस शीर्षक अन्तर्गत चौलागाईंका पुस्तकाकार कृतिहरूमध्ये कविता सङ्ग्रहहरूलाई कविता तत्वहरूको आधारमा, गीत सङ्ग्रहलाई गीतका तत्वहरूको आधारमा र कथा सङ्ग्रहलाई कथा तत्वहरूको आधारमा कृतिपरक अध्ययन गरिएको छ भने उनका फुटकर रचनाहरूको सरसर्ती कालक्रमिक विवरण मात्र प्रस्तुत गरिएको छ ।

### ४.१.१ सामन्तीलाई चिठी कविता सङ्ग्रहको अध्ययन

**सामन्तीलाई चिठी** आर.आर.चौलागाईंको प्रथम प्रकाशित कृति हो । यहाँ शीर्षक, संरचना, विषयवस्तु, रसभाव, दृष्टिबिन्दु, जीवनदृष्टि, लय/छन्द, भाषाशैली, अलङ्कार, बिम्ब र प्रतीक जस्ता कविताका तत्वहरूको आधारमा यस कविता सङ्ग्रहको अध्ययन गरिएको छ ।

### ४.१.१.१ शीर्षक

कुनै लेख, रचना, ग्रन्थ आदिको नामलाई शीर्षक भनिन्छ ।[११६] शरीरका निम्ति टाउकाको जुन स्थान छ, रचनाका निम्ति शीर्षकको त्यही स्थान छ ।[११७] शीर्षक कविताकृतिको नामकरण मात्र नभई कृतिका सारभूत भावविचारको सूचक सङ्केत वा उद्घाटक समेत हुनुपर्छ ।[११८] शीर्षकले कृतिभित्र समाविष्ट विषयवस्तुहरूको मूलभाव या सङ्केत गराउने सन्दर्भमा **सामन्तीलाई चिठी** कविता सङ्ग्रहभित्रका कविताहरूलाई हेर्दा तत्कालीन समयमा शोषक तथा सामन्तीवर्गद्वारा शोषित, पीडित जनताहरू आहत भएर अब सामन्ती वर्गदेखि नडराइकन, नहच्किकन आफ्नो हक हितको माग गर्दै सामन्ती वर्गलाई लल्कार्दै उनीहरूको कर्तुतहरूको खुलासा गर्दै चिठी लेख्न सक्ने भएका छन् भन्ने भाव बोकेको यस सङग्रहको शीर्षक सुहाँउदो र मिल्दोजुल्दो नै देखिन्छ ।

### ४.१.१.२ संरचना

विभिन्न अवयव वा घटकहरूको पारस्परिक सम्बन्धद्वारा निर्मित वस्तु वा कृतिको पूर्ण जीवन्त र स्वनिष्ठ अस्तित्वलाई संरचना भनिन्छ ।[११९] संरचना दुई प्रकारका हुन्छन्- आन्तरिक र बाह्य । कविताकृतिको बाह्य संरचना त्यसका लयात्मक खण्ड/गण र विश्राम भई पाउ/चरण वा पङ्क्तिविधान तथा पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेद योजना) सँगै थालिन्छ र त्यसका विविध भाग/परिच्छेद हुँदै विस्तारित हुन्छ अनि खण्डकाव्यमा पुग्दा सर्गयोजना पनि देखा पर्न सक्छ अनि महाकाव्यमा सर्गबन्ध अपरिहार्य नै रहन्छ ।[१२०] साहित्यिक सन्दर्भमा संरचनाको तात्पर्य भन्नु नै कृतिगत सङ्गठनको समग्र सिद्धान्त हो ।[१२१] **सामन्तीलाई चिठी** कविता सङ्ग्रहलाई संरचनागत रूपले हेर्दा विभिन्न आयामका १९ वटा गद्य कविताहरू सङ्कलित भएको ३२ पृष्ठको लघु आकारको कृति हो । वि.सं. २०३७ आषाढमा स्वयम् लेखककै प्रकाशत्वमा **प्रभात प्रिन्टिङ प्रेस भोटेछैं** काठमाडौंबाट एक हजार प्रति प्रकाशित भएको कविता सङ्ग्रह हो । प्रस्तुत कृतिको अग्रभागतिरै लेखकले *मेरो भनाइ* शीर्षकमा आफ्नो मन्तव्य राखेका छन् । त्यसपछि अनन्त पौड्यालले *दुई शब्द* शीर्षकमा र पुष्पहरि जोशीले *शुभकामना* शीर्षकमा आ-आफ्ना विचारहरू राखेका छन् । तमाम, भोका,

---

[११६] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई पूर्ववत्, पृ. ९४२ ।
[११७] नारायणप्रसाद खनाल, **समीक्षा प्रहर-प्रहरका** (नवलपरासीः त्रिवेणी साहित्य परिषद २०६१), पृ. १७७ ।
[११८] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, **नेपाली कविता भाग ४**, चौथो संस्क; (ललितपुरः साझा प्रकाशन २०६०) पृ. १७ ।
[११९] खगेन्द्रप्रसाद लुइँटेल, **कविताको संरचनात्मक विश्लेषण**, (काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६२), पृ. ४८ ।
[१२०] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुबेदी पूर्ववत्, पृ. १७-१८ ।
[१२१] खगेन्द्रप्रसाद लुइँटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत् पृ. ४८ ।

नाङ्गा, शोषित, पीडित जनताहरूप्रति समर्पण गरिएको प्रस्तुत कृतिको प्रथम कविता नै कृतिको शीर्षक बन्न पुगेको छ । प्रस्तुत कृतिमा कविताका उपभेद मुक्तक, गीत आदिको समावेश भएको पाइन्छ । कवितामा बृहत् रूपको पाँच पृष्ठ भएको एक सय तीन हरफमा संरचित *खै कहाँ आयो प्रजातन्त्र ?* शीर्षकको कवितादेखि एक पृष्ठ र बाह्र हरफमा संरचित *ए साथी हिडौं न अघि, सहिद भएर मर्न सिक* जस्ता शीर्षकका कविताहरू रहेका छन् । संरचनागत दृष्टिले हेर्दा प्रस्तुत कृतिभित्रका विभिन्न आयाममा संरचित कविताहरूले तत्कालीन समाजमा व्याप्त शोषण, दमन, अन्याय, अत्याचार, थिचोमिचो आदिलाई कवि आर.आर.चौलागाईंले आफ्ना कविताका माध्यमबाट प्रस्फुटन गरेका छन् । यो सङ्ग्रह बाह्य रूपमा झिनोमसिनो देखिए पनि आन्तरिक संरचनाका कोणबाट प्रखर प्रगतिवादी मान्यता बोकेको काव्यका रूपमा समृद्ध देखिन्छ ।

## ४.१.१.३ विषयवस्तु

कुनै पनि लेख रचना आदिका लागि निश्चित गरिएको कुरो वा विचारहरूको सँगालोलाई विषयवस्तु भनिन्छ ।[१२२] मानव चेतनाको यावत् अनुभवपुञ्ज र पुरै प्रकृति, मानवीय समाज र संस्कृति, पुराकथा र इतिहास दर्शन र ज्ञानविज्ञानादिका साथै मानवमनभित्रका समस्त अनुभव र व्यापारको समग्र प्रकाशन कविताको विषयवस्तुमा पर्न सक्दछन् ।[१२३] काव्य सिर्जनाका लागि चयन गरिएको मूलभूत कुरोलाई नै कुनै पनि कृतिको विषयवस्तुका रूपमा लिन सकिन्छ । **सामन्तीलाई चिठी** कविता सङ्ग्रहमा आर.आर.चौलागाईंले युगीन जनजीवनमा व्याप्त अनेक घटनाहरूलाई विषयवस्तुको रूपमा समेटेका छन् । तत्कालीन राजनैतिक, आर्थिक, सामाजिक क्षेत्रमा व्याप्त शोषण, दमन, अन्याय, अत्याचार, दुराचार राष्ट्रप्रेम, सहिदप्रति सम्मान, मानवीय जीवनको मूल्यहीनता राष्ट्रको दयनीय अवस्थाप्रति चिन्तन, परिवर्तनको आवश्यकता, समाजमा व्याप्त विकृति, विसङ्गति, मानवीय अस्तित्वको खोजी र सामन्ती वर्गप्रति आक्रोश जस्ता सन्दर्भहरूलाई आर.आर.चौलागाईंले **सामन्तीलाई चिठी** कविता सङ्ग्रहको विषयवस्तु बनाएका छन् । समाजका ठूलाबडा भनाउँदा शोषक सामन्तीहरूले गरेको अन्याय अत्याचार, शोषण र दमनले थिचिएका जनताहरू अब आफ्नो हक हितको लागि चेतनशील र जागरुक भएर उठ्दैछन् भन्ने भावलाई यसरी प्रस्तुत गरिएको छ :

---

[१२२] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत् पृ. ९२२ ।
[१२३] बासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, पूर्ववत् पृ.२० ।

ए सामन्ती चोर

तँलाई उडुसको दोष लाग्छ

तैंले चुसेको देखेपछि

एउटा जाग्छ अर्को जाग्छ

-*सामान्तीलाई चिठी* पृष्ठ १

लाहुर हिँड्न बाध्य बनाइएका युवकहरूलाई सम्बोधन गर्दै आफूमा भएको जोस जाँगर र शक्ति आफ्नै देशको मुक्तिको लागि उपयोग गर्नुपर्छ भन्ने अभिव्यक्ति यसरी प्रस्तुत भएको छ :

किन जान्छौं लाहुर तिमी

आफ्नो देशलाई छोडी ?

जन्म दिने तिम्री आमा

रुन्छिन डाँको छोडी

तिमीले नै आफ्नो देशलाई

काँधमा बोक्नु पर्छ

-*लाहुरेसित* पृष्ठ ३

श्रमिक, मजदुरहरू अझैसम्म पनि भोकै, नाङ्गै छन् भन्ने यथार्थलाई कवितामा यसरी प्रस्तुत गरिएको छ -

काम गर्नेले खान पाएनन्

दुःख गर्नेले लाउन पाएनन्

जाँगरिला नभएर हैन

भएपनि सुख पाएनन्

गरिबहरू रोए कठै ! संझी आफ्नो व्यथा

मेरो देशको अवस्था र मेरो देशको व्यवस्था

-*मेरो देशको अवस्था* पृष्ठ १५

प्रजातन्त्र आएपनि शोषित,पीडित जनता थिचिएकै छन्, पिल्सिएकै छन् भन्ने भाव यसरी अभिव्यक्त भएको पाइन्छ :

अझ पनि मातेर हिँडिरहेकै छन्

दिदी बहिनीको इज्जत लुट्नेहरूले

अझ पनि इज्जत लुटिरहेकै छन्
प्रजातन्त्र आयो भन्ने फटाहाहरूसित
म खुलस्त भएर सोध्न चाहन्छु
खै कहाँ आयो प्रजातन्त्र ?

*-खै कहाँ आयो प्रजातन्त्र ?* पृष्ठ २९

यसरी विभिन्न समय र परिस्थितिका सन्दर्भमा लेखिएका साहित्यकार आर.आर.चौलागाईंका कविताहरू विशेषगरी समाजमा व्याप्त अन्याय, अत्याचार, विकृति, विसङ्गतिहरूको विरोध गर्नुमा केन्द्रित देखिन्छन् ।

### ४.१.१.४ रसभाव

रस आस्वादन हो जुन काव्यद्वारा मनमा प्रस्फुटन हुन्छ । रसलाई काव्यको आत्मा मानिन्छ ।[१२४] कविता सिर्जनाको लागि प्रयुक्त मूल विषयवस्तु र अवधारणालाई भाव वा विचार भनिन्छ ।[१२५] **सामन्तीलाई चिठी** सामजका शोषक वर्गहरूप्रति गालीगलौजपूर्ण उग्र आक्रोशका साथ सामन्ती सरकारको अन्त्यको चाहना राख्दै लेखिएको कृति हो । पञ्चायती राज्य व्यवस्थालाई परिवर्तन गरी समतामूलक, न्यायमूलक, प्रजातान्त्रिक राज्य व्यवस्थाको स्थापना गर्ने मूलभाव उनका यस सङ्ग्रहभित्र रहेका कविताहरूमा पाइन्छ ।[१२६] आशावादी जीवनदृष्टि भएका चौलागाईंका कविताहरूमा समाजका शोषित, पीडित वर्गप्रति असीम सहानुभूतिको भाव पनि पाइन्छ ।[१२७] यस कविता सङ्ग्रहमा गरीखाने वर्गप्रति असीम सहानुभूतिको भावसँगै तत्कालीन राज्यव्यवस्थाका क्रूरताहरूले थिचिएका जनताहरू थिचोमिचो सहन नसकेर जुर्मुराएर उठ्ने क्रममा वीर रसले अभिव्यक्ति पाएको छ । उत्साह स्थायी भाव हुने रस वीररस हो ।[१२८] कुनै साहसिक कार्य गर्न प्रेरित गर्ने वा त्यस्तो कार्यमा प्रवृत्त तुल्याउने मनको एक उल्लासपूर्ण भाव नै वीररस हो । **सामन्तीलाई चिठी** भित्रका कवितामा वीररस यसरी अभिव्यक्त भएको छ -

साहसले हामी लड्यौं भने
सहिदको बदला लिन सक्छौं

---

[१२४] चन्द्रप्रसाद न्यौपाने, **छन्दकुञ्ज**, दोस्रो संस्क; (काठमाडौः काष्ठमण्डप पुस्तक घर प्रा.लि. २०६७) पृ.१०४ ।
[१२५] खगेन्द्रप्रसाद लुइँटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत् पृ. २१९ ।
[१२६] निमेष निखिल, *कवि आर.आर.चौलागाईं र उनको कवित्व*, **सिद्धार्थ रजतमहोत्सव स्मारिका** (मकवानपुरः श्री सिद्धार्थ माध्यमिक विद्यालय २०६३) पृ. ३२ ।
[१२७] ऐजन ।
[१२८] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** दोस्रो संस्क; (काठमाडौं: विद्यार्थी पुस्तक भण्डार २०६३) पृ.५३ ।

नथाकी अघि बढ्यौँ भने

यो देशलाई मुक्त पार्न सक्छौँ

*-यो देशलाई मुक्त पार्न सक्छौँ* पृष्ठ २१ ।

### ४.१.१.५ दृष्टिबिन्दु

कृतिलाई पाठक समक्ष उपस्थित गर्ने तरिका वा उपस्थान पद्धतिलाई दृष्टिबिन्दु भनिन्छ । [१२९] यसमा कविका विचारधाराको अभिव्यक्ति हुन्छ र यो मुख्य रूपमा प्रथमपुरुष दृष्टिबिन्दु र तृतीयपुरुष दृष्टिबिन्दु गरी दुई किसिमको हुन्छ ।[१३०] **सामन्तीलाई चिठी** कविता सङ्ग्रहका धेरैजसो कवितामा कवि स्वयम्ले एकोहोरो किसिमले आफ्ना विचारहरू प्रस्तुत गर्दै लगेकाले प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ भने यदाकदा द्वितीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । यस सङ्ग्रहका *सङ्घर्ष, झुपडीको चीत्कार, सङ्कल्प, आह्वान, प्रस्ताव, मेरो देशको अवस्था* इत्यादि कवितामा प्रथम पुरुष दृष्टिबिन्दुको र *सामन्तीलाई चिठी, लाहुरेसित* जस्ता कवितामा द्वितीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ ।

### ४.१.१.६ जीवनदृष्टि

साहित्य सिर्जनाको प्रयोजनमूलकतालाई उद्देश्य वा जीवनदृष्टि भनिन्छ ।[१३१] विनाउद्देश्य वा विनाप्रयोजन कृतिको रचना हुँदैन । कविताले प्रस्तुत गर्न खोजेको मुख्य प्रयोजन नै उद्देश्य वा जीवनदृष्टि हो र प्रयोजनबिना कुनै कविता पनि रचना गरिदैन ।[१३२] **सामन्तीलाई चिठी** कविता सङ्ग्रहका कविताहरूको जीवनदृष्टि वा उद्देश्य पञ्चायती व्यवस्थाले उब्जाएका अनेकौं असमानता र शोषणयुक्त पक्षको यथार्थको प्रकटीकरण गर्नु रहेको छ । शोषक सामन्ती वर्गहरूद्वारा थिचोमिचोमा परेका दुःखी गरिब नेपाली जनताको विवश भोगाइको चित्रण यहाँका कवितामा गरिएको छ । यस्तो नारकीय जीवनपद्धतिबाट नेपाली जनतालाई मुक्तिको लागि अग्रसर हुन् आह्वान गर्दै तत्कालीन समाजमा व्याप्त अन्याय, अत्याचार, शोषण, दमन, थिचोमिचो आदिलाई निर्मुल पारी न्यायमूलक र समतामूलक समाजको निर्माणको लागि पहल गर्नु नै **सामन्तीलाई चिठी** कविता सङ्ग्रहको मुख्य जीवनदृष्टि रहेको पाइन्छ ।

---

[१२९] खगेन्द्रप्रसाद लुईंटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत् पृ.२३७ ।
[१३०] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति** (काठमाडौं: पैरवी प्रकाशन २०६६) पृ. २४९ ।
[१३१] खगेन्द्रप्रसाद लुईटेल, **कविताको संरचनात्मक विश्लेषण**, पूर्ववत् पृ. २३५ ।

[१३२] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृत्ति**, पूर्ववत्, पृ. २४९ ।

### ४.१.१.७ लय/छन्द

सङ्गीतमा ताल भए जस्तै कविताको भित्री सङ्गीत लय हो । कवितामा लयका माध्यमबाट भावहरूको संयोजन गरिन्छ ।[133] कवितामा लयविधानलाई अत्यन्त आवश्यक तत्त्व मानिन्छ ।[134] **सामन्तीलाई चिठी** कविता सङ्ग्रह भित्रका कविताहरू मुख्यत दुईवटा लयविधानमा बाँधिएका देखिन्छन् ।यस सङ्ग्रहमा *सामन्तीलाई चिठी, बाँकी छ अब, सङ्कल्प, आह्वान, प्रश्ताव, मेरो देशको अवस्था, परिवर्तनको खाँचो, खै कहाँ आयो प्रजातन्त्र ?* आदि कविताहरू गद्यात्मक छन् भने *लाहुरेसित, ए साथी हिडौनँ अघि, सहिद भएर मर्न सिक,* इत्यादि कविता गीति लयका छन् । यस सङ्ग्रहमा *तीन मुक्तक* भन्ने शीर्षकमा तीनवटा मुक्तकहरू पनि राखिएको पाइन्छ । यसरी गीत, मुक्तक आदि कविताका उपभेदहरूले कृतिलाई लयविविधता प्रदान गरेको देखिन्छ । अत्यन्त सरल, सरस र सम्प्रेष्य एवम् विशेषतः गेयात्मक कवितामा अन्त्यानुप्रास ढाँचाले **सामन्तीलाई चिठी** भित्रका कविताहरूमा लयात्मकता रहेको पाइन्छ । केही उदाहरणहरू यस प्रकारका छन् :

**क) गद्यलयको कविता**

गरिबका लागि बनाइएका
देशका काला कानुनहरूले
गरिबहरूलाई नै उठिबास
पारेका छन् ।

-*प्रस्ताव* पृष्ठ १४

**ख) गीतिलयका कविता**

धरतीमा जन्म लिएपछि
धरतीकै पानी पिएपछि
बाँचेर केही गर्न सिक
सहिद भएर मर्न सिक ।

-*सहिद भएर मर्न सिक* पृष्ठ १०

---

[133] इश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, **आधुनिक नेपाली नाटक र फुटकर कविता** (कीर्तिपुरः न्यू हिरा बुक्स इन्टरप्राइजेज) पृ.३३४-३३५ ।
[134] ऐजन ।

यसरी **सामन्तीलाई चिठी** कविता सङ्ग्रह भित्रका सम्पूर्ण कविताहरूमा गद्यलय र गीतिलयको प्रयोग भएको देखिन्छ भने कुनै पनि कवितामा शास्त्रीय छन्दको प्रयोग भएको देखिँदैन ।

### ४.१.१.८ भाषाशैली

कविताको भाषाशैली भन्नु जुन अर्थको कथन कुनै कविता कृतिले गर्नु छ, त्यसका निम्ति उपलब्ध भाषिक विकल्प मध्येबाट सबभन्दा बढी ललित र रागात्मक, व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण, शब्द/पद, पदावली, वाक्यखण्ड वाक्य र अनुच्छेद विधान समेत सिर्जित हुने कुरा हो ।[१३५] **सामन्तीलाई चिठी** कविता सङ्ग्रहका कविताहरूको भाषा सरल, सहज र स्वभाविक छ । साहित्यकारले सामन्तीहरूको चित्रण गर्दा चोर, गधा, लोफर, फटाहा, गुण्डा जस्ता गाली गलौज पूर्ण शब्दको प्रयोग गरेका छन् । कतै-कतै इन्जिनियर, डाक्टर जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग भएको छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरू सबै प्रयोगमा देखिन्छन् । गद्यात्मक र गेयात्मक दुवै शैलीमा भाषा कुँदिएको छ । कतिपय कविताहरूमा काव्यिक भाषाको भन्दा पनि नारावादी भाषाको प्रयोग भएको पाइन्छ । *खै कहाँ आयो प्रजातन्त्र ?* जस्ता केही कवितामा विचार वाहक प्रस्तुतिले ओजपूर्ण शैलीमा कविको विद्रोही स्वर विचारोत्तेजक भएर व्यक्तिएका छन् । गद्याभिव्यक्तिहरूमा पनि आन्तरिक लयात्मक शैलीको प्रयोगले कविताहरू सरर्र बगेका छन् । यस कृतिभित्रका कविताहरूमा विचारको प्रवलताद्वारा कलापक्ष थिचिएको जस्तो अनुभूति हुन्छ । समग्रमा भन्दा **सामन्तीलाई चिठी** कविता सङ्ग्रहका कविताहरूको भाषाशैली क्लिष्ट र दुरूह नभई साधारण पाठकको लागि पनि बोधगम्य सरल र सहज छ ।

### ४.१.१.९ अलङ्कार

काव्यका सन्दर्भमा अलङ्कारको तात्पर्य काव्यको गहना वा आभूषण हो । काव्यको गहना भन्नाले काव्यको सौन्दर्यलाई पनि र त्यस सौन्दर्यको कारकलाई पनि जनाउँछ । अतः काव्यको शोभा बढाउने धर्मलाई अलङ्कार भनिन्छ ।[१३६] **सामन्तीलाई चिठी** भित्रका कविताहरूमा रूपक, अतिशयोक्ति आदि अलङ्कारको प्रयोग भएको पाइन्छ ।

---

[१३५] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी, पूर्ववत्, पृ. १९ ।

[१३६] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** पूर्ववत् पृ. ५८ ।

**क) रूपक अलङ्कार**

उपमेयमा उपमानको अभेद आरोप गरी फलानु नै फलानु हो भन्नुलाई रूपक अलङ्कार भनिन्छ ।[१३७]

जसले सोस्छ त्यही यहाँ
रङ्गमञ्चको नेता बन्छ
झुपडीको चीत्कार यहाँ
उसको लागि हाँसो हुन्छ ।

-*झुपडीको चीत्कार* पृष्ठ ६

**ख) अतिशयोक्ति अलङ्कार**

प्रस्तुतको उल्लेख नगरी अप्रस्तुतको बढाइ चढाइ उल्लेख गरिएमा त्यसलाई अतिशयोक्ति अलङ्कार भनिन्छ ।[१३८]

फुर्तिलो, चनाखो भयौं भने
एक दिन हामीले जित्छौं जित्छौं ।

-*यो देशलाई मुक्त पार्न सक्छौं* पृष्ठ २१

## ४.१.१.१० बिम्ब र प्रतीक

स्रष्टा वा सर्जकका मानसपटलमा रहेका मानसिक तस्वीरलाई सम्मूर्तित बनाउने चित्रात्मक भाषालाई बिम्ब भनिन्छ ।[१३९] **सामन्तीलाई चिठी** कविता सङ्ग्रह भित्रका कविताहरूमा सरल बिम्ब र प्रतीकको प्रयोग भएको देखिन्छ ।

ए सामन्ती चोर
तँलाई उडुसको दोष लाग्छ
ए सामन्ती गधा
तँलाई भारी नबोकेको दोष लाग्छ
तेरो अल्छीपन देखेपछि
तैंले खाने घाँस रोकिन्छ

---

[१३७] पूर्ववत् पृ.६७ ।
[१३८] पूर्ववत् पृ. ६९ ।
[१३९] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण** (ललितपुरः साझा प्रकाशन, २०६०) पृ. १ ।

उनेर बाँसमा भुन्ड्याएपछि
तेरो जिउमा कोर्रा ठोकिन्छ

-*सामन्तीलाई चिठी* पृष्ठ १-२

माथिको कवितांशमा चोर, गधा, उडुस जस्ता शब्दहरू शोषक वर्गको प्रतीक बनेर आएका छन् ।

### ४.१.१.११ सारांश

साहित्यकार आर.आर.चौलागाईं वि.सं २०३४ तिर विद्यार्थीहरूले निकालेको मुखपत्रमा *इच्छा* शीर्षकको कविता प्रकाशन गरी नेपाली साहित्यमा प्रवेश गरेका हुन् । वि.सं. २०३७ मा प्रकाशित **सामन्तीलाई चिठी** आर.आर. चौलागाईंको पहिलो पुस्तकाकार कृति हो । यस कृतिमा उन्नाइसवटा कविताहरू रहेका छन् । यीमध्ये *तीन मुक्तक* शीर्षकमा तीनवटा मुक्तकहरू पनि रहेको पाइन्छ । कवि आर.आर. चौलागाईंको पहिलो कृति **सामन्तीलाई चिठी**मा अन्तर्निहित कविताहरूमा तत्कालीन समाजले भोग्नुपरेका अन्याय, अत्याचार, शोषण, दमन र थिचोमिचोको विरोध गर्दै शोषणरहित, समृद्ध समाजको चाहना अभिव्यक्त गरिएको पाइन्छ । यस सङ्ग्रहमा कविका प्रगतिवादी मान्यता अनुरूपका भावनाहरू प्रतिबिम्बित भएको पाइन्छ । यस सङ्ग्रहमा समाविष्ट अधिकांश विषयवस्तुले समाजमा व्याप्त विकृति, विसङ्गति र असमानताहरूको यथार्थ चित्रण गरेको पाइन्छ । राष्ट्रप्रेम, सहिदप्रति सम्मान, मानवीय मूल्यको खोजी, विभेदकारी समाजसिर्जनाको चाहना यस कृतिका विषयवस्तु बनेका छन् । प्रस्तुत कृति सरस, सरल र बोधगम्य भएकोले सामान्य पाठकले पनि बुझ्ने खालको देखिन्छ ।

## ४.१.२ नौलो बिहानी कविता सङ्ग्रहको अध्ययन

यहाँ **नौलो बिहानी** कविता सङ्ग्रहलाई कविताका तत्त्वहरूको आधारमा अध्ययन गरिएको छ ।

### ४.१.२.१ शीर्षक

पञ्चायती व्यवस्था रूपी कालरात्रिलाई चिर्दै प्रजातन्त्र रूपी नौलो बिहानीको उदय हुनै आँटेको छ भन्ने भाव यस सङ्ग्रहमा सङ्कलित प्रायजसो कविताहरूमा प्रस्तुत भएको पाइन्छ । यस दृष्टिकोणबाट हेर्दा कृतिको नामकरण सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.१.२.२ संरचना

प्रस्तुत **नौलो बिहानी** कविता सङ्ग्रह बाह्य संरचनाको दृष्टिले चौवन्न पृष्ठको लघु आकारको कृति हो । वि.सं. २०३७ फाल्गुणमा स्वयम् लेखककै प्रकाशकत्वमा एक हजार प्रति प्रकाशित भएको हो । प्रस्तुत कृतिमा कविका छोटामा आठ हरफ र लामामा एक सय तेइस हरफ सम्मको आयाम भएका अट्ठाइसवटा कविताहरू सङ्ग्रहित छन् भने यी सबै कविताहरू गद्यात्मक ढाँचामा रहेका छन् । प्रस्तुत कृतिको अग्रभागतिरै लेखकले *मेरो भनाइ* शीर्षकमा आफ्नो विचार व्यक्त गरेका छन् । त्यसैगरी अनन्त 'विद्रोही' को *नौलो बिहानीबारे दुईचार कुरा* शीर्षकको भूमिका रहेको प्रस्तुत कृति बाह्य संरचनाको दृष्टिकोणले मजबुत देखिन्छ ।

आन्तरिक संरचनाको दृष्टिले हेर्दा **नौलो बिहानी**मा कवि आर.आर.चौलागाईंले सामन्ती वर्गद्वारा शोषित,पीडित नेपाली जनताहरूको दुर्दशापूर्ण अवस्थाको चित्रण गर्दै र त्यस्तो दुर्दशाबाट पार हुनको लागि तमाम नेपाली जनता एक भई जुट्नुपर्ने विचारलाई सरल शैलीमा अभिव्यक्त गर्दै सुसम्बद्ध पारेको देखिन्छ । अघिल्लो कृतिमा जस्तै यस कृतिमा पनि प्रथम कविता नै कृतिको शीर्षक बनेको देखिन्छ । प्रस्तुत कृतिमा कलापक्षको अभाव भए तापनि निमुखा वर्गप्रति सद्भाव र सहानुभूति प्रकट गर्ने प्रगतिवादी दृष्टिकोणको अत्यन्तै गहन विचारहरूले कृतिभित्र सशक्त अभिव्यक्ति पाएका छन् । यसरी हेर्दा बाह्य तथा आन्तरिक संरचनाबाट प्रस्तुत कृति परिपुष्ट नै देखिन्छ ।

### ४.१.२.३ विषयवस्तु

**नौलो बिहानी**मा मूलत राजनीतिक विषयवस्तुले प्राथमिकता पाएको देखिन्छ । यस सङ्ग्रहका प्रायः सबैजसो कविताहरू तत्कालीन राज्य व्यवस्था र उक्त राज्य व्यवस्थाले उब्जाएको असमानताको खाडल, अन्याय, अत्याचार, कष्टकर जीवन भोगाइका यथार्थ, समाजमा व्याप्त हत्या, हिंसा, एक छत्रीय शासन पद्धति र त्यस्तो परिस्थितिबाट मुक्ति पाउन सबै नेपाली जनता एक जुट भएर लड्नुपर्ने भाव तथा विचार व्यक्त भएको पाइन्छ । निरङ्कुश सत्ताद्वारा गरिएको अत्याचार र थिचोमिचोबाट मुक्त भई आफ्नो हक, हित र अधिकार सुनिश्चित गर्नको लागि के महिला, के पुरुष सबै एकजुट भएर मात्र निरङ्कुशताका जन्जिरहरू तोड्न सकिन्छ भन्दै नेपाली नारीहरू पनि अब अवला छैनन् ।

उनीहरू पनि परिवर्तन चाहन्छन् र परिवर्तनको लागि युद्धमा होमिन तयार छन् भन्ने यथार्थलाई कविले यसरी प्रस्तुत गरेका छन् -

नेपाल आमाका सच्चा सुपुत्री हौ
नालापानीको युद्धमा लड्न सक्ने
हामी नारीहरू
बिहानीको झुल्के घाम हौँ

-*सचेत नारीहरूको भनाई* पृष्ठ ४९

त्यसैगरी हुनेखाने र हुँदाखाने बीचको सङ्घर्ष अझै जारी छ, भ्रष्टाचार र महङ्गी दिन प्रतिदिन आकाशिँदै छ, नियन्त्रणको कतै छनकसम्म पाइँदैन । त्यसैले अब जनता नै सचेत र जागरूक हुनुपर्छ भन्दै कवि यस्तो आग्रह गर्दछन् -

भोकमरी र गरिबीले सीमा नाघेछ
घुसघोरी र महङ्गीले आकाश छोएछ
जनताको परिमर्का बुझ्न उठ है
अन्यायको विरुद्धमा जुध्न उठ है ।

-*आह्वान* पृष्ठ १४ ।

तत्कालीन समयमा नेपाली समाजमा व्याप्त एक छत्रीय निरंकुश शासन, सामन्तवाद, हैकमवाद र त्यस्ता हैकमवादी शासन पद्धतिबाट नेपाली जनताले भोग्नु परेका पीडा, अभाव, अन्याय, अत्याचार र त्यस्ता कुरीतिहरूबाट छुटकारा पाउन नेपाली जनताले अपनाउनु पर्ने सचेतना, जागरूकता, सङ्घर्षशीलता जस्ता विषयवस्तुहरू यस कविता सङ्ग्रहमा रहेको पाइन्छ ।

### ४.१.२.४ रसभाव

कविलाई जीवन भोगाइका क्रममा जुन भाव वा विषयवस्तुले अन्तरमनमा गहिरो प्रभाव पर्दछ । त्यसैको केन्द्रीयतामा उसले कविता सिर्जना गर्दछ । कवि आर.आर. चौलागाईंको जीवन भोगाइका क्रममा प्राप्त अनुभूतिहरू नै कविताका मूलभाव भएर आएका छन् । शोषक सामन्तवर्गको चुसाहा प्रवृत्तिले नेपाली जनताको जीवन दिनानुदिन कष्टप्रद र दयनीय बन्दै गएको र त्यसबाट छुटकारा पाउनको लागि कठिन सङ्घर्ष गर्नुपर्ने भाव प्रस्तुत कविता सङ्ग्रहका कविताहरूमा पाइन्छ । निरङ्कुशताले उभ्याएका दरिला किल्लाहरू

तोड्नको लागि नेपाल आमाका वीर सन्तानहरू ज्यानको पर्वाह नगरी युद्ध मैदानमा होमिँदै छन् भन्ने भावको प्रकटीकरणमा वीररसले अभिव्यक्ति पाएको छ । **नौलो बिहानी** भित्रका कविताहरूमा वीररसको स्थायी भाव उत्साह यसरी अभिव्यक्त भएको छ, -

पहाडका कष्टदायक उकालाहरूसँग सिंगौरी खेल्दै
हुरी बतासका चिसा झोक्काहरूसँग ठक्कर खाँदै
फलामका तिखा सुइराहरूमाथि हाँसी हाँसी टेक्दै
आगाका रापिला फिलिङ्गाहरूमाथि गयाप गयाप टेक्दै
कत्ति पनि नआत्ती, कत्ति पनि नथाकी
बढ्छन् मेरा गतिशील पाइलाहरू

-*गतिशील पाइलाहरू* पृष्ठ ४

परिवर्तनको लागि जस्तोसुकै अप्ठ्याराहरूसँग जुध्न परे पनि पछि नहट्ने साहसिक भाव प्रस्तुत कवितामा झल्किएको छ ।

## ४.१.२.५ दृष्टिबिन्दु

**नौलो बिहानी** कविता सङ्ग्रहका प्रायः सवैजसो कविताहरूमा कवि स्वयम्ले नै एकोहोरो किसिमले आफ्नो विचार लगातार प्रस्तुत गर्दै गएकोले प्रथम पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ भने *गाइने दाई*, लगायत केही कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ ।

## ४.१.२.६ जीवनदृष्टि

तत्कालीन शासन व्यवस्थाका शोषण, दमन, उत्पीडन, परतन्त्रता, अनैतिकता, भ्रष्टाचार, अन्याय आदि अनेकौं विकृति र विसङ्गतिहरू जरैदेखि उखेलिँदै छन् र चाँडै नै प्रजातान्त्रिक नौलो बिहानीको उदय हुँदैछ भन्ने आशावादी स्वर यस सङ्ग्रहमा सङ्कलित अधिकांश कविताहरूमा गुञ्जायमान भएको पाइन्छ । यस दृष्टिबाट हेर्दा देशमा परिवर्तनको खाँचो छ र परिवर्तनको लागि सबै शोषित,पीडित नेपाली जनताहरूलाई एक जुट भएर लड्नको लागि आह्वान गर्नु नै **नौलो बिहानी** कविता सङ्ग्रहको जीवनदृष्टि रहेको छ ।

### ४.१.२.७ लय/छन्द

**नौलो बिहानी** कविता सङ्ग्रह परम्परित शास्त्रीय छन्दमा नभएर मुक्तछन्दमा रचित गद्य कविता र यदाकदा गीतिलय भएका कविताहरूको सङ्गालो हो । सरल, सरस, श्रुति माधुर्यपूर्ण एवम् विशेषतः गेयात्मक कवितामा अन्त्यानुप्रास ढाँचोले **नौलो बिहानी**का कविताहरूमा मिठास एवम् लयात्मक रहेको पाइन्छ ।

थोपा थोपा पानी मिली सागर बन्दछ
सानातिना थुम्का मिली पहाड बन्दछ ।
एक्लै हिडे जहिले पनि बाटो भुलिन्छ
मिली हिँडे सबैसँग ठाउँमा पुगिन्छ ।

*-एकताको बारेमा पृष्ठ ६*

बाली लगाउन गाह्रो पर्ला
दाँदेले सम्याएर मात्र लाउनु पर्छ
छानाहरू सबै चुहिने मात्र छन्
अब कहिल्यै नचुहिने गरी छाउनु पर्छ

*-खरानी मुनिको चम्किलो हीरा* पृष्ठ २७

### ४.१.२.८ भाषाशैली

कवितामा भाव र भावबाट उत्पन्न हुने अनुभूतिलाई बोक्नका लागि भाषाको प्रयोग गरिन्छ, यस्तो भाषाका वर्ण, पद शब्दले रागात्मकता, लयात्मकता, लालित्य र माधुर्य संयोजन गर्न सक्नु नै शैली हो ।[१४०] कवि आर.आर.चौलागाईंले **नौलो बिहानी** भित्रका कवितामा सरल, सरस, सहज र स्तरीय नेपाली भाषाको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा केही तत्सम, तद्भव शब्दको पनि प्रयोग भएको देखिन्छ तापनि ती शब्दलाई नेपाली भाषाकै बाहुल्यताले सरल, सहज र सरस तुल्याइदिएका छन् । समग्रमा प्रस्तुत कविता सङ्ग्रहको भाषाशैली सामान्य पाठकले पनि भाव ग्रहण गर्न सक्ने खालको बनेको छ ।

[१४०] ईश्वरीप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत् पृ. ३३६ ।

## ४.१.२.९ अलङ्कार

विचार र भावपक्षको प्रबलता रहेको यस **नौलो बिहानी** भित्रका कविताहरू खासै आलङ्कारिक भाषाद्वारा सजिएका देखिँदैनन् तापनि केही अलङ्कारयुक्त उद्धरणहरूलाई यहाँ प्रस्तुत गरिएको छ -

**क) अतिशयोक्ति अलङ्कार**

अन्धकार नासी उज्याले ल्याउन्
जो अघि लम्किन्छन्
समुन्द्र तर्छन, जङ्गार तर्छन्
जो पहाडलाई धकेल्छन्

-*जनताका साथी* पृष्ठ ३

**ख) रूपक अलङ्कार**

च्याँ च्याँ र चुँ चुँ कराएका चराहरूको आवाज नै
विहानीको सन्देश हुन् ।

-*नौलो बिहानी* पृष्ठ १

**ग) उपमा अलङ्कार**

दुई व्यक्ति वा वस्तुको सादृश्य वा तुल्यतालाई उपमा अलङ्कार भनिन्छ ।[१४१]

तिम्रो फलाम झैँ कडा छाती
त्यो डाँडा भन्दा पनि
फराकिलो र अग्लो थियो

-*साथीको सम्झनामा* पृष्ठ २८

## ४.१.२.१० बिम्ब र प्रतीक

**नौलो बिहानी** कविता सङ्ग्रहभित्रका कविताहरूमा युगीन जन जीवनका चिरपरिचित बिम्ब तथा प्रतीकहरूको प्रयोग भएको पाइन्छ । बिम्ब प्रयोग भएका केही उद्धरणहरू यी रहेका छन् -

[१४१] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** पूर्ववत्, पृ. ६६ ।

झार नउखेलेसम्म बाली सप्रन सक्तैन
ढुङ्गा नपन्छाएसम्म बाटो सफा हुँदैन
पानी नतातेसम्म किटाणु मरेर जाँदैन
कुचो नलाएसम्म घर सफा हुँदैन्

-*साँचो कुरा* पुष्ठ १२

झुपडी विस्तारै ब्युँझिदै छ
कुँजिएका पखेटा फट्फटाउँदै
रातो भाले बास्दैछ
रक्तिम आभा छरेर अब चाँडै नयाँ घाम उदाउँछ ।

-*नयाँ घाम उदाउँछ* पृष्ठ २०

लथालिङ्ग मिल्किएको ढाल्छौं अब घरहरू
नयाँ घरको जग बसाउन लाग्छौ अब हामीरू

-*हाँक* पृष्ठ २१

माथिका कवितांशमा आएका झार, ढुङ्गा, कीटाणु, कसिङ्गर आदि शब्दहरू पञ्चायती व्यवस्थाका विकृति र विसङ्गतिको प्रतीकको रूपमा र बाली, बाटो, कुचो जस्ता शब्दहरू प्रजातन्त्रको प्रतीकका रूपमा आएका छन् । त्यस्तै गरी झुपडी, ब्युँझिदै, पखेटा फट्फटाउँदै, रातो भाले, रक्तिम आभा, नयाँ घाम उदाउँछ, नयाँ घर आदि शब्दहरू प्रजातन्त्रको बिम्बको रूपमा र लथालिङ्ग भत्किएको घर पञ्चायती व्यवस्थाको कुरूप स्थितिको बिम्बको रूपमा आएका छन् । यसरी विभिन्न बिम्ब तथा प्रतीकको प्रयोगद्वारा **नौलो बिहानी**भित्रका कविताहरू ओजपूर्ण बन्न पुगेका छन् ।

### ४.१.२.११ सारांश

साहित्यकार आर.आर.चौलागाईंका पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०३७ मा प्रकाशित **नौलो बिहानी** कविता सङ्ग्रह दोस्रो कृति हो । यस कृतिमा मुक्त छन्दका अट्ठाइसवटा कविताहरू रहेका छन् । यस सङ्ग्रहका कविताहरूमा कविले विशेष गरी पञ्चायती व्यवस्थाका क्रूरताले चिथोरिएका जनताहरूको दारुण स्थितिलाई प्रस्तुत गर्नुका

साथै त्यस्तो क्रूर व्यवस्थाबाट आहत बनेका जनताहरू अब एकजुट भएर मुक्तिको लागि सङ्घर्ष गर्नुपर्ने कुरालाई प्रस्तुत गरेका छन् । यस कृतिभित्रका कविताहरूमा शोषित,पीडित जनताहरूप्रति सहानुभूति र शोषक सामन्ती वर्गहरूप्रति कविले तीव्र आक्रोश व्यक्त गरेका छन् । प्रस्तुत कृति सहज, सरस र सरल भाषामा भएकाले सामान्य पाठकहरूको लागि बोधगम्य बनेको छ । प्रारम्भिक अवस्थाको कृति **सामन्तीलाई चिठी** भन्दा प्रस्तुत कृति केही परिष्कृत देखिन्छ तापनि यस सङ्ग्रहका प्रायः सबैजसो कविताहरूमा कला पक्ष भन्दा विचार पक्ष नै प्रवल रहेको अनुभूति हुन्छ । कवि आर.आर.चौलागाईंको लेखन यात्राको दोस्रो आभ्यासिक चरणको यो कृति समग्रमा उत्कृष्ट रहेको पाइन्छ ।

## ४.१.३ जिउँदा मानिसहरू कविता सङ्ग्रहको अध्ययन

प्रस्तुत कविता सङ्ग्रहलाई यहाँ कविताका विभिन्न तत्त्वहरूको आधारमा अध्ययन गरिन्छ ।

### ४.१.३.१ शीर्षक

**जिउँदा मानिसहरू** पुस्तकाकार रूपमा प्रकाशित कवि आर.आर.चौलागाईंको तेस्रो कृति हो । यस सङ्ग्रहभित्र रहेका सम्पूर्ण कविताहरू सहिदको सम्झना र सम्मानमा आधारित छन् । देश र जनताको मुक्तिको लागि लड्दा लड्दै वीरगति प्राप्त गरेका सहिदहरूको भौतिक शरीर नाश भए तापनि उनीहरूको त्याग र बलिदान वीरताका गाथा बनेर अजर, अमर रहन्छ र भावी पिँढीको लागि पथ प्रदर्शक समेत बन्नुको साथै उनीहरूको नाम र काम इतिहासका पानामा सुनौला अक्षर बनेर बस्छ । त्यसैले देश र जनताको मुक्तिको लागि प्राणोत्सर्ग गर्ने सहिदहरू मरेर पनि जीवितै रहन्छन् भन्ने भावलाई प्रस्तुत गरिएकाले यस कृतिको नामाकरण सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.१.३.२ संरचना

प्रस्तुत कविता सङ्ग्रह बाह्यसंरचनाको दृष्टिले जम्मा १० पृष्ठको अत्यन्त लघु आकारको कृति हो । वि.सं. २०४३ भाद्रमा प्रभात प्रिन्टिङ्ग प्रेस झोछें काठमाडौंबाट श्रीमती विष्णु ओझाको प्रकाशकत्त्वमा एक हजार प्रति प्रकाशित यस कृतिमा कविका जम्मा छवटा कविताहरू रहेका छन् । छवटा कविताहरूमध्ये पाँचवटा कविताहरूको शीर्षक सहिद

शब्दबाटै उठेको छ भने एउटा कविताको शीर्षक मात्र अजेय शब्दबाट उठेको छ । यस कृतिको बाह्यावरणमा अमूर्त चित्र कोरिएको र त्यसमाथि **जिउँदा मानिसहरू** लेखिएको छ । कृतिको अग्रभागतिरै "सहिदहरू साँच्चै हाम्रो बगैँचाभित्र मुसुक्क हाँसी फक्रेका फूलहरू हुन्" भनेर प्रकाशिकाले आफ्नो भनाइ राखेकी छन् ।

आन्तरिक दृष्टिले हेर्दा कवि आर.आर.चौलागाईंले सहिदहरूप्रति असीम श्रद्धा र सम्मान प्रकट गर्दै अन्याय र अत्याचारको जरो उखेली न्यायमूलक समाजको सिर्जना गर्नको लागि प्राणोत्सर्ग गरेका सहिदहरूको सपना साकार पार्नको लागि सबै नेपाली जनता एकजुट हुनुपर्ने निश्छल भाव अभिव्यक्त भएको पाइन्छ । यस कृतिमा कविले गीतिलयको र मुक्तलयको प्रयोग गरेका छन् । यसरी बाह्य तथा आन्तरिक संरचनाबाट कृति सबल नै देखिन्छ ।

### ४.१.३.३ विषयवस्तु

**जिउँदा मानिसहरू**मा कवि चौलागाईंले सहिदहरूप्रति श्रद्धा र सम्मानको भाव व्यक्त गर्दै, अन्धकार नासी उज्यालो ल्याउनको लागि आफ्नो ज्यानको बाजी लगाएर हिँडेका सहिदहरूले देखाएको बाटोमा हिँड्न र सहिदहरूको सपना साकार पार्न सबै एकजुट हुनुपर्ने तथ्यलाई विषय वस्तुका रूपमा प्रस्तुत गरेका छन् । सहिदको बारेमा कविता कोरेर मात्र सहिदको सम्मान हुँदैन भन्दै सहिदको उचित कदर हुन नसकेकोमा र सहिदका परिवारहरूले भोगेका दुःख, पीडा र अपमानप्रति चिन्ता व्यक्त गर्दै मुख्य रूपमा सहिद र तद्विषयसँग सम्बन्धित कुराहरूलाई नै कविले यस सङ्ग्रहको विषयवस्तु बनाएका छन् ।

जनताको लागि सहिदको बलिदान महान् थियो । सहिदले गर्न नभ्याएका अधुरा काम पूरा गर्नुपर्छ र गर्छौं भन्दै कविले यस्तो प्रतिबद्धता व्यक्त गरेका छन् -

असत्य फ्याँकी समानता ल्याउने उद्देश्य ठूलो थ्यो
जनताको जीवन सुखी बनाउने सपना महान थ्यो
यो काम हामी सह्माल्छौं साथी यो जिम्मा हाम्रो भो
तिमी हिँडेको बाटोमा हिँड्छौं यो प्रण हाम्रो भो

-*सहिदको सम्झनामा* पृष्ठ १

त्यसैगरी सहिदहरूको भौतिक शरीर नरहे पनि उनीहरूको त्याग, बलिदान र विचार सदैव अमर रहने अर्थात् शोषित,पीडित जनताको माझमा सहिद सदैब जीवित रहने कुरा कविले यसरी व्यक्त गरेका छन् -

मासुको शरीर ढलेछ तिम्रो विचार ढलेन
हाडखोर सबै गलेर गए भावना गलेन
शोषित,पीडित जनताको माझमा तिमी त ज्युँदै छौ
जनता मार्ने राक्षसको रगत घटघटी पिउँदै छौं ।

-*सहिदप्रति* पृष्ठ ३

त्यसैगरी सहिदका परिवारले भोग्नुपरेका पीडालाई कविले यसरी व्यक्त गरेका छन् -

फुलेका सेतै रोगले ग्रस्त सहिदका बाबा हुन्
ओखती नपाई अकाल्मै मर्ने सहिदका आमा हुन्
जिन्दगी धान्न भौंतारी हिँड्ने सहिदका सँगी हुन्
फाटेका लुगा आधापेट खाने सहिदका छोरा हुन्
नाङ्गै र भोकै कमारा बस्ने सहिदका छोरी हुन्

-*सहिद* पृष्ठ ५

यसरी कविले सहिदप्रति सम्मान, सहिदहरूको त्याग र बलिदान, सहिदका परिवारले भोगेका दुःख पीडालाई यस सङ्ग्रहको विषयवस्तु बनाएका छन् ।

## ४.१.३.४ रसभाव

यस सङ्ग्रहका सम्पूर्ण कविताहरू सहिदप्रतिको श्रद्धाभावले भरिपूर्ण भएका छन् । सहिद र सहिदका परिवारले भोगेको दुर्दशा देखेर भावविह्वल बनेका कविले सहिदहरूप्रति करुणभाव र दुश्मनहरूप्रति आक्रोशपूर्ण भाव व्यक्त गरेका छन् । यस सङ्ग्रहमा बलिदानी सहिदहरूको वर्णन र चित्रणमा करुण रसको साथै वीररसको प्रयोग भएको पाइन्छ । सहिदले भोगेको दुःखप्रति करुणभाव दर्शाउँदै कविले यस्तो अभिव्यक्ति दिएका छन् -

खबर पायौं तिमीलाई साथी शत्रुले पकडेछन्
लगेर कालो कोठरी भित्र यातना दिएछन्

जहान बच्चा बिचल्ली पारी सर्वस्व हरेछन्

अन्यायपूर्वक छातीमा तिम्रो गोलीले हानेछन् ।

-*सहिदको सम्झनामा* पृष्ठ १

कलुषित भावना फ्याँकेर जनताका दुस्मनसँग बदला लिन एकजुट भई सहिदले देखाएको बाटोमा हिँड्न आह्वान गर्दै कविले यस्तो अभिव्यक्ति दिएका छन् -

मिल्काउँदै मैलो विचार

झगडा र फाटो

ढकमक्क गुराँस फुलाऊँ

यो देशको माटो

जनताका दुस्मनसँग

फेर्नलाई साटो

हिडौँ साथी हामी पनि

सहिदको बाटो ।

-*सहिदको बाटो* पृष्ठ १०

यसरी देशको मुहार फेर्नको लागि प्राणोत्सर्ग गर्ने सहिदहरूको सम्झनामा कविले यस सङ्ग्रहमा श्रद्धापूर्ण  भावाभिव्यक्ति प्रकट गरेका छन् ।

## ४.१.३.५ दृष्टिबिन्दु

**जिउँदा मानिसहरू** कविता सङ्ग्रहका कविताहरूमा कविको एकोहोरो आत्मालापी वर्णन भएकोले प्रथम पुरुषात्मक दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ भने *सहिदको सम्झनामा, सहिदप्रति, सहिद र कविता* आदि कवितामा 'खबर पायौँ तिमीलाई साथी शत्रुले पक्डेछन्' भनेर यहाँ सहिदलाई 'तिमी' भनेर सम्बोधन गरिएको छ र 'खबर पायौँ' भन्नाले 'हामीहरू' भन्ने शब्दलाई बुझाउँछ, त्यसैले यी कविताहरूमा प्रथम र द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.१.३.६ जीवनदृष्टि

**जिउँदा मानिसहरू** कविता सङ्ग्रहका कविताहरूको मुख्य उद्देश्य सहिदहरूप्रति सम्मान गर्नु रहेको छ । सहिदहरूले राष्ट्र र जनतालाई उन्मुक्ति दिनको लागि आफ्नो

प्राणको आहुति दिएका थिए । त्यसैले हामी सम्पूर्ण नेपालीहरू एकजुट भई सहिदप्रति श्रद्धा र सम्मान व्यक्त गर्दै सहिदले देखाएको बाटोमा हिँड्नुपर्छ र सहिदका अधुरा सपनाहरू पूरा गर्नुपर्छ । सहिदको बारेमा कविता कोरेर मात्र सहिदप्रति न्याय गरेको ठहरिँदैन । बरु सहिदहरूले गर्न नभ्याएका अधुरा कामहरू पूरा गरी देशमा दिगो शान्ति र विकास गर्न सकेमा यथार्थमा सहिदहरूप्रति सम्मान गरेको ठहरिने छ भन्ने मुख्य जीवनदृष्टि यस कविता सङ्ग्रहमा अभिप्रेरित भएको पाइन्छ ।

### ४.१.३.७ लय/छन्द

**जिउँदा मानिसहरू**भित्रका कविताहरूमा कवि चौलागाईंले गीतिलय तथा गद्यलयको प्रयोग गरेका छन् भने परम्परागत शास्त्रीय छन्दको प्रयोग कुनै कवितामा पनि भएको पाइँदैन् । गीतिलय र मुक्तलयका कविताका केही हरफहरू यहाँ प्रस्तुत गरिएका छन्-

बगैँचाभित्र मुसुक्क हाँसी फक्रेका फूलहरू
खोल्चा र खोल्ची लक्षमा पुग्न बनेका पुलहरू
बिहानीपख झुल्किने राता घामका किरणहरू
अति नै प्यारा बाटो देखाउने आँखा हुन् सहिदहरू

-*अजेय सहिदहरू* पृष्ठ ९

आगाका फिलुङ्गा जस्तै शब्दहरू बटुलेर
सूर्यका चहकिला र रक्तिम किरणहरू जस्तै
आस्था, विश्वास र सङ्घर्षका धुक्धुकीहरू समेटेर
आफ्नै मुटुबाट रगतका थोपाहरू निकालेर
सहिद ! तिम्रो बारेमा कविता लेख्ने
कुत्कुती लागेको छ मलाई

-*सहिद र कविता* पृष्ठ ७

सहिद भनेका हाम्रा बगैँचाका सुन्दर फूलहरू अनि विकट दुर्गम स्थानका पुल जस्तै महत्त्व बोकेका हुन्छन् । त्यसैले यस्ता महान् सहिदहरूको बारेमा आफूलाई कविता लेख्न उत्सुकता जागेको भाव कविले गीतिलय र मुक्त लयका कविता मार्फत व्यक्त गरेका छन् ।

### ४.१.३.८ भाषाशैली

**जिउँदा मानिसहरू** कविता सङ्ग्रहका कविताहरूको भाषा सरल, सरस र स्पष्ट छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ । प्रायः बिम्ब, प्रतीक र अलङ्कार आदिको अधिक प्रयोग नगरी लेखिएका यी कविताहरूको शैली वर्णनात्मक र विवरणात्मक छ । समग्रमा भन्नुपर्दा प्रस्तुत कविता सङ्ग्रहका कविताहरूको भाषाशैली सर्वसाधारण पाठकहरूका लागि पनि बोधगम्य, सरल र सहज छ ।

### ४.१.३.९ अलङ्कार

**जिउँदा मानिसहरू**भित्रका कविताहरूमा उपमा, रूपक र अतिशयोक्ति अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**क) उपमा अलङ्कार**

झुकेन शिर रत्तिभर तिम्रो हिमाल झैँ उचा थ्यो
प्वाँख जस्तो हैन मरण तिम्रो पहाड झैँ विशाल थ्यो

-*सहिदको सम्झनामा* पृष्ठ १

**ख) रूपक अलङ्कार**

औंशीको रातमा दियालो बाल्ने सहिदका आँखा हुन्
डाँडा र काँडा भञ्ज्याङ्ग नाघ्ने सहिदका पाइला हुन्

-*सहिद* पृष्ठ ५

**ग) अतिशयोक्ति अलङ्कार**

महान छ तिम्रो अमर गाथा महान छ जीवनी
उम्लन्छ रगत मुटुमा तिम्रो सुनाउँदा कहानी

-*सहिदप्रति* पृष्ठ ३

यसर प्रकार उपर्युक्त अलङ्कारहरूले प्रस्तुत कृति सजिएको पाइन्छ ।

### ४.१.३.१० बिम्ब र प्रतीक

**जिउँदा मानिसहरू** कविता सङ्ग्रहका कविताहरूमा केही बिम्ब तथा प्रतीकको प्रयोग भएको पाइन्छ । बिम्ब प्रयोग भएका केही कवितांशहरू यहाँ प्रस्तुत गरिएको छ -

झुकेन शिर रत्तिभर तिम्रो हिमाल झैँ उचा थ्यो
प्वाँख जस्तो हैन मरण तिम्रो पहाड झैँ विशाल थ्यो

*-सहिदको सम्झनामा* पृष्ठ १

यस कविताांशमा प्रयोग भएका हिमाल र पहाड जस्ता शब्द अदम्य शाहस, त्याग, बलिदान र अमरत्वको प्रतीक भएर आएका छन् ।

उजाड छ देश मिलेर हामी गुराँस रोप्नेछौं
सडेको रीति भत्काई नौलो संसार खोप्नेछौं ।

- *सहिदप्रति* पृष्ठ ३

यहाँ 'उजाड' र 'सडेको रीतिको' सन्दर्भ पञ्चायती व्यवस्थाका बिम्ब तथा प्रतीकका रूपमा आएका छन् भने 'गुराँस' र 'नौलो संसार' प्रजातन्त्रको प्रतीक बनेर आएका छन् ।

बगैँचाभित्र मुसुक्क हाँसी फक्रेका फूलहरू
खोल्चा र खोल्ची लक्षमा पुग्न बनेका पुलहरू
बिहानीपख झुल्किने राता घामका किरणहरू
अति नै प्यारा बाटो देखाउने आँखा हुन सहिदहरू

*-अजेय सहिदहरू* पृष्ठ -९

प्रस्तुत कविताांशमा 'खोल्चा', 'खोल्ची' जस्ता शब्दहरू तत्कालीन राज्य व्यवस्थाका विकृति र विसङ्गतिको प्रतीक बनेर आएका छन् भने 'फूलहरू', 'पुलहरू', 'राता घामका किरणहरू', 'बाटो देखाउने आँखा' क्रमशः प्रजातान्त्रिक व्यवस्थाका बिम्बका रूपमा आएका छन् । यसरी विभिन्न बिम्ब तथा प्रतीकको प्रयोगले **जिउँदा मानिसहरू**भित्रका कविताहरूको भाव ओजपूर्ण बन्न पुगेको छ ।

## ४.१.३.११ सारांश

कवि आर.आर.चौलागाईंका पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०४३ मा प्रकाशित **जिउँदा मानिसहरू** कविता सङ्ग्रह प्रकाशनको हिसाबले तेस्रो पुस्तकाकार कृति हो । प्रस्तुत कृतिभित्रका सम्पूर्ण कविताहरू सहिदहरूको श्रद्धा र सम्मानप्रति समर्पित छन् । प्रस्तुत कृतिमा कविले देश र जनताको मुक्तिको लागि आफ्नो प्राणको आहुति दिने सहिदप्रति

असीम श्रद्धाको भाव व्यक्त गर्दै सहिदहरूले देखाएको बाटोमा हिँड्न र सहिदहरूका अधुरा सपना साकार पार्नका लागि समस्त शोषित, पीडित नेपाली जनतालाई आह्वानका साथ प्रतिबद्धता समेत व्यक्त गरेका छन् । सहिदसँग सम्बन्धित विषयमा नै प्रस्तुत सङ्ग्रहका कविताहरू केन्द्रित भएको पाइन्छ । सहिदहरूको त्याग र बलिदानको गुणगानमा अर्पित प्रस्तुत कृतिको भाषा सरल र सरस भएकाले सामान्य पाठकहरूले पनि सजिलैसित भाव ग्रहण गर्न सक्ने देखिन्छ । पूर्व प्रकाशित कृतिहरूभन्दा प्रस्तुत कृति केही परिष्कृत र परिमार्जित बन्दै गएको पाइन्छ ।

### ४.१.४ बन्धनभित्रका अभिव्यक्तिहरू कविता सङ्ग्रहको अध्ययन

विभिन्न सातजना कविहरूको संयुक्त कृतिका रूपमा रहेको **बन्धनभित्रका अभिव्यक्तिहरू** कविता सङ्ग्रह कवि आर.आर. चौलागाईंको चौथो कृति हो । यस कृतिभित्र रहेका कवि आर.आर. चौलागाईंका कविताहरूको कविताका तत्त्वहरूको आधारमा यहाँ अध्ययन गरिएको छ ।

#### ४.१.४.१ शीर्षक

तत्कालीन समयमा नेपाली जनताहरू भित्रभित्रै कुण्ठित,पीडित र वाक् स्वतन्त्रता विहीन भएको अवस्थालाई महसुस गरी विभिन्न कविहरूद्वारा मुक्तिको कामना गर्दै लेखिएको प्रस्तुत कृतिको नामाकरण सार्थक र औचित्यपूर्ण नै देखिन्छ भने कवि चौलागाईंको *युगको प्रतीक्षामा* नामक कविताले प्रस्तुत कृतिको शीर्षकसँग सामीप्यता राखेको पाइन्छ ।

#### ४.१.४.२ संरचना

**बन्धनभित्रका अभिव्यक्ति** कविता सङ्ग्रह बाह्य संरचनाको दृष्टिले अन्ठाउन्न पृष्ठको मध्यम आकारको कृति हो । यो कृति वि.सं. २०४६ सालको विजयादशमीको शुभ मुहूर्तमा इन्द्रेनी प्रकाशनद्वारा पाँच सय प्रति प्रकाशित भएको हो । विभिन्न सात जना कविका संयुक्त कृतिको रूपमा रहेको प्रस्तुत कृतिमा कवि चौलागाईंको पाँचवटा मात्र कविताहरू पृष्ठ १ देखि ८ सम्म रहेका छन् । बाह्यावरणमा 'बन्धन' लाई दर्साउने खालको चित्र कोरिएको छ र त्यसमा कृतिको नाम लेखिएको छ । यसले जनताका भावनाहरू बन्धनभित्र जकडिएको आभास दिन्छ । कृतिको अग्रभागतिरै मोदनाथ प्रश्रितले *सात*

*स्रष्टालाई सफल यात्राको शुभेच्छा !* भन्ने शीर्षकमा आफ्ना विचारहरू राखेका छन् । त्यसैगरी कृतिको पछिल्लो कभरको भित्रपट्टि *प्रकाशकको कलम* भन्ने शीर्षकमा इन्द्रेनी प्रकाशनको धारणा प्रस्तुत गरिएको छ ।

आन्तरिक संरचनाका दृष्टिले हेर्दा **बन्धन भित्रका अभिव्यक्तिहरू** भित्रका कवितामा कवि चौलागाईंले देशको तत्कालीन अवस्थाको यथार्थ चित्रण गरेका छन् । नारीहरूप्रतिको हेय दृष्टिकोणको विरोध गरेका छन् । यस सङ्ग्रहभित्रका कवितामा कविले प्रजातन्त्रको प्रतीक्षा रहेको र त्यसको आगमन अवश्यंभावी छ भन्ने आशावादी भाव व्यक्त गरेका छन् । यस्ता आशावादी/ जीवनवादी दृष्टिकोणको अत्यन्तै गहन विचार र भित्री गहिराइको भावानुभूतिका छालहरूले कृतिभित्र जीवन्त अभिव्यक्ति पाएका छन् । आन्तरिक संरचनाको कोणबाट पनि **बन्धनभित्रका अभिव्यक्तिहरू** कविता सङग्रह परिपुष्ट नै देखिन्छन् ।

## ४.१.४.३ विषयवस्तु

**बन्धनभित्रका अभिव्यक्तिहरू**भित्र कवि चौलागाईंले मुलुकको बिँग्रदो अवस्थाप्रति चिन्ता, प्रजातन्त्र प्राप्तिको अभिलाषा, नारीहरूप्रति सम्मान जस्ता कुराहरूलाई मुख्य विषयवस्तु बनाएका छन् । दुःखी गरीब, भोका नाङ्गा, शोषित, पीडित जनताका यथार्थ कथा व्यथाहरू नै साहित्यमा मुखरित हुनुपर्छ भन्ने भाव व्यक्त गर्दै कवि चौलागाईंले अन्य कवि, साहित्यकाररूलाई यसरी झकझकाएका छन् -

कवि तिमी बाटो भुली निराश हुन्छौ किन ?
कर्तव्यलाई नचिनेर हताश बन्छौ किन ?
अत्याचारमा पिल्सिएका जनता बीच जाऊ
तिम्रो कर्तव्य त्यही हो कवि यथार्थलाई समाउ ।

-*कविप्रति* पृष्ठ ३

मुलुकको बिग्रँदो अवस्थाप्रति चिन्ता व्यक्त गर्दै कविले यस्तो अभिव्यक्ति दिएका छन्-

खैं ! के भनूँ कस्तो - कस्तो
नुन नहालेको तरकारी जस्तो
अझ सङ्क्षेपमा भनूँ भने
देशको वर्तमान अवस्था जस्तो
यस्तो छ भीफेदीको बाटो ।

-*भीमफेदीको बाटो* पृष्ठ १

कविले नारीहरूप्रति यसरी प्रेरणा, उत्साह र सम्मानपूर्ण भाव व्यक्त गरेका छन् -

देशको लागि बलिदान हुन सक्ने
एउटा महान् र ओजस्वी विचार लिएका
देशका बलिया खम्बाहरू हुन्, नारीहरू

-*नारीहरू को हुन् ?* पृष्ठ ४

देशको बिग्रँदो अवस्थाप्रति चिन्ता, मुक्तियुद्धमा लाग्ने प्रेरणा, आशावादी जीवनदृष्टि नारीहरूलाई अबला र खेलौना ठान्नेहरूप्रति तीव्र आक्रोश जस्ता विषयवस्तुहरू यस कविता सङ्ग्रहमा रहेको पाइन्छ ।

## ४.१.४.४ रसभाव

**बन्धनभित्रका अभिव्यक्तिहरू**भित्र रहेका कवितामा अभिव्यक्त भावहरूलाई अध्ययन गर्दा मानव मनका आँतमा रसाउने विभिन्न रसहरू, मानव मनमा उत्पन्न हुने विभिन्न प्रकारका भावहरूको यहाँ प्रयोग भएको पाइन्छ । कविको देशप्रतिको चिन्तन भावमय भएर प्रकट भएको छ । देशको बिग्रँदो अवस्थाप्रति राष्ट्रको बागडोर समालेर बसेका टाउकेहरूलाई मतलब नभएको प्रति कविले यसरी व्यङग्य भाव प्रस्तुत गरेका छन् -

ठूलाबडा आकाशमा उड्छन्
मुन्तिरकालाई आउनै पर्दैन
अड्डा अदालत नभएर होला
हाकिमलाई पनि धाउनै पर्दैन
कतै चेप्टेको, कतै नेप्टेको
कतै चर्केको, फर्केको
साँच्चै हो हजुर !
यस्तो छ भीमफेदीको बाटो

-*भीमफेदीको बाटो* पृष्ठ २

साना छोराछोरीलाई पढ्न सिकाउनु
आजैदेखि सहिदको मार्ग देखाउनु
मलाई सम्भी विरहमा आँसु नभार्नु
बाटो छोडी आफूलाई एक्लो नपार्नु

-*श्रीमतीलाई चिठी* पृष्ठ ६

यस कवितांशमा आफू मुक्तियुद्धको महासङ्ग्राममा हिँडेकाले आफूले वीरगति प्राप्त गरेका खण्डमा पीर नगरी अझ सङ्घर्षमय जीवनमा उत्रिन र आफूले गर्न नभ्याएको अधुरो कामको जिम्मेवारी वहन गर्न श्रीमतीलाई गरिएको आग्रहमा वीररसको छनक पाइन्छ ।

### ४.१.४.५ दृष्टिबिन्दु

**बन्धनभित्रका अभिव्यक्तिहरू** कविता सङ्ग्रहको *भीमफेदीको बाटो, श्रीमतीलाई चिठी* शीर्षकको कवितामा कवि स्वयम्ले आफ्ना विचारहरू प्रस्तुत गर्दै लगेकाले प्रथमपुरुषात्मक दृष्टिबिन्दुको प्रयोग भएको छ । *नारीहरू को हुन् ?* शीर्षकको कवितामा कविले नारीहरूको बारेमा वर्णन गरेका हुनाले तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ भने *कविप्रति* र *युगको प्रतीक्षामा* कवितामा प्रथम र द्वितीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

### ४.१.४.६ जीवनदृष्टि

**बन्धनभित्रका अभिव्यक्तिहरू** कविता सङ्ग्रहका कविताहरूको मुख्य उद्देश्य यथार्थको प्रस्तुतीकरण गर्नु हो । भीमफेदीको बिग्रेको बाटोसँग देशको बिग्रँदो अवस्थाको तुलना गर्नु वास्तवमै यथार्थको प्रकटीकरण हो । त्यसैगरी नेपाली जनताहरू तत्कालीन राज्य व्यवस्थाका विद्रूपताहरूबाट निस्सासिएर मुक्तिको कामना गर्दै प्रजातन्त्र आगमनको प्रतीक्षामा रहेको वास्तविकता पनि यहाँ प्रकट भएको छ । नारीहरूप्रति सकारात्मक दृष्टिकोण र कवि तथा साहित्यकारहरूले अभावमा पिल्सिएका नेपाली जनता, सङ्कटमा परेको राष्ट्रियताप्रति सचेत भएर कलम चलाउनु पर्छ भन्ने मानवतावादी र राष्ट्रवादी जीवनदृष्टि यस कविता सङ्ग्रहमा प्रस्तुत भएको पाइन्छ ।

### ४.१.४.७ लय/छन्द

**बन्धनभित्रका अभिव्यक्तिहरू** कविता सङ्ग्रहका *कविप्रति* र *श्रीमतीलाई चिठी* कवितामा गीतिलयको र बाँकी तीनवटा कवितामा गद्ययात्मक लयको प्रयोग भएको पाइन्छ भने अघिल्ला कविता कृतिहरूमा जस्तै चौलागाईंको यस कृतिमा पनि परम्परागत शास्त्रीय छन्दको प्रयोग भएको पाइँदैन । गद्यलय र गीतिलय प्रयोग भएका कवितांशहरू यहाँ प्रस्तुत गरिएको छ -

चारैतिर प्रकाश फिंजाइरहने
स्वच्छ आकाशका सुनौला ताराहरू हुन, नारीहरू
गृष्मको प्रचण्ड गर्मीमा वगिरहने
हावाका चिसा झोक्काहरू हुन्, नारीहरू

-*नारीहरु को हुन्* पृष्ठ ४

तिम्रो कलम सङ्घर्षको गीत लेख्दै जाओस्
गाउँ वस्ती झुपडीमा प्रीत पोख्दै जाओस्
जनताका वैरीलाई निमिट्यान्न पारोस्
अध्याँरोलाई चिर्दै धर्ती झलमल्ल पारोस्

-*कविप्रति* पृष्ठ ३

माथिको कवितांशमा सहज, स्वाभाविक र स्वतः स्फूर्त ढङ्गले आनुप्रासिक विन्यास गरिएकोले कविता श्रुतिमाधुर्यको साथसाथै लयात्मक बन्न पुगेको छ ।

## ४.१.४.८ भाषाशैली

**बन्धनभित्रका अभिव्यक्तिहरू** कविता सङ्ग्रहका कविताहरूको भाषा सहज, सरल र स्वभाविक छ । तत्सम, तद्भव शब्दहरूको प्रयोग भएको पाइन्छ । समग्रमा भन्नुपर्दा प्रस्तुत सङ्ग्रहका कविताहरूको भाषाशैली क्लिष्ट र दुरूह नभई साधारण पाठकको लागि पनि बोधगम्य छ ।

## ४.१.४.९ अलङ्कार

**बन्धनभित्रका अभिव्यक्तिहरू** भित्रका कवितामा अर्थान्तरन्यास, उपमा र दृष्टान्त अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**क) अर्थान्तरन्यास अलङ्कार,**

सामान्य वा विशेष कथनलाई अर्को सामान्य वा विशेष कथनले समर्थन गर्ने अलङ्कारलाई अर्थान्तरन्यास अलङ्कार भनिन्छ ।[१४२]

[१४२] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुइटेल **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त** पूर्ववत्, पृ. ६९ ।

सत्यताको आँखा चिम्ली महल ताक्ने होइन
विवेकलाई पन्छाएर पर भाग्ने होइन

-*कवि प्रति* पृष्ठ ३

**ख) उपमा अलङ्कार**

घाम जस्तै चमकदार भएर
अनि नदी जस्तै गतिशील भएर आउनुपर्छ

-*युगको प्रतीक्षामा* पृष्ठ ७

**ग) दृष्टान्त अलङ्कार**

दुई वा दुईभन्दा बढी वाक्यार्थमा एउटै धर्म नभएर पनि ती बिम्ब र प्रतिबिम्ब जस्ता भई वाक्यार्थको समानता बुझाउने अलङ्कारलाई दृष्टान्त अलङ्कार भन्छि ।[१४३]

लेकाली पाखाहरूमा रक्ताम्य भएर फुल्ने
लालीगुराँस र सुनगाभाका सुन्दर फूलहरू हुन, नारीहरू

-*नारीहरू को हुन् ?* पृष्ठ ४

यसप्रकार विभिन्न अलङ्कारहरूको प्रयोगले प्रस्तुत कृति ओजपूर्ण बनेको छ ।

## ४.१.४.१० बिम्ब र प्रतीक

प्रस्तुत सङ्ग्रहभित्रका कविताहरूमा विभिन्न बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ । देशको तत्कालीन परिवेश, बेथिति र विकृतिले जन्माएका विविध भावहरू कवि चौलागाईंले आफ्ना कविता मार्फत यसरी व्यक्त गरेका छन् :-

भोटो यसको फाटिसकेछ
फेर्न कसैलाई सरोकार छैन
चौडाई यसको घटिसकेछ
बढाउने कसैलाई चासो छैन.
कतै चेप्टेको कतै नेप्टेको
कतै चर्केको, फर्केको

[१४३] पूर्ववत् पृ. ६८ ।

खै ! के भनूँ कस्तो - कस्तो
नुन नहालेको तरकारी जस्तो
अझ सङ्क्षेपमा भनूँ भने
देशको वर्तमान अवस्था जस्तो
यस्तो छ भीमफेदीको बाटो ।

-*भीमफेदीको बाटो* पृष्ठ २

प्रस्तुत कवितांशमा कवि चौलागाईंले हेटौंडा र काठमाडौं जोड्ने जीर्णावस्थामा रहेको भीमफेदीको बाटोको बिम्बचित्रका माध्यमबाट नेपालको तत्कालीन अवस्थाको दुरुस्त चित्रण उतारेका छन् । माथिको कवितांशमा *भोटो यसको फाटिसकेछ, चौडाई यसको घटिसकेछ* जस्ता वाक्यांशले मिचिदैं गएको नेपालको सिमानाप्रति र *चर्केको, फर्केको* जस्तो शब्दले जातीय द्वन्दमा भासिँदै गएको नेपालको अवस्थाप्रति इङ्गित गरेको छ ।

बन्धन भित्रका अभिव्यक्तिहरू कविता सङ्ग्रहभित्रका कवितामा कविले नयाँ युगको आगमन हुने अभिलाषा यसरी व्यक्त गरेका छन् ।

चुक घोप्टेजस्तो अन्धकारको गर्भभित्र छु
बाटो नदेखेर लडखडाउँदै छु, भौतारिंदै छु
तिमी आएपछि सब ठीक हुनेछ
यही आशाको न्यान्द्रोमा अल्झिएको छु
तिमी जरुर आउनुपर्छ
घामजस्तै चमकदार भएर
अनि नदीजस्तै गतिशील भएर आउनुपर्छ
म तिम्रै आगमनको प्रतीक्षामा छु ।

-*युगको प्रतीक्षामा* पृष्ठ ७

कवितांशमा प्रजातन्त्रको आगमन अवश्य हुन्छ भन्ने आशावादी स्वर बिम्बका माध्यमबाट व्यक्त भएको छ । यहाँ *चुक घोप्टेजस्तो अन्धकारको गर्भ,* जस्ता शब्दहरू तत्कालीन राज्यव्यवस्थाका बेथिति र विकृतिको प्रतीकको रूपमा र *घामजस्तै चमकदार* र *नदी जस्तै गतिशील* जस्ता शब्दहरू प्रजातन्त्रको प्रतीक बनेर आएका छन् । *तिमी आएपछि सब ठीक हुन्छ, तिमी जरुर आउनुपर्छ* जस्ता शब्दले आगमनरत प्रजातन्त्रको बिम्बात्मक प्रस्तुति गरेको पाइन्छ ।

### ४.१.४.११ सारांश

कवि आर.आर.चौलागाईंका पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०४६ मा प्रकाशित **बन्धनभित्रका अभिव्यक्तिहरू** चौथो कृति हो । प्रस्तुत कृति विभिन्न सात जना कविहरूको रचना सङ्कलित भएको संयुक्त कविता सङ्ग्रह हो, जसमा कवि आर.आर.चौलागाईंका जम्मा पाँचवटा फुटकर कविताहरू रहेका छन् । फुटकर रूपमा विभिन्न पत्रिकामा प्रकाशित भइसकेका कविताहरूलाई कविले यस सङ्ग्रहमा समेटेका छन् । नारीहरूप्रतिको सकारात्मक दृष्टिकोण, मुलुकको बिग्रँदो अवस्थाप्रति चिन्ता, प्रजातन्त्र प्राप्तिको उत्कट अभिलाषा, साहित्यकारहरूले अन्याय र अत्याचारको विरुद्धमा कलम चलाउनुपर्ने जस्ता विचारहरू कवि चौलागाईंका कविताहरूमा समाविष्ट भएका छन् । समग्रमा कवि चौलागाईंका यस सङ्ग्रहमा परेका कविताहरू सुन्दर हुनुको साथै भाषा सरल र सरस भएकोले सामान्य पाठकले पनि सजिलैसित भाव ग्रहण गर्नसक्ने खालको देखिन्छ । कवि चौलागाईंको पूर्व प्रकाशित रचनाहरूका तुलनामा प्रस्तुत कृति केही परिष्कृत र परिमार्जित देखिन्छ ।

## ४.१.५ चास्सचुस्स, हाइकु, छोक र मुक्तक सङ्ग्रहको अध्ययन

वि.सं. २०५२ मा प्रकाशित **चास्सचुस्स** नामक कृति कविताका विविध विधाहरू समावेश गरी प्रकाशित गरिएको दुई जना कविको संयुक्त कृति हो । यस सङ्ग्रहभित्र हाइकु, छोक र मुक्तक समावेश गरिएको छ ।  त्यसैले सर्वप्रथम यहाँ हाइकु, छोक र मुक्तक के हुन त ? भनी चर्चा गर्नु सान्दर्भिक ठहरिन्छ । पूर्वीय र पाश्चात्य विद्वान्हरूका समग्र वर्गीकरण/प्रकार वा स्वरूपलाई आधार बनाएर हेर्दा परम्परित रूपमा कविताको वर्गीकरणलाई यसप्रकार देखाइन्छ :-[१४४]

१. लघुतम रूप - मुक्तक

२. लघुरूप - फुटकर कविता

३. मध्यमरूप - खण्डकाव्य र लामो कविता

४. वृहत्रूप - महाकाव्य

भाव विचार वा अनुभूतिको एक झट्का वा झोक्का दिने अत्यन्त छोटा मुक्तक वा मुक्तकीय ढाँचामा लेखिएका अति छोटा कविताहरू लघुतम रूपभित्र पर्दछन् । यस्ता

[१४४] लक्ष्मणप्रसाद गौतम, **समकालीन नेपाली कविताका प्रवृति**, पूर्ववत् - पृ.२ ।

कविताहरू एकदेखि पाँच, छ पङ्क्तिसम्म विस्तारित हुन्छन् ।[१४५] जीवनजगत्का अनुभवलाई रागात्मक र कलात्मक किसिमले भाषाका माध्यमबाट भन्ने क्रममा लयात्मकता अँगालिँदा प्रकट हुने कविता विधाको स्वयम्मा पूर्ण रहने लघुतम एकाइलाई नै मूख्यतः लघुतम कवितारूप भनिन्छ । यो लघुतम कविता रूप मुख्यतः मुक्तकका नाउँले संस्कृत र नेपाली भाषामा पनि प्रसिद्ध रहेको छ ।[१४६] कविताको सबैभन्दा छोटो रूप नै लघुतम रूप हो । जुन रूप मुक्तक हुने गर्दछ । यो कविताको लघुतम रूप मुक्त स्वतन्त्र, स्वायत्त, एकल, एक श्लोके पद्यात्मक सबभन्दा सानो अभिव्यक्तिको रूप वा एकाई श्रेणी नै यथार्थमा मुक्तक हुने गर्दछ ।[१४७] पूर्वीय काव्यशास्त्र अनुसार एक श्लोकमा लेखिएको स्वयम्मा पूर्ण, पद्य वा गद्यमा लेखिएको छोटो र मार्मिक कविता नै मुक्तक हो ।[१४८] कविताका अनेक हाँगाविँगा छन् । तीमध्ये मुक्तक सबभन्दा सानो एकाइ हो । यो चार चरणमा पूरा गरिन्छ, तापनि गद्य लयको विकास भएयता सात चरणसम्म फैलिएको पाइन्छ । मुक्तकको खास पहिचान चतुष्पदी हुनुमा नै छ । यो विशेष लक्षण भएको फुटकर कविता हो ।[१४९] एकश्लोकी, दुईश्लोकी पञ्चक, सप्तक-अष्टक-दशक, पच्चीसी, पञ्चाशिका, शतक जस्ता पद्यसङ्ख्याका आधारमा कविता मुक्तक नै हो ।[१५०] यसमा छन्दोबद्ध र छन्दोमुक्त दुवैखाले रचना पर्छन् । यसरी कविताभित्र अत्यन्त लघुरूप मुक्तकदेखि अत्यन्त बृहत्तमरूप महाकाव्यको अस्तित्व पूर्वीय साहित्य भण्डारमा छ ।[१५१] नेपाली कविता क्षेत्रमा संस्कृत वाङ्मयबाट आएको समस्यापूर्ति, प्रगीतात्मक मौलिक नेपाली कविताशैली झ्याउरे, ब्रज-अवधी हुँदै आएको दोहा, उर्दू फारसी हुँदै आएको गजल, अरबी-हिन्दी हुँदै आएको रुवाई र चिनियाँ-जापानी हुँदै आएको हाइकु पनि नेपाली कविताकै भूगोलभित्र समाविष्ट कविताका अनेक प्रकार विशेष हुन् । संसारका हरेक भाषामा कविता लेखिएका छन् र यसका रूप- आकृति पनि थरीथरीका हुनु कुनै अनौठो कुरा होइन ।[१५२] यद्यपि गजल र हाइकु यी दुवै कविता शैली अनेपाली हुन् तर मोतीराम भट्टका नेपाली कलम र कल्पनाले गजलमा र शङ्कर लामिछानेका प्रतिभाले हाइकुमा पनि मौलिक साहित्यको झझल्को प्रस्तुत हुन थालेको छ ।[१५३] वैदिक-साहित्य

---

[१४५] पूर्ववत् - पृ. २ ।
[१४६] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी पूर्ववत्, पृ. २८ ।
[१४७] ईश्वरप्रसाद गैरे र कृष्णप्रसाद आचार्य, पूर्ववत्, पृ. ३३६ ।
[१४८] हेमाङ्गराज अधिकारी र बद्रीविशाल भट्टराई, पूर्ववत्, पृ ८०८ ।
[१४९] नाराणप्रसाद खनाल, **समीक्षाका आकारहरू**, (नवलपरासी : त्रिवेणी साहित्य परिषद, २०६५), पृ.४९ ।
[१५०] पूर्ववत् पृ. ४९ ।
[१५१] पूर्ववत् पृ. ५० ।
[१५२] पूर्ववत् पृ. ५० ।
[१५३] पूर्ववत् पृ. ४८ - ४९ ।

एसियाको उपज हो भने हाइकु पनि एसिया वा जापानी नवसिर्जना नै हो । हिन्दुहरू वैदिक ऋचाका साधक हुन् भने बुद्ध वा ताओ-सिन्तोहरू हाइकुका पाठक । वैदिक ऋचाको प्रभाव करिब पाँच हजार वर्षदेखि नेपाली जनमानसमा परिरहेकै छ भने हाइकु छोटो इतिहास बोकेर नेपाली माझ झुल्किन थालेको स-सानो झिल्को मात्र हो ।[१५४]

अत्यन्तै छोटा हरफहरूमा धेरै कुराहरूलाई समेट्न सकिन्छ भन्ने मान्यता हाइकुको हो । पहिलो र तेस्रो हरफमा पाँच-पाँच र दोस्रो हरफमा सात अक्षर हुनुपर्दछ भन्ने मान्यता हाइकुको रहेको छ ।[१५५] कविता पूर्वमा र पश्चिममा धेरै प्राचीन कालदेखि नै चलनचल्तीमा रहेको अतिप्राचीन विधा हो । साहित्यका सन्दर्भमा जेठो विधा पनि हो । अतः हाइकु पनि कविता नै हो । व्याख्या र वर्णनविस्तारमा नियन्त्रण गर्नु, कविताको अत्यन्त सानो स्वरूप र थोरै अक्षरहरूको निश्चित समायोजनमा उभिनु हाइकुको प्रमुख विशेषता हो भने प्रकृतिको चित्रण गर्नु हरेक हाइकु कवि र हाइकु कविताको विषयवस्तु हुन आउँछ । वस्तुसत्य कल्पनाकै प्रयोग कविता हो र हाइकु पनि त्यस भन्दा पर हुँदैन ।[१५६]

यसरी विभिन्न विद्वान्हरूका भनाइ तथा विचारहरूलाई दृष्टिगत गर्दा कविताको अत्यन्त छोटो रूप मुक्तक हो भने पहिलो हरफमा पाँच अक्षर दोस्रो हरफमा सात अक्षर र तेस्रो हरफमा पाँच अक्षर हुने तीन पदको एक शारीरिक संरचना हुने जापानी शैलीका हाइकु पनि कविताकै विविध हाँगाबिँगा मध्ये एक हो । यसरी मुक्तक र हाइकुलाई कविताकै एक उपविधाको रूपमा ठम्याइसकेपछि छोक पनि मुक्तक जस्तै आधुनिक नेपाली कविताकै एक उपविधा हो भन्न सकिन्छ । साहित्यकार निमेष निखिलको भनाइमा 'छोक' भनेको छोटो कविता हो । [१५७] साहित्यकार पुरुषोत्तम आचार्यका अनुसार 'छोटा कविता' भन्ने दुईवटा शब्दको अगाडिको अक्षरहरू लिएर 'छोक' भन्ने शब्द बनाइएको हो । यो आधुनिक नेपाली कविताकै एक उपविधा हो । यो अत्यन्त छोटो आयाममा लेखिएको हुन्छ ।[१५८]

अतः छोक भनेको 'छोटा कविता' को सङ्क्षिप्त रूप हो भन्ने मान्यतालाई कायम राख्दै प्रस्तुत **चास्सचुस्स** सङ्ग्रहभित्र रहेका कवि आर.आर.चौलागाईंको हाइकु, छोक र मुक्तक शैलीका कविताहरूलाई यहाँ कविताका विभिन्न तत्त्वहरूका आधारमा अध्ययन गरिएको छ ।

---

[१५४] नारायणप्रसाद खनाल, **समीक्षाः प्रहर प्रहरका**, (नवलपरासी : त्रिवेणी साहित्य परिषद, २०६१) पृ., १७५ ।
[१५५] चन्द्रप्रसाद न्यौपाने, पूर्ववत्, पृ. ९३ ।
[१५६] नारायणप्रसाद खनाल, **समीक्षाः प्रहर प्रहरका**, पूर्ववत् पृ., १७६ ।
[१५७] निमेष निखिलसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।
[१५८] पुरुषोत्तम आचार्यसँगको मौखिक अन्तर्वार्ताबाट प्राप्त जानकारी अनुसार ।

### ४.१.५.१ शीर्षक

**चास्सचुस्स** कविता सङ्ग्रह साहित्यकार आर.आर.चौलागाईंको प्रकाशनको हिसाबले पाँचौं पुस्तकाकार कृति हो । देशको दिन प्रतिदिन खस्कँदै गएको अवस्था र देशको अवस्था जतिसुकै नाजुक बन्दै गएपनि त्यसको बेवास्ता गरी आफ्नै स्वार्थ पूर्तिको लागि मात्रै मरिहत्ते गर्ने सत्ताका नाइकेहरूप्रति व्यङ्ग्यबाण प्रहार गरी लेखिएको यस कृतिको शीर्षक सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.१.५.२ संरचना

प्रस्तुत **चास्सचुस्स** कविता सङ्ग्रह बाह्य संरचनाको दृष्टिले ३२ पृष्ठको अत्यन्त लघु आकारको कृति हो । वि.सं.२०५२ वैशाख १ गते प्रयास छापाखाना हेटौंडाबाट दुईजना कविहरूद्वारा संयुक्त रूपमा एघार सय प्रति प्रकाशित यस पुस्तकमा कवि चौलागाईंका छ वटा हाइकु, छ वटा छोक र बाह्र वटा मुक्तक पृष्ठ ११ देखि पृष्ठ २० सम्म रहेका छन् । प्रस्तुत कृतिको बाह्यावरण हेर्दा मानव मुकुन्डो जस्तो देखिने हास्यास्पद चित्र देखिन्छ । यी चित्रहरूले समाजमा देखिएका विभिन्न विकृति तथा विसङ्गतिहरूमाथि व्यङ्ग्य प्रहार गरेको आभास हुनुको साथै कृतिको शीर्षक र आवरण चित्र एक आपसमा मिल्दाजुल्दा देखिन्छन् । बाह्यावरण अन्तर्गतकै पश्चकभर पृष्ठको अर्ध भागमा दुवै कविहरूको छायाचित्र र सर्सर्ती परिचय विवरण दिइएको छ । प्रस्तुत कृतिको अग्रभागतिरै *चास्सचुस्स बारे दुई शब्द* शीर्षकमा खगेन्द्र सङ्ग्रौलाले आफ्नो मन्तव्य राखेका छन् भने त्यस पछाडिको भागमा *आफ्नै गन्थन* शीर्षकमा दुवै कविहरूले आफ्ना धारणा व्यक्त गरेका छन् । **चास्सचुस्स** कविता सङ्ग्रहमा साहित्यकार आर.आर.चौलागाईंका हाइकु, छोक र मुक्तक शैलीका २४वटा कविताहरू सङ्कलित छन् । यी सम्पूर्ण कविताहरूले तत्कालीन समाजमा व्याप्त विकृति, विसङ्गति र कुरीतिहरूप्रति व्यङ्ग्य प्रहार गरेका छन् । मानवतावादी दृष्टिकोणको अत्यन्तै गहन विचारले कृतिभित्र सशक्त अभिव्यक्ति पाएका छन् । यसरी बाह्य तथा आन्तरिक संरचनाको कोणबाट पनि **चास्सचुस्स** कविता सङ्ग्रह परिपुष्ट नै देखिन्छ ।

### ४.१.५.३ विषयवस्तु

**चास्सचुस्स**मा साहित्यकार आर.आर.चौलागाईंले प्रजातन्त्र आएपनि बहुसङ्ख्यक नेपाली जनताको पीडा नसमेटिएको प्रति चिन्ता, नारी अस्मिता, नेपाली जनताको दयनीय

अवस्थाको यथार्थ चित्रण, दिनानुदिन आकासिँदै गएको महङ्गी, घुसखोरी जस्ता कुराहरूलाई यससङ्ग्रहको विषयवस्तु बनाएका छन् । नेपाल र नेपाली जनतालाई नेताहरूले खेलौना जस्तै व्यवहार गरेको प्रति व्यङ्ग्य प्रहार गर्दै कविले यसरी अभिव्यक्ति प्रदान गरेका छन्-

ढेडुको हात

नरिवलको गट्टा

के मतलब !

-*सत्ता* पृष्ठ ११

भ्रष्ट नेता तथा शासकहरूले नेपाली जनताहरूलाई दिएको दुःख, पीडाको यथार्थ चित्रण कविले यसरी गरेका छन् -

थिच्न हुने, मिच्न हुने
भुक्याउन हुने, मुक्याउन हुने
बीसौं शताब्दीका चेतनशील नागरिक

-*जनता* पृष्ठ १३

देशमा प्रजातन्त्र आएपनि विकासका कार्यहरू ठप्प छन्, सहिदहरूको बलीदानीबाट आएको प्रजातन्त्रलाई केवल विकृति फैलाउने व्यवस्थाको रूपमा लिएको प्रति चिन्ता व्यक्त गर्दै कवि यस्तो अभिव्यक्ति दिन्छन् -

धाराबाट पानी हैन

कुहिएको भ्यागुता आयो

तारबाट बिजुली हैन

अलकत्रा जस्तो अन्धकार आयो

-*शिशु प्रजातन्त्र* पृष्ठ १५

राष्ट्रप्रेम, नेपाली जनताप्रतिको सद्भाव, नारी अस्मिताको खोजी, मानवीयताको खोजी, दिन प्रतिदिन आकासिँदै गएको महङ्गीको विरोध जस्ता विषयवस्तुहरूको चर्चा प्रस्तुत कविता सङ्ग्रहमा रहेको पाइन्छ ।

### ४.१.५.४ रसभाव

प्रस्तुत **चास्सचुस्स** कविता सङ्ग्रहमा देशमा प्रजातन्त्रको आगमन सँगसँगै स्वतन्त्रताको नाउँमा विभिन्न विकृतिहरू आए, प्रजातन्त्र हुनेखानेहरूको चाहना, सपना, आकाङ्क्षा पूरा गर्ने स्रोत साधन बनेर आयो तर अन्याय र अत्याचारमा गुम्सिएका जनताको

लागि आएन, बहुसंख्यक नेपाली जनता अझै अभाव र तनावसँग लडिरहेका छन्, हरक्षेत्रमा विकृति व्याप्त छ भन्ने भाव यहाँ प्रस्तुत भएको छ । नेपाली जनताको कारुणिक अवस्थाको यथार्थ चित्रण गर्दै कविले यस्तो अभिव्यक्ति दिएका छन् -

थिच्न हुने, मिच्न हुने
झुक्याउन हुने, मुक्याउन हुने
बीसौं शताब्दीका चेतनशील नागरिक

-*जनता* पृष्ठ १३

बीसौं शताब्दीको मध्य सँघारमा आइपुग्दा पनि नेपाली जनताहरू शासकहरूका कठपुतली बन्न बाध्य छन् भन्ने कारुणिक भाव माथिको कवितांशमा प्रस्तुत भएको छ ।

चुल्हो तातेन
कविता लेखिसकेँ
पेट भरियो

-*कवि* पृष्ठ ११

राष्ट्रका अमूल्य गहनाका रूपमा रहेका कवि तथा साहित्यकारहरू अभाव ग्रस्त जीवन जिउन बाध्य छन् भन्ने कारुणिक भाव माथिको कवितांशमा झल्किएको छ ।

## ४.१.५.५ दृष्टिबिन्दु

**चास्सचुस्स** कविता सङ्ग्रहमा स्वयम् कविले एकोहोरो किसिमले आफ्नो विचार प्रस्तुत गर्दै गएको पाइन्छ । त्यसैले **चास्सचुस्स** कविता सङ्ग्रहभित्रका प्रायः सम्पूर्ण कविताहरूमा प्रथम पुरुषात्मक दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ ।

## ४.१.५.६ जीवनदृष्टि

शोषित, पीडित नेपाली जनताहरूले ज्यानको बाजी लगाएर, युद्ध मैदानमा होमिएर ल्याएको प्रजातन्त्र केवल सत्ताका नाइकेहरूको पेवा जस्तै भएको र शोषित, पीडित जनताहरूको लागि प्रजातन्त्र 'बेल पाकेर कौवालाई हर्ष न विस्मात' भने जस्तै भएको प्रति घोर असन्तुष्टि जाहेर गर्नु नै प्रस्तुत कृतिको जीवनदृष्टि रहेको छ । त्यसैगरी मञ्चमा नारी उत्थानको भाषण छाँट्ने र भित्र भित्रै चेलीबेटी बेचबिखनमा संलग्नहरूप्रति तिखो व्यङ्ग्य प्रहार गर्नु प्रस्तुत कृतिको मुख्य जीवनदृष्टि रहेको पाइन्छ ।

### ४.१.५.७ लय/छन्द

**चास्सचुस्स** भित्रका सम्पूर्ण कविताहरू परम्परागत शास्त्रीय छन्द रहित मुक्त लयका छन् । ती मुक्त लयका कविताहरूलाई यहाँ प्रस्तुत गरिएको छ -

मुखमा पान
हमारा हिन्दुस्तान
जय नेपाल

-*परिचय* पृष्ठ १२

हाड नभएको जिभ्रो जे बोल्दा पनि हुने
जब आउँछ कुर्सिमा आँच पत्रकारले बङ्ग्यायो भन्ने ।

-*नेता* पृष्ठ १४

यसरी **चास्सचुस्स** भित्रका सम्पूर्ण कविताहरूमा कविले मुक्तछन्दको प्रयोग गरेको पाइन्छ ।

### ४.१.५.८ भाषाशैली

**चास्सचुस्स** कविता सङ्ग्रहका कविताहरूको भाषा अलङ्कार रहित सरल, सहज र स्पष्ट छ । कतै कतै हिन्दी शब्दहरूको पनि प्रयोग भएको छ । प्रस्तुत सङग्रहभित्रका हाइकु, छोक र मुक्तकीय ढाँचाका कविताहरू अत्यन्तै घोचक र रोचक शैलीका रहेका छन् । यस सङ्ग्रह भित्रका सबै कविताहरू छोटा, छरिता, रसिक र राजनीतिक तथा सामाजिक विकृतिप्रति तीव्र व्यङ्ग्यले भरिपूर्ण भएका छन् । समग्रमा भन्दा **चास्सचुस्स** कविता सङ्ग्रहभित्रका कविताहरूका भाषाशैली बिम्बात्मक, प्रतीकात्मक छ भने हाइकु तथा छोकको सङ्क्षिप्ततालाई लक्षित गरी लेखिएको हुनाले भाषा बोधगम्य नै छ ।

### ४.१.५.९ बिम्ब र प्रतीक

**चास्सचुस्स** भित्रका कवितामा कविले देशमा भएका र हुनेगरेका बेथिति र विकृतिहरूलाई बिम्ब तथा प्रतीकको माध्यमबाट व्यक्त गरेको पाइन्छ ।

नेता आए
भाषण लडाए

एक महिनाको रासन उडाए
आउँदो चुनावमा भोट हाल्नु
के के हो के के फकाउन सम्म फकाए
खोरका दुई चारवटा कुखुरा पकाए
विचरा ! मङ्गले सोझो मोरो
ट्वाँ परेर हेऱ्यो एकोहोरो
नेताहरू टाठा-बाठा भेट्टाएछन् यस्ता लाटा ।

-*नेता र मंगले* पृष्ठ १७

प्रस्तुत कवितांशमा नेताहरूका चरित्रको यथार्थ चित्र उतार्ने क्रममा सिधासाधा जनताहरूलाई विभिन्न प्रलोभन देखाएर, फकाउने, भोट माग्ने, चुनाव जित्ने र त्यतिले नपुगेर उनीहरूको मुखको दाना पनि फकाइ-फकाइ खाने, नेताहरूको छुद्र र लुब्ध प्रवृत्तिप्रतिको व्यङ्ग्यबाण बिम्बात्मक रूपमा झल्किएको छ भने कवितामा 'नेता' शोषक सामन्ती वर्गको र मङ्गले सीधा साधा आम नेपाली जनताको प्रतीक भएर आएका छन् । 'एक महिनाको रासन उडाए' 'खोरका दुई चारवटा कुखुरा पकाए' जस्ता वाक्यांशहरूमा देशको ढुकुटी रित्याएर व्यक्तिगत स्वार्थ पुरा गर्ने नेताहरूको चरित्र प्रतिबिम्बित भएको छः-

घाम उदायो भन्छन्
तर देखिदैन

-*प्रजातन्त्र* पृष्ठ १३

माथिको छोटा कविता या छोकमा 'घाम' शब्द प्रजातन्त्रको प्रतीक बनेर आएको छ भने सम्पूर्ण कविताले देशमा पूर्णरूपमा प्रजातन्त्र नआएको स्थितिको बिम्बात्मक प्रस्तुति गरेको छ ।

थिच्न हुने, मिच्न हुने
झुक्याउन हुने, मुक्याउन हुने
बीसौं शताब्दीका चेतनशील नागरिक ।

-*जनता* पृष्ठ १३

माथिको कवितामा बीसौं शताब्दीको संघारमा आइपुग्दा पनि नेपाली जनता पूर्णरूपमा ब्युँझिएका छैनन् । फलस्वरूप सत्तासीन शासकहरूको सिकार भएका छन् भन्ने भाव बिम्बमय भएर आएको छ ।

ढेडुको हात

नरिवलको गट्टा

के मतलब !

- *सत्ता* पृष्ठ ११

माथिको हाइकु कवितामा 'ढेडुको हात' नेताहरूको र 'नरिवलको गट्टा' नेपालको प्रतीकको रूपमा आएका छन् । यसरी प्रस्तुत कृतिका प्रायः सबैजसो कविताहरू बिम्ब तथा प्रतीकले भरिपूर्ण भएको देखिन्छ ।

### ४.१.५.१० सारांश

साहित्यकार आर.आर.चौलागाईंका पुस्तकाकार कृतिमध्ये वि.सं. २०५२ मा प्रकाशित **चास्सचुस्स** कविता सङ्ग्रह पाँचौं कृति हो । यस सङ्ग्रहभित्र हाइकु, छोक र मुक्तकशैलीका विभिन्न चौबिसवटा कविताहरू रहेका छन् । मुलुकको तत्कालीन परिवेशप्रति चिन्ता, कवि तथा साहित्यकारहरूको वास्तविक स्थिति, भनाइ र गराइमा एकरूपता नभएका नेताहरूका क्रियाकलापप्रति व्यङ्ग्यवाण, प्रजातन्त्रको नाउँमा भित्रिएको विकृति, स्वतन्त्रता तथा अधिकारको दुरुपयोग, नारी अस्मिता जस्ता कुराहरू चौलागाईंका कविताहरूका प्रवृत्ति बनेर आएका छन् । समग्रमा भन्नु पर्दा कवि चौलागाईंका यस सङ्ग्रहभित्रका कविताहरू छोटा छरिता र चोटिला छन् । कृतिमा बिम्ब र प्रतीकको संयोजन, तत्सम, तद्भव शब्दहरूको प्रयोग भएको पाइन्छ । चौलागाईंका यी हाइकु, छोक र मुक्तकशैलीका कविताहरू कला र भावपक्षको संयोजनले उत्कृष्ट हुनुको साथै कृति सरल, सरस भाषामा भएकाले बोधगम्य खालको बनेको छ ।

## ४.१.६ यात्राका गीतहरू गीत सङ्ग्रहको अध्ययन

यहाँ साहित्यकार आर.आर.चौलागाईंद्वारा वि.सं. २०५३ मा प्रकाशित **यात्राका गीतहरू** गीत सङ्ग्रहको अध्ययन गरिन्छ । यो कृति आर.आर.चौलागाईंको पुस्तकाकार प्रकाशित कृतिहरूमध्ये छैठौं र गीत सङ्ग्रहको दृष्टिले पहिलो कृति हो । 'गै' धातुमा 'क्त' प्रत्यय लागेर गीत शब्दको निर्माण भएको हो । नेपालीमा 'गीत' शब्द संस्कृतबाट आएको हो र गीतलाई गाउनका लागि रचिएको पद्य रचना विशेषको रूपमा लिन सकिन्छ ।[१५९] गीतलाई

[१५९] मोहन हिमांशु थापा, **साहित्य परिचय**, पूर्ववत् पृ. ४३ ।

निश्चित परिभाषामा बाँध्न सकिन्न । विभिन्न गीतकारहरूले आफ्नै प्रकारका परिभाषा दिएका छन् । गीतमा जीवनको सुख-दुःख हुन्छ, जगत्को घात, प्रतिघात हुन्छ, देश र मानवप्रतिको आस्था र निष्ठा हुन्छ ।[१६०] गीतकार कृष्णप्रसाद पराजुलीका अनुसार गीत कोमल अनुभूतिका लयात्मक लहर हुन् ।[१६१] त्यसैगरी गीतकार तथा सङ्गीतकार गोपाल योञ्जनका अनुसार जीवनका तीतामीठा अनुभूतिहरूको सरल गेयात्मक अभिव्यक्ति नै गीत हो ।[१६२] गीतलाई अनुभूतिको बिजुली चम्काइको रूपमा तुलना गर्दै गीतकार कृष्णहरि बरालले गीत अनुभूतिको बिजुली चम्काइ मात्र हो, घनघोर वर्षा होइन भनेका छन् ।[१६३] गीतकार रत्नशमशेर थापाका अनुसार गीतको आफ्नै छन्द हुन्छ, गीतको आफ्नै गन्ध हुन्छ ।[१६४] गीत र कविताको सामीप्यतालाई दर्साउँदै गीतकार भीम विरागले गीतको रचना कविताकै गर्भबाट हुन्छ भन्दै कविताले स्वर र सङ्गीत पायो भने भने गीत बन्छ भनेका छन् ।[१६५] विभिन्न भाषिक कलाका विधागत विकासका शोधखोजबाट कविताभन्दा गीत नै जेठो प्रमाणित भएको छ । गीत नै कविताको प्रारूप हो । गीत नै विश्वका सबै भेगका भाषाहरूमा पाइने कविता परम्पराको आदि स्रोत देखा पर्छ । लोकगीत र लोक गाथा एवम् लोकगाथाचक्रकै कोखबाट प्राचीन मुक्त कविता तथा प्रबन्धात्मक खण्डकाव्य- महाकाव्य जन्मिएका हुन् ।[१६६] यति हुँदाहुदै पनि गीत र कवितामा भिन्नता देखिन्छ । रम्य सुन्दर भाव वा अर्थको वाहक भाषालाई माध्यम तुल्याई गीतले सङ्गीतसँगको आफ्नो साइनोलाई सर्वाधिक महत्त्व दिई लय पक्षलाई अधिकाधिक गेय र श्रुति सुखद तुल्याउनै पर्ने सन्दर्भमा नै गीतको निजत्व खुल्दछ र यसै बिन्दुमा नै गीतको गीतिपन स्थापित हुन आउँछ ।[१६७] समग्रमा भन्नुपर्दा जीवन भोगाइको क्रममा आउने उतार चढाव, घात, प्रतिघात अनुभूतिको विभिन्न भावमिश्रित, कलात्मक तथा लयात्मक अभिव्यक्ति भएको गीत पनि साहित्यकै एक अभिन्न अङ्ग हो ।

अतः यहाँ गीतहरूको विश्लेषणका लागि खगेन्द्रप्रसाद लुईटेलको *रत्नशमशेर थापाका गीतिप्रवृति र आँखैमा रातगली गीतको विश्लेषण,* शीर्षकको समीक्षात्मक लेखमा प्रस्तुत विश्लेषणात्मक पद्धति र मीनबहादुर अधिकारीको **भीमविरागको जीवनी व्यक्तित्व र**

---

[१६०] ऐजन, पृ.४३ ।
[१६१] ऐजन, पृ.४४ ।
[१६२] ऐजन, पृ.४४ ।
[१६३] ऐजन, पृ.४४ ।
[१६४] खगेन्द्रप्रसाद लुईटेल, *रत्नशमशेर थापाका गीतिप्रवृति र आँखैमा रात गली, गीतको विश्लेषण,* **गरिमा** (२०६७, पूर्णाङ्क ३३७ वर्ष २८) पृ. ७२ ।
[१६५] मीनबहादुर अधिकारी, **भीमविरागको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र (चितवनः त्रि.वि., नेपाली विभाग, वीरेन्द्र बहुमुखी क्याम्पस २०५७) पृ.८६ ।
[१६६] वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र केशव सुवेदी पूर्ववत् पृ.२६ ।
[१६७] ऐजन, पृ.२६ ।

**कृतित्वको अध्ययन** शीर्षकको स्नातकोत्तर शोधपत्रमा प्रस्तुत संरचनात्मक पद्धतिलाई पनि अध्ययनको आधार बनाइएको छ ।

### ४.१.६.१ शिल्पसंरचना

साहित्यकार आर.आर.चौलागाईंको **यात्राका गीतहरू** गीत सङ्ग्रह राष्ट्रिय जन-सांस्कृतिक मञ्च, मकवानपुरद्वारा वि.सं. २०५३ मा पाँच सय प्रति प्रकाशित भएको हो । आवरण पृष्ठ र भूमिका लेख बाहेक ४३ पृष्ठमा छोटोमा आठ हरफ र लामोमा २४ हरफसम्मका पङ्क्तिपुञ्ज भएका ४४ वटा गीतहरू सङ्कलित मध्यम आकारको कृतिको रूपमा यो पुस्तक देखिएको छ । यस सङ्ग्रहका ४४ वटा गीतहरूमध्ये सुरुका १३ वटा गीतहरू गायक तथा सङ्गीतकार लाल श्रेष्ठबाट र एउटा गीत गायक तथा सङ्गीतकार गणेश उदासबाट गरी १४ वटा गीतहरू सङ्गीतबद्ध भैसकेका छन् । प्रस्तुत सङ्ग्रहमा सङ्कलित अधिकांश गीतहरूमा शोषणको जाँतोमा पिसिएका अधिकांश नेपाली जनताको पीडा, अपहेलित नारीहरूको पीडा, शोषित, पीडित जनताहरूप्रति सहानुभूतिको भावहरू केन्द्रीय भावका रूपमा रहेका छन् भने यस सङग्रहका प्रायः सबैजसो गीतहरू क्रान्तिकारी भावनाका भएकाले जनचेतनाका स्वरहरू उर्लिएको पाइन्छ । यहाँ **यात्राका गीतहरू**भित्रका गीतहरूको अध्ययन तालिकामा निम्नानुसार गरिन्छ -

## यात्राका गीतहरूको विश्लेषण

### तालिका सङ्ख्या -१

| संरचना खण्ड | | | | | | विश्लेषण खण्ड | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र.स. | गीतको शीर्षक | जम्मा पंक्ति संख्या | खण्ड | पंक्तिमा कम शब्द संख्या | पंक्तिमा बढी शब्द संख्या | पर्याधार | ढाँचा | वर्णन | प्रस्तुति | विषयवस्तु | गेयता |
| १. | स्वागत गीत | २४ | ४ | ३ | ५ | सामाजिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| २. | ब्युझेका तन्नेरीहरू | १४ | ४ | ६ | ८ | सामाजिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| ३. | थिचिएका दिदी बहिनी हो | ११ | ४ | ४ | ९ | सामाजिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| ४. | नारीको हुङ्कार | १४ | ४ | ६ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ५. | हामी नारी हौं | १० | ३ | ५ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ६. | हामी केटाकेटी | १० | ३ | ५ | ८ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ७. | जिन्दगी | १० | ३ | ५ | ६ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ८. | नौलो सन्देश | १२ | ३ | ५ | ८ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ९. | श्रीमतीलाई चिठी | १२ | ३ | ५ | ७ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| १०. | नवदम्पतीप्रति | १० | ३ | ५ | ८ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| ११. | यो नभुल्नुहोला | १४ | ४ | ४ | ५ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १२. | कुखुराको भाले | १४ | ४ | ४ | ५ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| १३. | शुभकामना | १० | ३ | ६ | ७ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| १४. | संघर्ष नगरे | १४ | ४ | ६ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| १५. | नारीको आह्वान | १६ | ४ | ६ | ८ | सामाजिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| १६. | उठ्ने बेला भो | १२ | ३ | ५ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| १७. | रोक्न को सक्छ ? | १६ | ४ | ५ | ६ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| १८. | लाहुरेको चिठी | २४ | ६ | ६ | ७ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| १९. | मेरो संकल्प | १२ | ३ | ५ | ९ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| २०. | मेरो निर्णय | १२ | ३ | ६ | ८ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| २१. | आँटी मान्छेहरू | १२ | ३ | ४ | ५ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| २२. | पिस्कर ब्युझिन्छ | २२ | ६ | ४ | ६ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| २३. | संघर्षमा जुटौं | १८ | ३ | ५ | ६ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| २४. | हाम्रो अभियान | १८ | ३ | ४ | ६ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| २५. | सृजना अर्कै गर्नु छ | १२ | ३ | ६ | ७ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| २६. | इतिहास मेटिन्न | १२ | ४ | ५ | ८ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| २७. | हाम्रो यात्रा | १२ | ६ | ५ | ७ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| २८. | हुदैन जित गर्जेर नउठे | १६ | ४ | ५ | ६ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |

| | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| २९. | गतिशील जीवन | १६ | ४ | ६ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ३०. | बाटो एउटै हो | १४ | ४ | ४ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ३१. | वीरहरूको गाथा | ८ | २ | ५ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ३२. | नारीप्रति | १२ | ६ | ६ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ३३. | नारीलाई हैँला नगर | १४ | ४ | ६ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| ३४. | मधिसे-पहाडी | १०१ | ३ | ७ | ९ | सामाजिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| ३५. | भाईबैनीसँग | १४ | ४ | ५ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| ३६. | छोराको संझनामा | १४ | ४ | ७ | ८ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| ३७. | सत्यको खोजीमा | १४ | ४ | ७ | ८ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ३८. | म प्रण गर्दछु | १२ | ३ | ६ | ८ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ३९. | आँधी आउँछ | १२ | ३ | ५ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ४०. | साथीहरूलाई आह्वान | २० | ४ | ४ | ६ | सामाजिक | वृत्तात्मक | एकालापीय | सम्बोधनात्मक | रागेतर | ध्वनिलयात्मक |
| ४१. | सुनौलो बिहान | १४ | ४ | ५ | ६ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ४२. | कसरी हार्दछौ ? | १६ | ४ | ४ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ४३. | नयाँ तिहार ल्याउँला | १६ | ४ | ६ | ९ | वैयक्तिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |
| ४४. | त्यसकै गीत लेखें | १० | ३ | ४ | ७ | सामाजिक | वृत्तात्मक | एकालापीय | वक्तव्यपरक | रागेतर | ध्वनिलयात्मक |

उपर्युक्त विश्लेषणात्मक तालिका अनुसार **यात्राका गीतहरू**भित्रका गीतहरूलाई पर्याधारको दृष्टिले हेर्दा सामाजिक पर्याधार भएका गीतहरू २७ वटा रहेका छन् भने बाँकी सत्रवटा गीतमा वैयक्तिक पर्याधार रहेको देखिन्छ । यस सङ्ग्रहका सम्पूर्ण गीतहरू वृत्तात्मक ढाँचा र एकालापीय वर्णन शैलीका छन् । त्यसैगरी विषयवस्तुका दृष्टिले हेर्दा यस सङ्ग्रहका सम्पूर्ण गीतहरू जनचेतनामूलक क्रान्तिकारी चेतका भएकाले रागात्मककताको साटो राष्ट्रिय जागरण तथा जीवन भोगाइका कठिन परिणतिका अनुभूतिहरू सल्बलाएको पाइन्छ । प्रस्तुतिका दृष्टिले हेर्दा यस सङ्ग्रहमा १५ वटा गीतमा सम्बोधनात्मक प्रस्तुति र २९ वटा गीतमा वक्तव्यपरक प्रस्तुति रहेको पाइन्छ भने गेयताको दृष्टिले हेर्दा प्रस्तुत सङ्ग्रहका सम्पूर्ण गीतहरू ध्वनिलयात्मक गेयतामा आबद्ध रहेको देखिन्छ । साहित्यकार आर.आर.चौलागाईंले थिचोमिचोमा परेका महिला, बालबालिका, युवा दिशाहीनता, श्रमिक, किसान, मजदुर जस्ता समाजका शोषित, पीडित निम्नवर्गीय जीवनका दुःख, पीडा र आँसुलाई आफ्ना गीतका विषयवस्तु बनाएका छन् । यसरी सधैँभरि थिचोमिचो सहेर बस्नु हुँदैन, जनाधिकार लिनको लागि एकजुट भएर लडेमा अवश्य पनि सफल भइन्छ भन्ने आशावादी स्वर चौलागाईंको यस कृतिमा मुखरित हुनुका साथै मुख्य रूपमा जनजागरणको स्वर अभिव्यञ्जित भएको यो कृति शिल्प संरचनागत रूपमा परिपुष्ट देखिन्छ ।

### ४.१.६.२ मूलभाव

सामन्तीवर्गको मिचाहा प्रवृत्तिको सिकार भएका सीधासाधा दुःखी गरिब नेपाली जनताहरूको पीडा र दुःखका तिक्त अनुभूति प्रस्तुत गरिएको यस गीत सङ्ग्रहमा दिनरात रगत पसिना बगाएर काम गर्दा पनि गाँस बास र कपासकै लागि तड्पिरहेका नेपाली गाउँघरका श्रमिक, मजदुर, किसान, महिलाहरू आजपनि मानव हक अधिकारका कुराबाट वञ्चित छन् भन्ने यथार्थ वर्णन यस पुस्तकमा भएको पाइन्छ । अन्याय र अत्याचारले सीमा नाघिसक्यो त्यसैले अब जनता व्युँझनुपर्छ भन्ने भाव करुणरस र वीररसको माध्यमबाट प्रस्फुटित भएको पाइन्छ । जनताका दुःख, दर्द, पीडा, आँसु र छटपटीहरू नै प्रस्तुत सङ्ग्रहका केन्द्रीय भाव भएर आएका छन् । यस्ता अन्याय र अत्याचारबाट खारिएर निस्किएको क्रान्तिचेत नै यस सङ्ग्रहको मूल भावको रूपमा अभिव्यक्त भएको छ । **यात्राका गीतहरू**भित्र वीररसको स्थायी भाव उत्साह यसरी अभिव्यक्त भएको छ -

क) ब्युँझेका हामी तन्नेरीहरू यो देश उचाल्छौँ
एकले बाँच्ने सयले मर्ने कुरीति आफल्छौँ

लट्कियोस् देह फाँसीमा तर आक्रोश लुक्दैन
काटियोस् शिर चटक्क तर तन्नेरी झुक्दैन

-*ब्यूँझेका तन्नेरीहरु* पृष्ठ २

प्रस्तुत गीति हरफमा स्वतन्त्रताको लागि प्राणोत्सर्ग गर्न पनि पछि नहट्ने भाव अभिव्यक्त भएको पाइन्छ ।

ख) देश बेच्ने जनता चुस्ने ब्वाँसाहरूलाई
मातृभूमि लुछ्न खोज्ने गिद्धहरूलाई
निमिट्यान्न पार्ने हाम्रो दृढ लक्ष्य छ
समानताको दीप बाल्ने गहिरो विश्वास छ .......

-*रोक्न को सक्छ* पृष्ठ १७

माथिको गीतिहरफमा राष्ट्रवादी भावना मुखरित भएको छ ।

त्यसैगरी **यात्राका गीतहरू** भित्र करुण रसको स्थायी भाव शोक यसरी अभिव्यक्त भएको छ -

ग) रिनको थैली बुझ्नलाई भुँडे जिम्दार आँउदो हो ।
घर र वारी खोस्दछु भनी निर्धक्क भन्दो हो ।
कलेजो मेरो चिरिन्छ घरको हालत सम्झिदा
विरह चल्छ मनमा दुःख झन् दुःख थपिँदा ।

-*लाहुरेको चिठी* पृष्ठ १८

माथिको गीतिहरफमा घरवारविहीन भइएला भन्ने मार्मिक भाव व्यक्त भएको छ ।

## ४.१.६.३ भाषाशैली

**यात्राका गीतहरू** गीत सङ्ग्रहका गीतहरूको भाषा सरल, सहज र सरस छ । प्रायः सबैजसो गीतहरूमा समान अक्षरयुक्त पङ्क्तिविन्यास गरी छन्दोबद्ध कविताको जस्तो ढाँचा बुनिएको पाइन्छ । तत्सम, तद्भव शब्दहरूको प्रयोगको साथै डाक्टर, इन्जिनियर जस्ता अङ्ग्रेजी शब्दको पनि प्रयोग भएको पाइन्छ । शिल्पको दृष्टिले हेर्दा 'गुराँस जस्तै फक्रोस् जीवन' (*नवदम्पतीप्रति* पृष्ठ १०), 'आँसु पिउँदै जीवन वित्यो कमारी झैं बनेर, खेर गए आशाहरू कोपिला झैं झरेर', (*थिचिएका दिदी बहिनी हो* पृष्ठ ३), जस्ता उपमा अलङ्कारको प्रयोग भएको देखिन्छ, त्यसैगरी 'उपियाँ र उडुसले सङ्ख्या चुल्यायो' (*कुखुराको भाले* पृष्ठ १२), 'वनमारा झाडी नफाँडी हुन्न गुराँस फुलाउन' (*सुनौलो बिहान*

पृष्ठ ४१) जस्ता बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ । समग्रमा भन्नुपर्दा प्रस्तुत सङ्ग्रहको भाषा सरल, सरस र सम्प्रेषणीय भएको देखिन्छ ।

### ४.१.६.४ गेयता

गेयता गीतको मूलभूत तत्त्व हो । शब्द अर्थ र ध्वनिको समुचित विन्यासले नै गीतलाई बढी गेयता प्रदान गर्दछ । [१६८] प्रस्तुत सङ्ग्रहका सम्पूर्ण गीतहरू ध्वनिलयात्मक गेयतामा आबद्ध भएका छन् । ती मध्ये केही यस प्रकार छन् -

जिन्दगीलाई खराव हैन असल काममा लगाऊँ
मनैदेखि फोहर मैला दुर्गुणहरू हटाऊँ
रूखजस्तै एक्कैछिनमा ढल्न पनि सक्छ
मैनजस्तै पग्लिएर गल्न पनि सक्छ
जनतालाई हेप्ने जीवन सही जीवन हैन
दुष्टलाई पुज्ने जीवन स्वच्छ जीवन हैन

-*जिन्दगी* पृष्ठ ७

प्रस्तुत गीतका प्रत्येक पङ्क्तिका अन्त्यमा आएका शब्दसँग अर्को पङ्क्तिका अन्त्यमा आएको शब्दको अनुप्रास मिलाई गीतमा ध्वनिलयात्मक गेयता सिर्जना गरिएको छ । अतः यसरी नै प्रस्तुत सङ्ग्रहका सम्पूर्ण गीतहरूमा क्रान्तिकारी चेत भएको आधुनिक लयमा आधारित ध्वनिलयात्मक गेयता रहेको पाइन्छ ।

### ४.१.६.५ सारांश

आर.आर. चौलागाईंका पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०५३ मा प्रकाशित **यात्राका गीतहरू** गीत सङ्ग्रह छैठौं कृति हो । यस कृतिमा शोषित, पीडित जनताका दुःख कष्ट र पीडाहरूलाई यथार्थ रूपमा वर्णन गरिएको छ । जनताका यस्ता दुःख पीडालाई चौलागाईंले क्रान्तिको विगुल बनाएका छन् । अन्याय र अत्याचारको भण्डाफोर गर्न विभिन्न साम्प्रदायिक भावना त्यागेर केवल हामी नेपाली हौं भन्ने भावना राखी क्रान्तिमा अग्रसर हुन गीतकारले यहाँ सबैलाई आह्वान गरेका छन् । जनचेतनामूलक सन्देश लिएर शोषित, पीडित जनताको झुपडीसम्म पुगेका चौलागाईंद्वारा जीवनयात्राका क्रममा भेटिएका शोषित, पीडितहरूको कथा, व्यथा र सुस्केराहरूलाई

[१६८] मोहन हिमांशु थापा, पूर्ववत् पृ. ४५

समेटेर तयार पारिएको हुनाले प्रस्तुत गीत सङ्ग्रहलाई **यात्राका गीतहरू** नामाकरण गरेको देखिन्छ मानवीय मूल्य, नारी अस्मिताको खोजी, स्वतन्त्रता, समानता, भातृत्व, नेपाल आमाप्रतिको कर्तव्य जस्ता कुराहरू यस सङ्ग्रहको विषयवस्तुको रूपमा आएको छ । यदाकदा बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग भए तापनि भावगत गम्भीरताका साथै सरल सम्प्रेषणीय गेयात्मकताजस्ता गुणहरू भएको यो कृति साधारण पाठकका लागि पनि बोधगम्य नै छ ।

## ४.१.७ तुवाँलोभित्र र तुवाँलो बाहिर कविता सङ्ग्रहको अध्ययन

**तुवाँलोभित्र र तुवाँलो बाहिर** कविता सङ्ग्रह आर.आर. चौलागाईको सातौं पुस्तकाकार कृति हो । यहाँ कविताका विभिन्न तत्त्वहरूको आधारमा यस कृतिको अध्ययन गरिन्छ ।

### ४.१.७.१ शीर्षक

आर.आर. चौलागाईंको प्रस्तुत कृतिमा प्रजातन्त्र प्राप्ति भन्दा अगाडिको समयलाई तुवाँलोले ढाकेको समय र प्रजातन्त्र प्राप्ति पछिको समयलाई तुवाँलो फाटेर झलमल्ल घाम लागेको समयको रूपमा चित्रित गरिएकोले प्रस्तुत कृतिको शीर्षक आफैंमा सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.१.७.२ संरचना

प्रस्तुत **तुवाँलोभित्र र तुवाँलोबाहिर** कविता सङ्ग्रह बाह्य संरचनाको दृष्टिले ६२ पृष्ठको मध्यम आकारको कृति हो । स्वयम् लेखककै प्रकाशकत्वमा वि.सं. २०५४ मा प्रतीक प्रकाशन समूह प्रा.लि., वीरगञ्जको मुद्रणमा यो कृति एक हजार प्रति छापिएको हो । यस कृतिमा दुईवटा खण्डहरू छन् । यी मध्ये तुवाँलोभित्र १५ वटा र तुवाँलो बाहिर १५ वटा गरी जम्मा ३० वटा कविताहरू रहेका छन् । यसभित्र छोटामा १२ हरफ र लामामा ६९ हरफ सम्मका कविताहरू रहेका छन् । यो कृतिको बाह्यावरण हेर्दा आधा भागमा केही हिमाल, पहाड जस्तो देखिने र केही गाउँ बस्ती जस्तो देखिने अस्पष्ट चित्रहरू र आधा भागमा स्पष्ट चित्रहरू देखिन्छन् । यसमा पखेटा फिजाएर उड्न खोजेजस्ता दुई पक्षीहरू देखिन्छन् जसले तुवाँलोरूपी तत्कालीन व्यवस्थाका अन्याय र अत्याचारमा निस्सासिएका र प्रजातन्त्र प्राप्ति पछि केही खुकुलो महसुस गरेका नेपाली जनताको अवस्थालाई इङ्गित गर्न खोजेको आभास दिन्छ । प्रस्तुत कृतिको अग्रभागतिरै गोविन्द भट्टको *काँडा घारीबाट वसन्तको आह्वान* शीर्षकको भूमिका लेख रहेको छ ।

आन्तरिक संरचनाका दृष्टिले हेर्दा यो कृतिभित्र विभिन्न अवयवमा सन्निहित कविताहरूद्वारा तत्कालीन परिवेशको यथार्थ अवस्थालाई कवि आर.आर. चौलागाईंले आफ्ना भावनाहरू मार्फत् प्रस्फुटन गरेका छन् । प्रजातन्त्र प्राप्तिकै लागि नेपाल आमाका कैयौं सन्ततिहरू सहिद भए, देशमा प्रजातन्त्र पनि आयो तर जनताको भावना अझै पनि समेटिएन भन्ने गहन विचारले कृतिभित्र जीवन्त अभिव्यक्ति पाएका छन् । यसरी हेर्दा विचारको प्रबलता रहेको प्रस्तुत कृति आन्तरिक संरचनाको कोणबाट पनि परिपुष्ट नै देखिन्छ ।

### ४.१.७.३ विषयवस्तु

**तुवाँलोभित्र र तुवाँलोबाहिर**मा चौलागाईंले मुलुकको तत्कालीन अवस्थाप्रति चिन्ता, अन्याय, अत्याचार, शोषण, दमनको चर्को विरोध, युगबोध, जनजागरणको भावना, राजनैतिक उतार चढाव जस्ता विषयवस्तुलाई समेटेका छन् । प्रजातन्त्र प्राप्तिको कामना गर्दै क्रान्तिको विगुल फुकेर अघि बढेका वीर योद्धाहरूलाई जति नै दवाउन खोजे पनि, जाली फटाहाहरूले नेपाल आमाका सन्ततिहरूलाई गोली र बारुदको निसाना बनाउन खोजे पनि उनीहरू आफ्नो लक्ष्यमा नपुगी छाड्दैनन्, जति दबाउन खोज्यो, वीर सपुतहरू झनै तुफानको रूप धारण गरेर आउँछन् र सारा विकृतिहरू बढारेर लैजान्छन् भन्ने भावनालाई आत्मसात् गर्दै कविले यस्तो अभिव्यक्ति दिएका छन् -

तर आज यस्तो डरलाग्दो तुफान आउँदैछ
जसले आकाश र पृथ्वीलाई डगमगाउँदै
फोहर मैलाहरू सिनित्त पारेर फाल्नेछ
र नौलो सभ्यताको जग हाल्नेछ

-*तुफान* पृष्ठ ३

राष्ट्रघातीहरू आफ्नो स्वार्थपूर्तिका लागि राष्ट्रको अस्तित्वसँग सम्झौता गर्न पनि पछि हट्दैनन् र यदि जनताले विरोध गरे भने उनीहरूको प्राण नै हर्छन् भन्ने यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् -

बुजो कोचिएको छ मेरो मुखमा
देश लुट्न खोज्ने लुटाहाहरूको
देश मिच्न खोज्ने मिचाहाहरूको
भन्डाफोर गरेर

मैले जनतालाई सही कुराको

बोध गराए भनेर होला

*-म आउनेछु* पृष्ठ १३

राष्ट्रप्रतिको ममता कविले यसरी व्यक्त गरेका छन् -

मातृभूमि भन्दा आत्मीय के छ र !

प्रण गरौं झण्डा अझै रंगाउन बाँकी छ

*-तिम्रो खाँचो छ* पृष्ठ ३५

सहिदहरूको बलिदानले देशमा प्रजातन्त्र त आयो तर जनताको लागि होइन, उही पुरानै शोषक सामन्तीहरू भेस बदलेर आएका छन् र जनतामाथि झनै धेरै शोषण र दमन गर्न थालेका छन् भन्ने भाव कविले यसरी व्यक्त गरेका छन् -

जो मिलेका थिए उज्यालो ल्याउन

जो लडेका थिए भूगोल बचाउन

तिनीहरू नै आज महाशत्रु बने

आज धर्ती रक्तामे छ

घरी-घरी यही वेदनाले मन चिमोटिन्छ

मान्छेका रगतमा पौडी खेल्दै

कंस दानवी हुँकार गर्दैछ

*-आफैभित्रको उद्घोष* पृष्ठ ४७

व्यवस्था बदलिए पनि सत्तामा पुगेका नाइकेहरूको भेस बदलिएको छ तर स्वभाव बदलिएको छैन । उनीहरू निजी स्वार्थमा मात्र सीमित भएको र जनताका भावना तथा चाहनालाई बेवास्ता गरेको प्रति कविले चिन्ता व्यक्त गरेका छन् ।

उपर्युल्लिखित विषयवस्तुका अतिरिक्त नारी कल्याणको भाषण छाँट्ने तर व्यवहारमा भाषण छाँट्नेहरूबाटै नारीहरू शोषित हुनु परेको प्रति कविले तीव्र व्यङ्ग्य बाण प्रहार गरेका छन् । सहिदको त्याग र बलिदानबाट प्राप्त प्रजातन्त्रको समुचित सदुपयोग हुनुपर्छ, जनताको आस्था र विश्वास भत्कन दिनुहुँदैन, सहिदको त्याग र बलिदानलाई बिर्सनु हुँदैन, साहित्यमा जनताको दुःख, कष्ट समेटिनु पर्छ, राष्ट्र र जनताप्रति बफादार हुनुपर्छ भन्ने जस्ता विषयवस्तुहरू यस सङ्ग्रहमा रहेको पाइन्छ ।

### ४.१.७.४ रसभाव

प्रस्तुत सङ्ग्रहभित्रका कविताहरूको अध्ययन गर्दा तत्कालीन राज्य व्यवस्थाले जनतामाथि गरेको शोषण, दमन र अत्याचारको विरोध गर्दा कवि कतै अत्यन्त आक्रोशित बनेका छन् भने प्रजातन्त्र प्राप्तिको लागि सहादत प्राप्त गर्ने सहिदहरूप्रति सम्मानको भाव व्यक्त गर्दै प्रजातन्त्रको आगमनपछि पनि जनताले सोचे जस्तो परिवर्तन हुनु त परको कुरा, जनताका पीडा झन थपिएको र सहिदको बलिदानको सम्मान नभएकोमा कवि करुण रसमा रुझे भिजेका देखिन्छन् । जनताको सङ्घर्ष र बलिदानीबाट आएको प्रजातन्त्रले जनताको उत्थान गर्न नसकेको दुःखपूर्ण अवस्थाको चित्रण कविले यसरी गरेका छन् -

कठै ! ती साना केटा र केटी टुहुरा भएका
बाबु र आमा कता हो कता बेपत्ता भएका
असक्त सबै बुढा र बुढी के बोल्न सक्तथे
दुनियाँ हाँक्ने सुरवीरहरू को होलान् खोज्दथे
उस्तै छ विक्री फलामे सिक्री दिदी र बैनीको
सुन्दैमा मुटु सिरिङ्ग हुन्छ कहानी बम्बईको

-*प्रजातन्त्र र युवा* पृष्ठ ५५

माथिको कविताांशमा करुण रसको अभिव्यक्ति पाइन्छ ।

हज्जारौं हिमशृङ्खलाहरू नाघ्नुपरोस्
अजङ्गका नदीनालाहरू तर्नुपरोस्
आगोको भुङ्ग्रोमा
आफैँलाई खाक पारेर हिड्ँनु परोस्
आँधी बेहरीसँग मुकाविला गर्दै
यात्रा जारी राख्नुपरोस्
रत्तिभर पर्वाह छैन मलाई
बल्ल आज भेट्टाएको छु
आफैँले आत्मसात् गरेको
मैले रोजेको बाटो ।

-*मैले रोजेको बाटो* पृष्ठ २२

माथिको कवितांशमा उत्साह स्थायी भाव हुने वीररसको अभिव्यक्ति रहेको छ ।

### ४.१.७.५ दृष्टिबिन्दु

**तुवाँलोभित्र र तुवाँलोबाहिर** कविता सङ्ग्रहभित्र रहेका धेरैजसो कविताहरू एकोहोरो आत्मालापी, प्रथम पुरुषात्मक शैलीका छन् भने केही कविताहरू द्वितीय एवम् तृतीय पुरुषात्मक शैलीका पनि रहेका पाइन्छन् । *उठ्न मन लाग्छ, म आउने छु, नौलो यात्राको तरखरमा* लगायत केही कवितामा प्रथम पुरुष दृष्टिबिन्दुको, *विभाजित आकाश*मा प्रथम र द्वितीय पुरुष दृष्टिबिन्दुको सम्मिश्रण र *ऊ त हाम्रै साथी थियो* जस्ता केही कवितामा तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ ।

### ४.१.७.६ जीवनदृष्टि

**तुवाँलोभित्र र तुवाँलोबाहिर**का कविताहरूमा तुवाँलोको रूपमा रहेको तत्कालीन राज्यव्यवस्था र त्यस्तो राज्यव्यवस्थाका विकृति र बेथितिहरू सधैंको लागि निमिट्यान्न पारेर तुवाँलोरहित स्वच्छ, हराभरा, शान्त र समृद्ध नेपालको सृजना गर्न जनता जागरुक भएर उठ्नुपर्ने भावनाको प्रस्तुतीकरण नै यस काव्य कृतिको मुख्य जीवनदृष्टिको रूपमा रहेको छ ।

### ४.१.७.७ लय/छन्द

**तुवाँलोभित्र र तुवाँलोबाहिर** कविता सङ्ग्रहका *साथीहरूलाई आह्वान, जनताको साहित्य, आवाजको खोजी, पालुङको सम्झनामा, दासढुङ्गा, प्रजातन्त्र र हामी, प्रजातन्त्र र युवा* आदि कवितामा लोकलयको र बाँकी सबै कविताहरूमा मुक्तलयको प्रयोग भएकोले परम्परागत शास्त्रीय छन्दको प्रयोग भएको देखिँदैन ।

### ४.१.७.८ भाषाशैली

**तुवाँलोभित्र र तुवाँलोबाहिर** कविता सङ्ग्रहका कविताहरूको भाषाशैली सरल, सरस र स्वाभाविक छ । कतै-कतै ब्याङ्क-ब्यालेन्स, बिल्डिङ, डिस्टर्व, स्टेज, डिनर जस्ता अङ्ग्रेजी शब्दहरूको प्रयोग भएको पाइन्छ भने तत्सम, तद्भव र आगन्तुक शब्दहरूको पनि प्रयोग भएको पाइन्छ भाषामा कुनै कृत्रिमता नझल्काई सहज बोलचालकै भाषामा लेखिएका यी कविताहरूको भाषा क्लिष्ट र दुर्बोध्य नभई साधारण पाठकले पनि बुझ्न सक्ने सहज र बोधगम्य छ ।

### ४.१.७.९ अलङ्कार

आलङ्कारिक भाषाको चमत्कारभन्दा विचारको प्रबलता बढी रहेको **तुवाँलोभित्र र तुवाँलोबाहिर**का कविता सङ्ग्रहमा यदाकदा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**क) उपमा अलङ्कार,**

होचा र अग्ला डाँडाहरू सम्म पार्न
लम्किरहेछन् आँधी जस्तै हुरिँदै

- *समयको हाँक* पृष्ठ ११

के थाहा र ! निराशाले ढाकिदिन्छ यस्तो
पूर्णिमाको चाँदनीमा ग्रहण लागेजस्तो

- *आवाजको खोजी* पृष्ठ ३७

यसप्रकार **तुवाँलोभित्र र तुवाँलोबाहिर** कविता सङ्ग्रहका कविताहरूमा केही अलङ्कारले सौन्दर्य थप्ने काम गरेका छन् ।

### ४.१.७.१० बिम्ब र प्रतीक

**तुवाँलोभित्र र तुवाँलोबाहिर**का कविताहरूमा विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोग भएको पाइन्छ ।

चेतनाको लहर फिजाउँदै
उठ्दैछन् समुद्रका ज्वारहरू
विद्रोहको आक्रोश उराल्दै
फुट्दैछन् ज्वालामुखीका लाभाहरू
बादलका काला अखडाहरू ध्वस्त पार्दै
छरिदैछन् धरतीभरि
रक्तिम सूर्यका चहकिला आभाहरू
तमाम खडेरीहरूलाई चुनौती दिँदै

- *समयको हाँक* पृष्ठ १०

कविताांशमा 'समुद्रका ज्वारहरू', 'ज्वालामुखीका लाभाहरू', 'रक्तिम सूर्यका चहकिला आभाहरू' जस्ता शब्दहरू विद्रोहात्मक, क्रान्तिकारी र 'खडेरीहरू' जस्ता शब्दहरू तत्कालीन राज्यव्यवस्थाका बेथिति र कुरीतिहरूको बिम्बका रूपमा आएका छन् ।

सम्पूर्ण बिहानी उदाएकै छैन
सिङ्गो घाम भुल्किएकै छैन
बादल पूरा हटेकै छैन
खै ! तुवाँलो पनि फाटेकै छैन
नदी उर्लेर बगेकै छैन
गुराँस मुसुक्क फक्रेकै छैन ।

- *घाइते प्रश्न* पृष्ठ ६२

कविताांशमा 'सम्पूर्ण बिहानी उदाएकै छैन' भनेर प्रजातन्त्र पूर्ण रूपमा आइनसकेको भाव बिम्बात्मक बनेर आएको छ भने 'सिङ्गो घाम', 'गुराँस मुसुक्क फक्रेको' जस्ता शब्दहरू प्रजातन्त्र तथा शान्तिको प्रतीक र 'बादल', 'तुवाँलो', जस्ता शब्दहरू तत्कालीन राज्य-व्यवस्थाको प्रतीकको रूपमा आएका छन् ।

### ४.१.७.११ सारांश

**तुवाँलोभित्र र तुवाँलोबाहिर** कविता सङ्ग्रह आर.आर.चौलागाईंको सातौं पुस्तकाकार कृति हो । यस कृतिमा तुवाँलोभित्र १५ वटा र तुवाँलोबाहिर १५ वटा गरी जम्मा ३० वटा गद्यलय र गीतिलयका कविताहरू रहेका छन् । कविको अन्तरात्माबाट प्रस्फुटित अनुभूतिहरू सशक्त र प्रभावकारी तवरबाट अभिव्यञ्जित भएको यस कृतिभित्र समाविष्ट अधिकांश विषयवस्तुले तत्कालीन राज्यव्यवस्था र त्यसका कुरीतिहरूलाई व्यङ्ग्यबाण प्रहार गर्दै जनताले त्यसबाट मुक्तिको चाहना राख्दै सङ्घर्षमा उत्रिएको यथार्थ चित्रण गरेको पाइन्छ । कवि चौलागाईंले राष्ट्रप्रेम, नारी अस्मिताको खोजी, सहिदप्रति श्रद्धाभाव, जनपक्षीय साहित्यको वकालत, स्वच्छ प्रजातन्त्रको कामना र सदुपयोग जस्ता विषयवस्तुमा केन्द्रित रही कविता सिर्जना गरेका छन् । तत्सम, तद्भव र आगन्तुक शब्दको प्रयोग गरी लेखिएको प्रस्तुत कृतिमा विचारको ज्यादै प्रबलता रहेकाले केही नीरस जस्तो देखिएपनि यो कृति समग्रमा उत्कृष्ट रहेको पाइन्छ ।

## ४.१.८ कविता लेख्नु निरर्थक हुन्छ कविता सङ्ग्रहको अध्ययन

**कविता लेख्नु निरर्थक हुन्छ** कवि आर.आर.चौलागाईंको वि.सं. २०५६ मा प्रकाशित आठौं पुस्तकाकार कृति हो । यहाँ यो कविता सङ्ग्रहलाई कविताका विभिन्न तत्त्वहरूको आधारमा अध्ययन गरिएको छ ।

### ४.१.८.१ शीर्षक

यस सङ्ग्रहभित्र रहेका सम्पूर्ण कविताहरू कवि र कविताको सेरोफेरोमा रहेका छन् । सरसर्ती हेर्दा यस सङ्ग्रहको शीर्षकले कविभित्र नैराश्य उब्जिएको हो कि जस्तो भान हुन्छ । एक स्थापित कविले *कविता लेख्नु निरर्थक हुन्छ , म कवि भएर बिग्रेँ* भन्नु सिधा अर्थमा हेर्दा निराशा नै हो तर आजको परिवेशसम्म  आइपुग्दा पनि समाजमा साहित्य र साहित्यकारलाई हेर्ने दृष्टिकोण, प्रतिभाशाली साहित्यकारलाई नकावधारी साहित्यकाररूले गर्ने खिसिटिउँरी जस्ता क्रियाकलाप हेर्दा र यस सङ्ग्रहभित्र कविले आफूले काव्य जगत्मा भोगेका तिक्तानुभूतिहरूलाई प्रस्तुतीकरण गर्ने क्रममा कविभित्रको स्वाभिमान मुखरित भएकोले लक्ष्यार्थमा शीर्षक सान्दर्भिक नै देखिन्छ ।

### ४.१.८.२ संरचना

**कविता लेख्नु निरर्थक हुन्छ** कविता सङ्ग्रह संरचनागत दृष्टिले हेर्दा विभिन्न आयामका दशवटा कविता सङ्कलित भएको पचपन्न पृष्ठको लघु आकारको कृति हो । यो कृति वि.सं. २०५६ फागुनमा अभि प्रकाशन हेटौंडाबाट प्रथम पटक पाँच सय प्रति प्रकाशित भएको हो । रातो रङ लेपिएका आकर्षक रङ्गीन बाह्यावरणमा झट्ट हेर्दा मान्छेको आकृति जस्तो देखिने चित्र, च्यातिएको कागजका दुई टुक्रा र कलम असरल्ल फ्याँकिएको देखिन्छ, जसले यस सङ्ग्रहको शीर्षकलाई सार्थक बनाउन सघाए जस्तो देखिन्छ । बाह्यावरण अन्तर्गतकै पश्चकभर पृष्ठमा कवि चौलागाईंको छायाँ चित्र, परिचय, कृतिहरूको विवरण र सम्मान तथा पुरस्कारको विवरणहरू उल्लेख गरिएको छ । कृतिको अग्रभाग अर्थात् पृष्ठ तीन देखि दशसम्म घनश्याम न्यौपाने “परिश्रमी” को *भूमिका* लेख रहेको छ । त्यसपछि कविले *नभनी नहुने* शीर्षकमा आफ्नो भनाइ राखेका छन् । जस्तोसुकै परिस्थितिमा पनि कविता सुन्न, पढ्न र लेख्न नछोड्ने साहित्य साधकहरूप्रति सर्मपण गरिएको प्रस्तुत कृतिको अन्तिम कविता नै सङ्ग्रहको शीर्षक बन्न पुगेको छ । सङ्ग्रहमा लामोमा चार पृष्ठ भएको उनान्सत्तरी हरफको *कविता कसले पढ्छ ?* शीर्षकको कवितादेखि छोटोमा दुई पृष्ठ र चौबिस हरफमा संरचित *मेरो कविता र ऊ, कविता लेख्नु निरर्थक हुन्छ* जस्ता शीर्षकका कविताहरू रहेका छन् । यस सङ्ग्रहमा पृष्ठ सत्र देखि उनान्चालीस सम्म मात्र कविताहरू रहेका छन भने त्यसपछिका पृष्ठहरूमा कविका बारेमा विभिन्न विद्वानहरूको धारणाहरू, कविले विभिन्न समयमा प्राप्त गरेका सम्मान तथा पुरस्कारका झलकहरू तस्वीर सहित प्रस्तुत गरिएका छन् ।

आन्तरिक संरचनाका दृष्टिले हेर्दा **कविता लेख्नु निरर्थक हुन्छ** कविता सङ्ग्रहमा कविले साहित्य जगतमा विचरण गर्दा भोगिएका तिक्त अनुभूतिहरूलाई विभिन्न बिम्ब र प्रतीकको माध्यमबाट अभिव्यक्त गरेको देखिन्छ । मुक्त लयमा आबद्ध रहेका कतिपय कविताहरूमा अन्त्यानुप्रासको संयोजनले कवितामा लयात्मकता थपिएको छ । समग्रमा बाह्य तथा आन्तरिक संरचनाबाट कृति सबल देखिन्छ ।

### ४.१.८.३ विषयवस्तु

**कविता लेख्नु निरर्थक हुन्छ** कविता सङ्ग्रह कवि चौलागाईंको कवि र कविता सम्बन्धी विविध विषयवस्तुहरू समेटेर तयार पारिएको कृति हो । कवि र कविताको सम्बन्ध, गिर्दो कवितात्मक स्तर, कवि तथा साहित्यकारहरूको निरीहपन, कविता लेखनका लागि विद्यमान प्रतिकूल अवस्था, कविताका श्रोता वा पाठकहरूको अभाव जस्ता कुराहरू नै यस सङ्ग्रहका विषयवस्तु बनेका छन् । समसामायिक जीवनका यथार्थताहरूलाई कवितामा उतार्दा आफू आक्रमणको सिकार हुनुपरेका तितो अनुभूति कविले यसरी व्यक्त गरेका छन् -

मैले मरुभूमिलाई मरुभूमि देखेँ
बगरलाई बगर भनेर लेखेँ
पानी चुहिने छाप्रोलाई कठैबरा ! भनेँ
आलिसान महलहरूलाई आँखा तरेँ
तर कसैले औँलो ठड्याए
मलाई भन्नु नभन्नु भनेँ

- *म कवि भएर बिग्रेँ* पृष्ठ १७

प्रतिभावान् व्यक्तिलाई पाखा लगाइएको छ, जाली, ठग, र बलिया बाङ्गाहरूले जे मन लाग्यो त्यही लेखेर पैसाको आडमा कवि भएका छन् भन्ने भाव कविले यसरी व्यक्त गरेका छन् -

बलियाको खुट्टा ढोग्नुपर्छ
निर्धाको घाँटी ङ्याक्नुपर्छ
थुकले पैसा चाट्नुपर्छ
बियाँसँग चामल साट्नुपर्छ
कविता लेख्न पर्दैन आजकल
गाली-गलौज लेखे पुग्छ

झ्यालबाट संसार देखे पुग्छ

- *अनि पो कवि भइन्छ* पृष्ठ २३

हिजोआज साहित्यको स्थान अश्लीलताले भरिपूर्ण विदेशी ऱ्याप सङ्गीतहरूले ओगटेको छ भन्ने भाव कविले यसरी व्यक्त गरेका छन् -

कहिले हिमाल दुख्छ

कहिले पहाड दुख्छ

कहिले तराई दुख्छ

सिङ्गै नेपाल दुख्छ

माइकल ज्याक्सन र म्याडोनाहरू

हिट भइरहेका बेलामा

मेरो कविता कसले रट्छ !

- *कविता कसले पढ्छ ?* पृष्ठ ३३

उपर्युल्लिखित विषयवस्तुका अतिरिक्त अश्लील तथा बोक्रे साहित्यको विरोध, स्वच्छ साहित्य र साहित्कि वातावरणको अपेक्षा, राष्ट्रप्रेम जस्ता विषयवस्तुहरू यस सङ्ग्रहमा रहेका छन् ।

### ४.१.८.४ रसभाव

अकविता कविता भएको छ, असाहित्यिक व्यक्तित्वहरूद्वारा साहित्यिक व्यक्तिहरू ओझेलमा पारिएका छन् भन्ने जस्ता भावहरू यस सङ्ग्रहका कविताहरूमा मुखरित भएका छन् । समाजमा कविता लेख्ने मान्छेलाई बिग्रेको मान्छे ठान्ने प्रवृत्तिप्रति कविले व्यङ्ग्य भाव प्रकट गरेका छन् । अहिलेको यान्त्रिक जगत्मा मानिसहरू व्यक्तिगत स्वार्थको लागि दौडिरहेका छन् तर कवि भने देशको समसामयिक अवस्थाप्रति चिन्तित देखिन्छन् । मुट्ठीभरका चुसाहाहरूको हालीमुहाली रहेको देशमा दीनदुःखीहरूको यथार्थ अवस्थाको चित्रण कविले कारुणिक भावमा यसरी व्यक्त गरेका छन् -

मेरो कवितामा हर्के र बिर्खेहरूको

जडौरी कमिज दुख्छ

कान्छी वाईबा र सुन्तलीहरूको

फाटेको पछ्यौरी दुख्छ

सीता र सावित्री भाउजूहरूको

खाली सिउँदो र सेतो कपडा दुख्छ

फूलमाया बहिनीहरूको

कलकत्ता र बम्बईको कोठी दुख्छ

- *कविता कसले पढ्छ* पृष्ठ ३२-३३

### ४.१.८.५ दृष्टिबिन्दु

**कविता लेख्नु निरर्थक हुन्छ** कविता सङ्ग्रहका धेरैजसो कविताहरूमा प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ भने कुनै-कुनै कविताहरूमा द्वितीय र तृतीय पुरुष दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । *म कवि भएर बिग्रँ, म त एउटा निरीह कवि, कविता कसले पढ्छ ?* शीर्षकका कवितामा प्रथमपुरुष दृष्टिबिन्दुको प्रयोग भएको छ भने *मेरो कविता* शीर्षकको कवितामा प्रथमपुरुष र द्वितीय पुरुषको सम्मिश्रण र *मेरो कविता र ऊ* शीर्षकको कवितामा प्रथम पुरुष र तृतीय पुरुष दृष्टिबिन्दुको सम्मिश्रण भएको पाइन्छ ।

### ४.१.८.६ जीवनदृष्टि

**कविता लेख्नु निरर्थक हुन्छ** कविता सङग्रहका कविता मार्फत कविले आफू कवि हुँदा देखेका र भोगेका तिता अनुभूतिहरूको यथार्थ प्रस्तुती गर्नु नै यो कविता सङ्ग्रहको उद्देश्य रहेको छ । कतिपय कविहरूले देश र जनताको हितमा कविता-लेखेका छन्, अश्लील साहित्यको खोइरो खनेका छन्, तर त्यस्ता कवि तथा साहित्यकारहरूलाई कसैले वास्ता गरेका छैनन्, उनीहरू अपमानित बन्न पुगेका छन् भने असाहित्यिक तत्त्वहरू जो कविताका नाममा अश्लीलता फलाकेर रातारात चर्चित बनेका छन्, समाजमा तिनैको कदर छ, तिनीहरू नै उत्कृष्ट कवि ठहरिन्छन् भन्ने जस्ता यथार्थहरू यस सङ्ग्रहका कविताहरूमा प्रस्फुटित भएका छन् ।अतः यस्तो प्रवृतिको अन्त्य हुनुपर्छ, साहित्य सधैँ समाज सापेक्ष हुनुपर्छ, सच्चा र इमान्दार कवि तथा साहित्यकारको यथोचित सम्मान हुनुपर्छ, खुट्टा तान्ने प्रवृत्तिको अन्त्य हुनुपर्छ भन्नु नै यस कविता सङ्ग्रहको मुख्य जीवनदृष्टि हो ।

### ४.१.८.७ लय/छन्द

आर.आर.चौलागाईंको अघिल्ला काव्य कृतिहरू जस्तै प्रस्तुत **कविता लेख्नु निरर्थक हुन्छ** कविता सङ्ग्रह पनि परम्परागत शास्त्रीय छन्द रहित मुक्त छन्दको प्रयोग गरी लेखिएको काव्य कृति हो । एउटा कविताको नमुना यस प्रकार रहेको छ -

खहरेजस्तो उन्माद छैन

अल्पकालीन अन्दाज छैन
आफ्नो खातिर फिराद छैन
बहुस्वार्थमा विवाद छैन
अध्यारोमा सानो रवि
म त एउटा निरीह कवि

- *म त एउटा निरीह कवि* पृष्ठ २७

माथिको कवितांशमा अन्त्यानुप्रासको उचित संयोजनले कवितामा लयात्मकता प्रदान गरेको छ ।

## ४.१.८.८ भाषाशैली

**कविता लेख्नु निरर्थक हुन्छ** कविता सङ्ग्रहका कविताहरूमा कविले व्यङ्ग्यात्मक भाषाशैलीको प्रयोग गरेका छन् तापनि कवि आर.आर.चौलागाईं भाषिक सरलताका कवि भएकाले यिनको व्यङ्ग्य पनि सरल र मर्मस्पर्शी देखिन्छ । भाषामा कुनै कृत्रिमता नझल्काई सहज बोलचालकै भाषामा लेखिएका यी कविताहरूमा सरल बिम्ब र प्रतीकको प्रयोग भएको छ । समग्रमा भन्नुपर्दा यस सङग्रह भित्रका कविताहरूको भाषा क्लिष्ट र दुर्बोध्य नभई मर्मस्पर्शी र बोधगम्य छ ।

## ४.१.८.९ अलङ्कार

यस कविता सङ्ग्रहभित्रका कविताहरूमा उपमा, तुल्ययोगिता, रूपक, अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**क) उपमा अलङ्कार,**

म छेपारो जस्तो हुन सकिनँ
दिनैपिच्छे रङ फेर्न सकिनँ

- *म कवि भएर बिग्रँ* पृष्ठ १७

**ख) तुल्ययोगिता अलङ्कार**

प्रस्तुतहरू वा अप्रस्तुतहरूका बीच एउटै धर्मद्वारा सम्बन्ध देखाउने अलङ्कारलाई तुल्ययोगिता अलङ्कार भनिन्छ ।[१६९]

कमल हिलोमा फुल्दो रहेछ

---

[१६९] मोहनराज शर्मा र खगेन्द्रप्रसाद लुईंटेल, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, पूर्ववत् पृ. ६८

गुराँस टाकुरामा झुल्दो रहेछ

- *म कवि भएर बिग्रेँ* पृष्ठ १८

**ग) रूपक अलङ्कार**

मेरो कविता

अभिमन्यु भएर

मैदानमा अलपत्र परेको छ कुनै बेला

- *मेरो कविता* पृष्ठ २०

यसरी विभिन्न प्रकारका अलङ्कारले प्रस्तुत कविता सङ्ग्रह भित्रका कविताहरूमा सौन्दर्य थप्ने काम गरेका छन् ।

## ४.१.८.१० बिम्ब र प्रतीक

**कविता लेख्नु निरर्थक हुन्छ** कविता सङ्ग्रहभित्रका कवितामा विभिन्न बिम्ब र प्रतीकको प्रयोग भएको पाइन्छ ।

जब मैले माटोको कविता लेखेँ

ऊ तर्किन थाल्यो

जब मैले आँसुको कविता लेखेँ

ऊ झोक्किन थाल्यो

जब मैले रगतको कविता लेखेँ

ऊ रिसाउन थाल्यो

मैले घामको कविता लेखेँ

मैले जूनको कविता लेखेँ

- *मेरो कविता र ऊ* पृष्ठ २४

माथिको कवितांशमा 'माटो' देशभक्तिको, 'आँसु' बेदनाको, 'रगत' क्रान्तिको, 'घाम' उज्यालो र स्वतन्त्रताको, 'जुन' शान्ति र पवित्रताको प्रतीक बनेर आएका छन् ।

आकाशमा बादल मडारिएको

कविलाई मन पर्दैन

आकाशमा चिल र गिद्ध उडेको

कविलाई सह्य हुदैन

आकाश बगैँचा हो

र आकाश सबैको साझा हो

- *कविको आकाश* पृष्ठ ३७

माथिको कवितांशमा 'आकाशमा बादल मडारिएको', 'आकाशमा चिल र गिद्ध उडेको' सन्दर्भ प्रस्तुत गरेर दुष्ट, छली, मिचाहा प्रवृत्ति भएका व्यक्तिहरूको चित्रण गर्न खोजिएको छ भने, 'आकाश बगैँचा हो', 'आकाश सबैको साझा हो' भन्ने जस्ता शब्दहरूले सम्पूर्ण मानव जातिको स्वतन्त्रता र समानताको बिम्बात्मक अभिव्यक्ति दिएका छन् ।

### ४.१.८.११ सारांश

साहित्यकार आर.आर.चौलागाईंका पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०५६ मा प्रकाशित **कविता लेख्नु निरर्थक हुन्छ** कविता सङ्ग्रह प्रकाशनको दृष्टिले आठौं कविता कृति हो । यस भित्रका कविताहरूले लेखन स्वतन्त्रताको हनन्, साहित्यिक जगत्मा भएका विकृतिले कविको मनमा उत्पन्न भएको नैराश्य, गिर्दो कवितात्मक स्तर, लोप हुँदै गइरहेको संस्कृति जस्ता विषयवस्तुलाई आत्मसात गरेका छन् । सरल भाषाशैलीमा बिम्ब र प्रतीकको प्रयोग गर्दै कवि र कविता सम्बन्धी मुख्य कथावस्तुका माध्यमबाट देश र समाजमा भएका र हुने गरेका विकृतिमाथि झटारो हान्नु यस कविता सङ्ग्रहको प्रमुख उद्देश्य रहेको पाइन्छ । समग्रमा कवि आर.आर.चौलागाईंका अघिल्ला कृतिहरूको तुलनामा भाव र कलापक्षको संयोजनले यो कृति सबल देखिन्छ ।

## ४.१.९ आस्था रोपेर मनका गराहरूमा कविता सङ्ग्रहको अध्ययन

साहित्यकार आर.आर.चौलागाईंको नवौं कृति **आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रहको यहाँ कविताका विभिन्न तत्त्वहरूको आधारमा अध्ययन गरिन्छ ।

### ४.१.९.१ शीर्षक

आस्था भन्नाले कुनै पनि व्यक्ति वा विचारप्रति गरिएको श्रद्धा, सम्मान वा विश्वास हो । **आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रहका प्रायः सबैजसो कविताहरूमा कवि चौलागाईंले काम गरीखाने वर्गहरूप्रति सच्चा, इमान्दार र देशभक्त नागरिकहरू प्रति श्रद्धा, विश्वास र सम्मानको भाव व्यक्त गरेका छन् । यसर्थमा यस कविता सङ्ग्रहको नामकरण प्रतीकात्मक रूपमा सार्थक र औचित्यपूर्ण देखिन्छ ।

### ४.१.९.२ संरचना

यो **आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रह संरचनागत दृष्टिले हेर्दा विभिन्न आयामका चालीसवटा कविताहरू समेटिएको एक सय सात पृष्ठको मध्यम आकारको कृति हो । यो कृति वि.सं. २०६० मङ्सिरमा अभि प्रकाशन हेटौंडाबाट प्रथम पटक एक हजार प्रति प्रकाशित भएको हो । बाह्यावरण हेर्दा गाढा गुलाफी रङ्गमाथि छिया-छिया परेको पातजस्तो देखिने अमूर्त चित्र र त्यो चित्रमाथि सूर्य र चन्द्र जस्तो देखिने चित्र अङ्कित छ । यस कृतिको अग्रभागमा रमेश गोर्खालीको *आस्थाका कविको सामाजिक न्याय र सिद्धान्तवाद सूचक मनोद्वन्द्व* शीर्षकको समीक्षात्मक लेख प्रस्तुत गरिएको छ । यस कृतिका सम्पूर्ण कविताहरू मुक्त लयका छन् । सामाजिक न्याय, लैङ्गिक समानता, देश र जनताप्रति आस्थाको भाव प्रकटीकरण जस्ता विषयहरू समेटिएको यो कृति आन्तरिक संरचनाको कोणबाट परिपुष्ट देखिन्छ ।

### ४.१.९.३ विषयवस्तु

**आस्था रोपेर मनका गराहरूमा** भित्र जीवनभोगाइका कटु यथार्थ, समाजमा व्याप्त विकृति र विसङ्गति, राजनैतिक उतार चढाव, राष्ट्रिय-अन्तर्राष्ट्रिय सन्दर्भ, लैङ्गिक समानता, मुलुकको वर्तमान अवस्थाप्रति चिन्ता जस्ता विषयवस्तुहरू समाविष्ट भएको पाइन्छ । शोषकहरूको सामन्ती र मिचाहा, चुसाहा प्रवृत्ति अझैसम्म पनि हाबी भैरहेको छ । त्यसैले जो दिन रात मेहनत गरेर खेत खलियानहरूमा खनजोत गर्छन्, अन्न फलाउँछन्, उनीहरू नै भोका नाङ्गा छन् अर्थात् जनताको त्याग, वीरता र बलिदानले देशमा प्रजातन्त्र त आयो तर उही पुरानै शासक मुकुन्डो फेरेर आयो फलस्वरूप जनता झनै धेरै दुःखी भए भन्ने भावलाई कविले प्रतीकात्मक ढङ्गमा अभिव्यक्त गरेका छन् ।

बगर बिराएँ, ढुङ्गा पन्छाए
सिन्कै नभाँच्नेले आफ्नो गरायो
धान रोपेँ, गोडमेल गरेँ
सियाँल ताप्नेले भकारी चुल्यायो
बिरुवा लगाएँ, पानी हालेँ
कुम्भकर्णले स्याबासी पायो
वर्षौंदेखि खनजोत गरेँ
पसिनै नबगाउनेले बाली उठायो

- *अनुत्तरित प्रश्नहरू* पृष्ठ २५

मानवता हराउँदै गएर विवेकशून्य, पशुतुल्य भएका आजका मान्छेहरूको यथार्थ चित्रण कविले यसरी गरेका छन् -

मान्छेमा विवेक हराउँदै छ आजकाल
मान्छेमा भ्रातृत्व मेटिँदै छ आजकाल
धेरै भएछ घरबाट निस्केको म
मान्छेको अनुहार हेर्न
देख्न सकिन मान्छे
थुप्रै भएछ भौँतारिएको म
मान्छेको जात खोज्न
भेट्न सकिनँ मान्छे
सायद बाँदरको सन्तति भएर हो कि !
दुरुस्त बाँदरकै अभिनय गरिरहेछ
आजको मान्छे

-*आजको मान्छे* पृष्ठ ३६

उपर्युल्लिखित विषयवस्तुको अतिरिक्त राष्ट्रप्रेम, नारी अस्तित्वको खोजी, हरक्षेत्रमा व्याप्त राजनीतिकरणप्रति चिन्ता, देशको बिग्रदैँ गइरहेको अवस्थाप्रति दुःख, मानवीय मूल्यको खोजी जस्ता विषयवस्तुहरू यस कविता सङ्ग्रहमा समेटिएका छन् ।

### ४.१.९.४ रसभाव

**आस्था रोपेर मनका गराहरूमा** भित्रका कवितामा प्रजातन्त्र प्राप्तिपछिका विकृतिहरू, देशको दिन प्रतिदिन बिग्रँदै गइरहेको अवस्था, मानवीय मूल्यको ह्रास, राष्ट्रवादी चिन्तन, जनताको पटक-पटकको त्याग र बलिदानबाट आएको प्रजातन्त्रले पनि जनतालाई खुसीभन्दा अनेकौँ दुःख दिने, सत्ताकै लागि मात्र हानथाप गर्ने प्रवृत्तिप्रति कविले दुःखानुभूति व्यक्त गरेका छन् । दिनदहाडै अस्मिता गुमाउन पुगेका चेली, बाहिर शान्तिको नारा फलाकेर भित्र-भित्र अराजकता फैलाउने प्रवृत्ति, नेपालीहरू आफ्नै देशमा शरणार्थी बन्नु पर्ने स्थिति, सहरियाहरूले गाउँलेहरूलाई हेप्ने प्रवृत्तिप्रति कविले गहिरो दुःख व्यक्त गरेका छन् । यस्तै-यस्तै अनगिन्ती बेथिति र विकृतिहरूले

आहत भएका कवि चौलागाईंले शान्त तलाउ र रमणीय बगैँचा सरि मानिएको देशमा बुद्धको सन्ततिले बारम्बार मेसिनगन नबोकून् भन्ने भाव कविता मार्फत् यसरी व्यक्त गरेका छन् -

मलाई बिथोल्न कोही नआओस्
मलाई गिजोल्न कोही नतम्सियोस्
बुद्धका सन्तानहरूले मेसिनगन चलाएका
मैले हेर्नु नपरोस्
अबोध बालबालिकाहरूले
धनुर्विद्या सिकेको
मैले देख्न नपरोस्
म जुटेको छु कर्म क्षेत्रमा
मरुभूमि हरियो पार्न

- *चाहना* पृष्ठ ५

देशमा दिगो शान्ति कायम होस्, राष्ट्र र राष्ट्रियताप्रति बाह्य हस्तक्षेप नहोस् शान्तिक्षेत्र नेपालका बालबालिकाहरू युद्धको चपेटामा नपरून् भन्ने कारुणिक भाव प्रस्तुत कवितामा झल्किएको छ ।

निर्धक्क भई फेवाभरि
मलाई मेरै माटो चाहिन्छ
नअटुञ्जेल मुट्ठीभरि
मलाई मेरै बाटो चाहिन्छ
नथाकुञ्जेल यात्राभरि
नसोध के छ हालखबर ?
निद्रा छैन आजभोलि
मन दुख्छ अचेलभरि ।

-*मन दुख्छ अचेलभरि* पृष्ठ ७७

माथिको कविताांशमा राष्ट्र र राष्ट्रियताप्रति आस्थाभाव प्रकट भएको पाइन्छ ।

अनि एकैछिन तिमी बन्दुक फ्याँकेर
हामीलाई सोधीहेर
हामी मारामार हैन भाइचारा चाहन्छौँ
हामी काटाकाट हैन संवाद चाहन्छौँ

हामी युद्ध हैन बुद्ध चाहन्छौँ

- *हामी युद्ध हैन बुद्ध चाहन्छौँ* पृष्ठ १५

माथिको कवितांशमा शान्तिक्षेत्र नेपालका जनताहरू देशमा दीगो शान्ति कायम भई युद्ध सदाका लागि समाप्त भएको हेर्न चाहन्छन् भन्ने भाव शम स्थायीभाव हुने शान्तरस मार्फत अभिव्यक्त भएको पाइन्छ ।

### ४.१.९.५ दृष्टिबिन्दु

**आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रहभित्रका प्रायः कविताहरूमा कविले एकोहोरो किसिमले आफ्नो विचार प्रस्तुत गर्दै गएकाले प्रथम पुरुष दुष्टिबिन्दुको र कुनै-कुनै कवितामा द्वितीय र तृतीय पुरुष दृष्टिबिन्दुको प्रयोग भएको पाइन्छ । *अझैसम्म, अनुत्तरित प्रश्नहरू, अन्तिम रहर, असीम पर्खाइहरू, आगो निभ्यो किन यसरी ?* लगायत अन्य थुप्रै कवितामा प्रथम पुरुष दृष्टिबिन्दुको र *कान्ता तिमी नरोऊ यसरी, के मन पर्थ्यो तिमीलाई, निष्ठुरी काठमाडौं* इत्यादि कवितामा द्वितीय पुरुषको र *बाटो देखाउने मान्छे* कवितामा प्रथम र तृतीय पुरुष दृष्टिबिन्दुको सम्मिश्रण भएको पाइन्छ ।

### ४.१.९.६ जीवनदृष्टि

राष्ट्र र राष्ट्रियताप्रति आस्थाभाव प्रकट गर्नु नै **आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रहको मुख्य जीवनदृष्टि हो । समाजमा व्याप्त हिंसा, बेथिति, विकृति र विसङ्गतिले ग्रस्त आजको मान्छे र त्यस्तो जीवनभोगाइप्रति असन्तुष्टि प्रकट गर्नु नै प्रस्तुत कृतिको जीवनदृष्टि रहेको पाइन्छ । प्रस्तुत कृतिमा नारी अस्मिताको खोजी गरी नारी स्वयम्लाई सचेत र सबल भई अघि बढ्न प्रेरित गरिएको छ । *कान्ता ! तिमी नरोऊ यसरी* शीर्षकको कवितामा यस्तो प्रस्तुति पाइन्छ । मुक्ति, सुशासन र अमन चयनको अपेक्षा गरी पटक-पटकको जनआन्दोलन र बलिदानबाट प्राप्त भएको प्रजातन्त्रले जनताको भावना अनुरूप कार्य गर्नुको सट्टामा नेताहरूले प्रजातन्त्रलाई नै ठगी खाने भाँडो बनाएको, सत्तामोहको हानथापले देश दलदलमा भासिन लागेको प्रति गहिरो चिन्ता व्यक्त गर्दै देश र जनताको भावना बुझ्न सक्ने कुशल नेतृत्वदायी व्यक्तित्वको खोजी गर्नु नै प्रस्तुत कृतिको उद्देश्य रहेको छ । समग्रमा भन्दा समाजमा व्याप्त तमाम बेथिति, विकृति, विसङ्गतिहरूको अन्त्य, राजनीतिक खिचातानीको अन्त्य गरी स्वच्छ सभ्य र समृद्ध समाज स्थापनाको चाहना राख्नु नै प्रस्तुत कृतिको जीवनदृष्टि रहेको पाइन्छ ।

### ४.१.९.७ लय/छन्द

**आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रहका सम्पूर्ण कविताहरूमा परम्परागत शास्त्रीय छन्द रहित मुक्त लय वा गद्य छन्दको प्रयोग भएको पाइन्छ ।

खुव पश्चात्ताप होला
नेपालमा जन्मनु परेकोमा तिमीलाई
साह्रै हीनताबोध होला
नेपाली भन्नु परेकोमा तिमीलाई
शिर भुकिरहेको होला
दौरा, सुरुवाल र ढाकाटोपी
राष्ट्रिय पोसाक भएकोमा तिमीलाई
लाज लागिरहेको होला
नेपाली भाषा बोल्नु परेकोमा तिमीलाई
तिमी वातानुकूलित महलमा
ऐस गरिरहेका छौ
अभावको कविता के मन पर्थ्यो तिमीलाई

- *के मन पर्थ्यो तिमीलाई* पृष्ठ ४८

यसरी आफ्नो चिनारी र संस्कृति भुलेर विदेशी सभ्यता र संस्कृतिको देखासिकी गर्ने प्रवृत्तिले हाम्रो आफ्नो मौलिक कला संस्कृतिहरू धारापमा पर्दै गएको र विकृत र विसङ्गत बन्दै गइरहेको प्रति गद्यात्मक लयका कवितामार्फत् कविले गहिरो चिन्ता व्यक्त गरेका छन् ।

### ४.१.९.८ भाषाशैली

**आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रहको भाषा आर.आर.चौलागाईंका अन्य कविता सङ्ग्रहहरूमा जस्तै सरल, सहज र स्वभाविक छ । तत्सम, तद्भव र आगन्तुक शब्दहरू प्रयोगमा देखिन्छन् । सरल बिम्ब तथा प्रतीक प्रयोग गरी लेखिएका यी गद्य कविताहरूमा सरल, सहज र मर्मस्पर्शी शब्द प्रयोगका साथै गतिशील र आन्तरिक लयात्मक शैली पाइन्छ । समग्रमा भन्दा **आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रहको भाषाशैली सरल र सहज हुँदाहुँदै पनि

आर.आर.चौलागाईंका अघिल्ला कविता सङ्ग्रहका भाषाशैलीका तुलनामा केही क्लिष्ट र दुरूह भएको पाइन्छ ।

### ४.१.९.९ अलङ्कार

**आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रहभित्रका कविताहरूमा उत्प्रेक्षा, उपमा, रूपक, अर्थान्तरन्यास अलङ्कारको प्रयोग भएको पाइन्छ ।

**क) उत्प्रेक्षा अलङ्कार**

सायद बाँदरको सन्तति भएर हो कि !
दुरुस्त बाँदरकै अभिनय गरिरहेछ
आजको मान्छे ।

- *आजको मान्छे* पृष्ठ ३६

**ख) उपमा अलङ्कार**

बाँच्नु त हिमालजस्तै अटल भएर बाँच्नु
मर्नु त हिमालजस्तै गह्रौं मृत्यु मर्नु
उभिनु त हिमालजस्तै अग्लो भएर उभिनु
बग्नु त हिमालजस्तै सङ्लो भएर बग्नु

- *हिमाल हाम्रो सम्पदाः पर्वतारोही हाम्रा गौरव* पृष्ठ १०६

**ग) रूपक अलङ्कार**

फूल सम्झेर टिप्न खोजें
विषालु काँडा रहेछ
बिहानी हैन रहेछ यो
खाली भ्रम मात्र रहेछ ।

- *बिहानी हैन रहेछ यो* पृष्ठ ६६

**घ) अर्थान्तरन्यास अलङ्कार**

अहिले बुर्कुसी मार्नेहरूकै बोलवाला छ
मालिक रथमा आरामसँग निदाएको छ

- *बुर्कुसी मार्नेहरू* पृष्ठ ६८

यिनै विभिन्न प्रकारका अलङ्कारहरूले प्रस्तुत कविता सङ्ग्रह सजिएको देखिन्छ ।

### ४.१.९.१० बिम्ब र प्रतीक

**आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रहका कवितामा विभिन्न बिम्ब तथा प्रतीकको प्रयोग भएको पाइन्छ ।

हो, यतिखेर तिमी निर्वस्त्र छ्यौ मैदानमा
आँखा चिम्लून् भीष्मपितामहहरू केही छैन
सायद कृष्ण पनि विकेको होला चाटुकारहरूसँग
उठ, छाती दह्रो पारेर उठ !
कैले पिउँछ्यौँ हँ ? दुःशासनहरूको रगत घटघटी
पाण्डवहरू नामर्द बनून् केही छैन

- *कान्ता ! तिमी नरोऊ यसरी* पृष्ठ ४६

माथिको कवितांशमा पौराणिक घटना सन्दर्भ र पात्रहरूको माध्यमबाट वर्तमान अवस्थालाई प्रस्तुत गर्न खोजिएको छ । आजभोलि दिन दहाडै चेलिबेटीहरूको अस्मिता लुटिएको छ, पशुतुल्य बेचिएर नारकीय जीवन बाँच्न बाध्य छन्, त्यसैले नारीहरू आफैँ सचेत र जागरुक भएर आफ्नो हिफाजत आफैँ गर्न र त्यस्ता ब्वाँसाहरूको छाती फोरी आफैँ रगत पिउन सक्नुपर्छ, द्रौपदी झैँ निरीह प्राणी बन्नु हुँदैन भन्ने भावाभिव्यक्तिका लागि पौराणिक पात्रहरू भीष्मपितामह, कृष्ण, दुःशासन, पाण्डव, द्रौपदी आदिको बिम्बात्मक प्रयोग गरिएको छ ।

हाडको निम्ति कुकुरहरूमा लुछाचुँडी छ
केटाकेटीहरू हुलमा किचिँदै छन्
स्यालहरूको हुइयाँ चर्किंदै छ
ढाडे बिरालाहरू दूध चोर्दै छन्
ओहो ! अँध्यारोमा अनेक हुँदो रहेछ
सिल्लीहरूको तिकडम चल्दो रहेछ
अँध्यारो रुचाउनेहरू खुसीले गदगद छन्
उज्यालो चाहनेहरू सुस्केरा काढ्दै छन्

- *आगो निभ्यो किन यसरी* पृष्ठ ३२

साँढेको जुधाइ बाच्छाको मिचाइ भने झैँ नेताहरूको सत्ता लोलुपताले गर्दा जनताहरू मारमा परेका छन् भन्ने भाव प्रतीकात्मक बिम्बको माध्यमबाट प्रस्तुत भएको छ । हाडको निम्ति

कुकुरहरूमा लुछाचुँडी छ भन्ने वाक्यांशले यस्तै भाव प्रस्तुत गरेको छ । स्याल, ढाडे बिरालो जस्ता शब्दले शोषक वर्गहरूलाई र 'उज्यालो चाहनेहरू' भनेर प्रजातन्त्रको कामना गर्ने जनताहरूलाई इङ्गित गरेको पाइन्छ । यसरी विभिन्न बिम्ब र प्रतीकहरूको प्रयोगले **आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रह ओजपूर्ण बनेको छ ।

### ४.१.९.११ सारांश

आर.आर.चौलागाईंका पुस्तकाकार कृतिहरूमध्ये वि.सं. २०६० मङ्सिरमा प्रकाशित **आस्था रोपेर मनका गराहरूमा** कविता सङ्ग्रह नवौँ कृति हो । मानवीय मूल्यको खोजी, आशावादी जीवनदृष्टि, राष्ट्रप्रेम, विदेशी छाडा संस्कृतिको नक्कलले आफ्नो मौलिक कला संस्कृति खस्कँदै गएको प्रति चिन्ता, सत्ता र भत्ताको लागि मात्र केन्द्रित बन्दै गइ रहेको राजनीति र यस्तो राजनीतिक बेथिति र विकृतिले गर्दा मारमा परेका जनताप्रति सहानुभूति जस्ता विषयवस्तुहरू चौलागाईंका कवितामा समेटिएका छन् । समग्रमा भन्नुपर्दा क्रमशः परिष्कृत र परिमार्जित बन्दै गएर कला पक्ष र भाव पक्षको समेत उचित संयोजन भएको यो कविता सङ्ग्रह चौलागाईंका नौवटा कविता सङ्ग्रहहरूमध्ये प्रतिनिधि कविता सङ्ग्रह हो ।

## ४.१.१० विघटनको तयारीमा लघु कथा सङ्ग्रहको अध्ययन

आर.आर.चौलागाईंको **विघटनको तयारीमा** वि.सं. २०६५ मा प्रकाशित एक लघु कथा सङ्ग्रह हो । यसमा लघु आयामका जम्मा ७४ वटा लघु कथाहरू सङ्ग्रहित छन् । यहाँ कथावस्तु, पात्र र चरित्रचित्रण, परिवेश, उद्देश्य र भाषाशैलीय विन्यासको आधारमा यो कथा सङ्ग्रहको अध्ययन गरिन्छ ।

### ४.१.१०.१ कथानक

यस लघु कथा सङ्ग्रहमा सङ्ग्रहित सम्पूर्ण लघु कथाहरूको कथानक संक्षिप्त रूपमा यहाँ यसरी प्रस्तुत गरिएको छ :

*अगुवाको चर्तिकला* लघु कथामा कुलतमा फस्नु हुँदैन भन्ने पाठ पढाउने र आफैँ कक्षाकोठामा विद्यार्थीको अगाडि चुरोटको धुवाँ उडाउने शिक्षक, रोगको निधान गर्न नसकी बिरामीलाई झाँक्रीकहाँ जान सुझाउने रूढीवादी मान्यताले ग्रस्त डाक्टर, नैतिकताको प्रवचन दिने

तर आफैँ चरित्रहीन बन्दै हिँडेको पण्डित र भ्रष्टाचारले देश सिध्यायो भन्दै, आफू पनि भ्रष्टाचारमा संलग्न भएका नेता जस्ता व्यक्तित्वहरूको उल्लेख गरिएको छ ।

*अतृप्त चाहना* लघु कथामा मानिसका चाहना र आवश्यकताहरू असीमित हुन्छन्, जुन कहिल्यै पनि पुरा हुँदैनन् । त्यसमा पनि महत्त्वाकाङ्क्षी स्वभाव भएको मानिसको चाहना त झन् कहिल्यै पनि पूरा हुँदैनन् भन्ने कुराको उल्लेख गरिएको छ ।

*अनुरोध* लघु कथामा साहित्य सिर्जना बिना नै छुल्याइँ, फटाइँ र तडक भडकको भरमा साहित्यकारको पगरी गुथेको व्यक्तिको चित्रण कथाको प्रमुख पात्र प्रख्यातकुमार र आकाशको माध्यमबाट गरिएको छ ।

*अनौठो घर* लघु कथामा साहित्यिक गोष्ठी सञ्चालन गर्नको लागि साहित्यकार-हरूलाई एउटा छुट्टै घरको आवश्यकता परेको र सो घर स्रष्टाहरूको किताबै किताबबाट निर्माण भएको कुरा वर्णन गरिएको छ । यहाँ किताब भौतिक धन सम्पत्तिको प्रतीकको रूपमा देखा परेको छ ।

*अन्तर्वार्ताको मोह* लघु कथामा सच्चा, इमान्दार तथा प्रतिभाशाली साहित्यकारहरू पैसाको आडमा हैन आफ्नै प्रतिभा र क्षमताले नै चर्चित बन्दछन् । उनीहरूलाई फटाहा नेताले झैं पैसा तिरेर चर्चामा आइरहनु पर्दैन भन्ने कुराको वर्णन गरिएको छ ।

*अभियोग* लघु कथामा इमान्दारिता, लगनशीलता र रात दिनको मेहनतबाट 'त्यो' पात्रको उन्नति, प्रगति भएको र त्यस्तो प्रगति देख्न नचाहने आरिसे मानिसहरूको खुट्टा तान्ने प्रवृत्तिको यथार्थ वर्णन गरिएको छ ।

*आगो* लघु कथाका पात्रहरू बीच सम्पत्तिको विषयलाई लिएर झगडा भएको छ । धन, सम्पत्ति एक्लै कुम्लाउनको लागि मानिस विवेकशून्य बन्दै गइरहेको छ भन्ने कुरो यस कथा मार्फत देखाइएको छ ।

*आग्रहको मूल्य* लघु कथामा आफ्नो आवश्यकता पूरा गर्न अरूको प्रयोग गर्ने मान्छेको निच प्रवृत्तिको वर्णन गरिएको छ ।

*आदत* लघु कथामा पुरुष पात्र समर बहादुर सभापति भएपछि उसको व्यवहारमा देखिएको अहंपना, ठालुपन र पदावधि सकिएपछि उही पुरानै धरातलमा फर्किनुपरेको वास्तविक परिस्थितिको वर्णन गरिएको छ ।

*आधुनिक रामायण* लघु कथामा सीताको सतीत्व बचाउन खटिएको हनुमान् नै विकेको र सीतालाई झनै अप्ठेरो परिस्थितिमा पारेको उल्लेख गरिएको छ । यहाँ हनुमान्‌ले विकृतितर्फ धकेल्दै गइरहेको आधुनिक युवा वर्गको प्रतिनिधित्व गरेको पाइन्छ ।

*आफ्नो* लघु कथामा 'आफ्नै त हो नि' भनेर साइनो जोड्दै आफ्नो नीच स्वार्थ पूरा गरी हिँड्ने भ्रष्ट नारी पात्रको चित्रण गरिएको छ ।

*आलुको मासु* लघु कथामा बालकको जिद्दीपनालाई प्रस्तुत गरिएको छ । माछा मासुको संसर्ग नै नहुने ठाउँमा मासु खानको लागि झगडा गरिरहेको बालकको चाहनालाई बुद्धिमत्ता र चातुर्यताको साथमा पूरा गरिएको छ ।

*आविष्कार* लघु कथामा आफूमा आएको जिम्मेवारी वा दायित्व पूरा नगरेर महान् गल्ती गर्नुभन्दा आफ्नो क्षमताले भ्याएसम्मले कर्तव्यपालन गर्नुपर्छ । कार्य सम्पन्न गर्ने क्रममा यदाकदा गल्ती त प्रायः सबैबाट हुन्छ भन्ने कुराको वर्णन गरिएको छ ।

*आश्वासन* लघु कथामा सिधा-साधा जनतालाई झुठो आश्वासन बाँड्दै चुनाव जित्ने तर विकासका कार्यहरू केही पनि नगर्ने, केबल सत्ता र भत्ताको लागि मात्र राजनीति गर्ने भ्रष्ट नेताको चित्रण गरिएको छ ।

*ऊ अझै फर्केन* लघु कथामा अमर र सुधाको असफल दाम्पत्य जीवन देखाइएको छ । प्रशस्त धन कमाउने लालसामा आफ्ना श्रीमती र छोराछोरीलाई छोडेर कुइरिनीको पछि लागेर अमेरिका गएको अमर फर्कने आशा र विश्वासमा छोराछोरी र घरको रेखदेख गरी जीवन व्ययतीत गरिरहेकी सुधाको वर्णन गरिएको छ ।

*एक्लो मान्छे* लघु कथामा ऊ पात्रले मै खाऊँ मै लाऊँ, बाँकी सबै मरून् र म मात्रै बाचूँ भनेर संसार आफ्नै हातले ध्वस्त गरेको र संसारको एकल आधिपत्य जमाइसकेपछि खुसी तथा दुःख व्यक्त गर्ने साथीसम्म नभएपछि आफूले पनि आत्महत्या गरेको कुरा वर्णन गरिएको छ ।

*कबुल* लघु कथामा बहुसङ्ख्यक दुःखी गरिब जनताको मत पाएर चुनाव जित्ने र गरिबी निवारण गर्नु त परको कुरा, ती गरिबहरूको ओत लाग्ने झुपडी समेत भत्काएर व्यक्तिगत स्वार्थ पूरा गर्ने भ्रष्ट नेताको वर्णन गरिएको छ ।

*कविगोष्ठी* लघु कथामा साहित्य क्षेत्रमा हुनेगरेका विकृतिको उल्लेख गरिएको छ ।

*कारबाही* लघु कथामा प्रमुख पात्रहरू सिद्धान्तकुमार र मौकाप्रसादको माध्यमबाट सुविधा भोगी, विलासी नेता र जनपक्षीय भावना भएका नेताहरूका बारेमा वर्णन गरिएको छ ।

*किन होला* लघु कथामा खेलाडीको नक्कली हितैषी बनेर खेलाडीलाई खिसीटिउरी गर्दै, हतोत्साही बनाउन हरतरहबाट प्रयत्नरत खेलका नियमित दर्शक अनभिज्ञ प्रसादको चारित्रिक विशेषताको वर्णन गरिएको छ ।

*कुकुर र मान्छे* लघु कथामा मान्छे भन्दा कुकुर नै बफादार रहने कुरा उल्लेख गरिएको छ ।

*कैँची* लघु कथामा सञ्चार तथा साहित्यिक क्षेत्रमा हुने गरेका भेदभाव पूर्ण व्यवहारको वर्णन गरिएको छ ।

*खन्चुवाकाजी* लघु कथामा आफू सत्तामा रहन पाए देशको अवस्था जति नै खस्किए पनि राम्रो देख्ने र आफू सत्ता बाहिर रहँदा  देशको स्थिति बिग्रेको छ भन्ने भ्रष्ट नेताको व्यवहारप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

*गफाडी शिक्षक* लघु कथामा काम भन्दा कुरो धेरै गर्ने, विषयवस्तुको बोध नभएको फटाहा शिक्षकको व्यवहारप्रति तीव्र व्यङ्ग्यबाण प्रहार गरिएको छ ।

*जातभात* लघु कथामा पण्डित वेदानन्दकी छोरी रिट्ठे विश्वकर्माको छोरासँग भाग्दा आधुनिक युगमा सबै समान हो भन्दै निर्णय गर्ने अध्यक्षले आफ्नी छोरी सार्की जेठाको छोरासँग भाग्दा भने पानी नचल्ने जातले छोरी भगाएकोले उसको खलकलाई गाउँ निकाला गर्ने निर्णय गरेको छ । यसरी यहाँ समानताको नारा लगाउने व्यक्तिको द्वैध चरित्रको चित्रण गरिएको छ ।

*जुलुस* लघु कथामाा अत्याचारी गजेन्द्रले चुनाव जित्नु भन्दा अगाडि उसको कर्तुतहरूको विरोध गर्ने श्रीभद्र, सूर्यमान, बखतबहादुर, बद्री, रामचन्द्र जस्ता पात्रहरू गजेन्द्र सत्तामा पुगेपछि भने उसैको अनुयायी बनेर हिँडेको देखिएको छ । यसरी सत्तामा पुगेको मानिसले जतिसुकै जघन्य अपराध गरे पनि उसको ढाकछोप गर्दै पछि लाग्ने मानिसहरूको अवसरवादी प्रवृत्तिको चित्रण यस लघु कथामा गरिएको छ ।

*जुँगा* लघु कथामा कामको समयमा नारी पुरुष बराबर हो, नारीले गर्न नसक्ने काम केही पनि छैन भन्ने र जब अवसर प्राप्त हुन्छ अनि नारीहरू भनेका घरको चुलो चौका सम्हाल्ने र बच्चा जन्माउने मेसिन मात्र हुन भन्ठान्ने पितृ सत्तात्मक सोचप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

*टेलिफोन* लघु कथामा मानिसको गैरजिम्मेवारी प्रवृत्तिको चित्रण गरिएको छ ।

*तर्क र कर्म* लघु कथामा एकैचोटि राम्रो लेख्छु भनेर घमण्ड गर्ने पात्रले जीवनभरि केही लेख्न नसकेर जीवनको अन्त्यमा निराशा प्रकट गरेको र लेख्दै जानुपर्छ परिकृष्त हुँदै जान्छ भन्ने पात्रले निरन्तरको अध्ययन र साधनाले लेखनमा सफलता प्राप्त गरेको कुरा उल्लेख गरिएको छ ।

*त्यागको फल* लघु कथामा आख्यान तत्त्व भेटिँदैन ।

*दयालु हाकिम* लघु कथामा विपन्न वर्गका मानिसहरूले चिसो चुल्हो तताउन खोल्सा खोल्सीमा बटुलेको दाउरा खोसेर, उनीहरूको साथमा भएको दुईचार पैसा पनि लुटेर आफ्नो नीच स्वार्थ पूरा गर्ने भ्रष्ट हाकिमको चित्रण गरिएको छ ।

*दाइजो* लघु कथामा माइतीबाट दाइजो स्वरूप प्रशस्त सम्पति ल्याएकी ललिताको रुखो व्यवहारले उनीहरूको वैवाहिक जीवनमा आएको तिक्ततालाई प्रस्तुत गरिएको छ ।

*दुई थोपा आँसु* लघु कथामा साहित्यिक विकासको लागि अक्षय कोष खडा गर्ने क्रममा बुद्धिप्रसादले देखाएको द्वैध चरित्रको वर्णन गरिएको छ ।

*दुईवटा जिब्रो* लघु कथामा नेताजीको मौका अनुसार बोली फेर्ने दुई जिब्रे प्रवृत्तिको चित्रण गरिएको छ ।

*दौलत* लघु कथामा धनदौलतको मोहमा फसेका पात्रहरूको अवसरवादी प्रवृत्तिको चित्रण गरिएको छ ।

*नाजवाफ क्षीण* कथानक भएको लघु कथा हो जसमा स्पष्ट कथानक भेटिँदैन ।

*निर्धक्क* लघु कथामा पैसाको मोहमा पुर्खाको चिनोको रूपमा रहेको ऐतिहासिक महत्त्वका वस्तुहरू बिक्री गर्न नहुने कुरा उल्लेख गरिएको छ ।

*निहुरिएका टाउकाहरू* लघु कथामा विदेशी संस्कृतिको देखासिकी गर्ने तर आफ्नो कला संस्कृति जर्गेना गर्न नखोज्ने नेपालीहरूप्रति भारतीय नायिकाले खिसिटिउरी गरेको प्रसङ्ग प्रस्तुत गरिएको छ ।

*नेपाल बन्द* लघु कथामा नेपालमा दिनप्रतिदिन मौलाउँदै गइरहेको बन्द, हडताल, चक्का जाम जस्ता विकृत प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ । बन्दको विरुद्धमा डट्नुपर्छ भन्ने मन्त्री नै बन्दको बेला घरभित्रै लुकेर बस्ने मन्त्री हिक्मतबहादुरको द्वैध चरित्रको चित्रण गरिएको छ ।

*परम्परा* लघु कथामा कवि तथा साहित्यकारहरूलाई बाँचुन्जेल साहित्य क्षेत्रकै व्यक्तिहरूले पनि ईर्ष्या गर्ने, डाह गर्ने, अपमान गर्ने र मरेपछि गुणगान गाउने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

*परिचय* लघु कथामा सहिदका सन्ततिको नाममा ठूलाबडा भनाउँदाका सन्ततिहरूले शिक्षा आर्जन गरिरहेको र सहिदका सन्ततिहरू शिक्षाको उज्यालोबाट बञ्चित भई गाई गोठालोमै सीमित भएको उल्लेख गरिएको छ ।

*परिवर्तन* लघु कथामा देशमा व्यवस्था परिवर्तन भए पनि उही पुरानै व्यक्तिहरू भेस बदलेर आएकोले हरिबहादुर जस्ता वीर सहिदहरूको यथोचित सम्मान हुन नसकेको तितो यथार्थ प्रस्तुत गरिएको छ ।

*परीक्षा र प्रश्नहरू* लघु कथामा देशमा व्यवस्था बदलिए पनि जनताको अवस्था नबदलिएको, सहिदको सपना पूरा नभएको, व्यक्तिवादी प्रवृत्ति हावी भइरहेकोप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

*परोपकार* लघु कथामा सही कार्य गर्ने धर्म आफ्नो सरल आचरणका कारण अपमानित बन्न पुगेको छ ।

*पहिचान* लघु कथामा महिला अस्तित्व र निजी पहिचानको नारा फलाक्दै हिँड्ने महिला नेतृलाई आफ्नै पहिचानको स्पष्ट बोध नभएको र लैङ्गिक विभेदको सिकार भएको उल्लेख गरिएको छ ।

*पुरस्कार* लघु कथामा परिवर्तनको चाहना राखेर आन्दोलनमा लागेका र अङ्गभङ्ग भएका तथा दुःख पाएकाहरूलाई सम्मान गर्न तम्सिएको संस्थाले आन्दोलनका घाइतेहरूलाई नभई आन्दोलनको समयमा विदेशी भूमिमा लुकेर बसेको छली व्यक्तिलाई सम्मान गरेको तितो यथार्थ प्रस्तुत गरिएको छ ।

*पूर्वाग्रह* लघु कथामा कविता स्तरीय छ भनेर प्रशंसा गर्ने शूरवीर न्यौपाने भन्ने पात्रले जब उक्त कविता कवि मेघनाथ शर्माको हो भन्ने थाहा पाउँछ तब कविसँगको व्यक्तिगत इबीको कारणले उक्त कविता छाप्न नदिएको तितो यथार्थ प्रस्तुत गरिएको छ ।

*प्रगतिशीलता* लघु कथामा आयोजकहरूले सहभागीहरूलाई भने पानीसम्म पनि नख्वाउने तर आफूहरू चाँहि सानदार होटलमा रात्रीभोजमा रमाउने विकृत पक्ष प्रस्तुत गरिएको छ ।

*फुर्सद* लघु कथामा कवि विप्लवको अन्तर्वार्ता र कविता रेडियोमा आउँदा सुन्न फुर्सद हुँदैन भन्ने कवि हिमालले केही समयपछि रेडियोमा आफ्नो अन्तर्वार्ता र कविता आएको तर बेफुर्सदीको कारण कसैले पनि नसुनेकामा आक्रोश व्यक्त गरेको छ । यसरी यहाँ स्वार्थी प्रवृत्तिको चित्रण गरिएको छ ।

*बजेट भाषण* लघु कथामा विकासको कार्यक्रममा भन्दा व्यक्तिगत स्वार्थमा रमाउने नेताहरूको वास्तविक चरित्रको चित्रण गरिएको छ ।

*बदला* लघु कथामा साहित्य क्षेत्रमा हुने गरेका विकृतिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

*बालदिवस* लघु कथामा बालशोषणको अन्त्य गरौँ भन्दै बालहितको नारा फलाक्दै हिँड्ने तर आफैँ बाल शोषण गर्ने प्रवृत्तिको चित्रण दीनबन्धु भन्ने पात्रका माध्यमबाट गरिएको छ ।

*बिग्रेको छोरो* लघु कथामा दिनभर साहित्यिक गोष्ठीमा साहित्य समाजको दर्पण हो, साहित्यकार राष्ट्रका अमूल्य सम्पत्ति हुन्, त्यसैले साहित्यकारको यथोचित कदर हुनुपर्छ भनेर भाषण छाँट्ने राजनीतिज्ञ परोपकार प्रसाद पण्डितले आफ्नो छोराले कविता लेखेर पुरस्कृत भएको खबर सुनाउँदा तँ साहित्यमा लागेर बिग्रिस् भनेर हकारेको घटनाबाट उसको साहित्यप्रतिको नकारात्मक धारणा उजागर भएको छ ।

*ब्लफकल* लघु कथाको प्रमुख पात्र श्रीकान्त लुईटेलले उरेन्ठेउला केटाहरूलाई नम्बर उपलब्ध गराएर ब्लफकल मार्फत अर्काका छोरीचेलीलाई जिस्काउने क्रममा एकदिन उसकै अगाडि बसेर ती केटाले उसैको घरमा ब्लफकल गरी उसैको छोरीलाई जिस्काएको थाहा हुँदाहुँदै पनि चुप चाप लागेर बस्नुपरेको विवशता यस कथामा प्रस्तुत गरिएको छ ।

*भलादमी* लघु कथामा 'ऊ' पात्रले सुरुमा सबैको विश्वास जितेर, पछिल्लोपटक एउटै व्यक्तिसँग धेरै रकम असुलेर बेपत्ता भएको कुरा वर्णन गरिएको छ ।

*भूमिका* लघु कथामा समीक्षा प्रसाद नामको धूर्त समालोचकले विभिन्न प्रलोभनमा परी असामयिक विषयवस्तु भएको रचनालाई समसामयिक र समसामयिक विषयवस्तु भएको रचनालाई असमसामयिक भनेर मूल्याङ्कन गरेको कुरा वर्णन गरिएको छ ।

*म हिरोइन हुन्नँ* लघु कथामा कलाकार बन्ने चाहना बोकेर हिँडेको तर धोखापूर्ण तरिकाले दलालमार्फत बेचिन पुगेकी रमोला भन्ने पात्रको मनोदशाको चित्रण गरिएको छ ।

*माओवादी* लघु कथामा एकातिर सानो तहमा कार्यरत कर्मचारीलाई अति साधारण जीवन जिउन पनि धौ-धौ पर्ने यथार्थ प्रस्तुत गरिएको छ भने अर्कोतिर राजनीतिक अन्योलता भएको मुलुकका जनताहरू कसरी आर्थिक अभाव र राजनीतिक विकृतिको दोहोरो मार खेप्न बाध्य छन् भन्ने कुरा उल्लेख भएको छ ।

*माया* लघु कथामा आफ्नो भन्ने सबैलाई भुलेर अर्थात् व्यक्तिगत स्वार्थलाई त्यागेर देशभक्ति नै ठूलो हो भन्ने ठानेर राष्ट्रको निम्ति समर्पित भएको व्यक्तिलाई राष्ट्रले पनि सम्मान दिन नसकेको कुरा उल्लेख गरिएको छ ।

*मित्रता* लघु कथामा एक आपसमा सम्मान तथा पुरस्कार साटासाट गरेरै भए पनि चर्चामा आउन चाहने विकृत मनोदशा भएका साहित्यकारहरूको चित्रण साहित्यकार 'क' र 'ख' भन्ने पात्रका माध्यमबाट गरिएको छ ।

*मिस नेपाल* लघु कथामा नेपाल र नेपालीप्रति आस्था राख्ने सुश्री पार्वतीलाई हटाएर नेपाल, नेपाली र नेपाली संस्कृतिको नामै लिन नचाहने मिस एलिनालाई मिस नेपालको उपाधि दिइएकोप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

*मुक्तिदेवी* लघु कथामा नारीहरू नै नारीहरूको उन्नति तथा प्रगतिको बाधक बनेको यथार्थ प्रस्तुति मुक्तिदेवी भन्ने पात्रका माध्यमबाट गरिएको छ ।

*मोहभङ्ग* लघु कथामा मरेपछि किरिया गर्नका लागि भए पनि छोरा अनिवार्य चाहिन्छ भन्ने धनप्रसादले छोरीहरूलाई अर्काको घर जाने जात भनेर नपढाएको र छोरालाई राजधानीको महङ्गो

स्कुलमा पढ्न पठाएको छ । छोरा भने पढ्न छोडेर दुर्व्यसनीमा लागेकाले एच.आई.भी. एड्सको सिकार भएको कुरा थाहा पाएर धनप्रसाद विक्षिप्त भएको र उचित शिक्षादीक्षा दिएमा छोरी पनि छोरा सरह हुन्छन् भन्ने धारणा राख्ने दुःखीरमणका छोरीहरू पढेर क्रमशः डाक्टर र पाइलट भएको र दुःखीरमणको जीवनमा सुखका दिन आएको कुरा उल्लेख गरिएको छ ।

*यमराजको फैसला* लघु कथामा हरेक क्षेत्रमा असल र इमान्दार व्यक्तिको आवश्यकता रहन्छ भन्ने कुराको वर्णन गरिएको छ ।

*लाटो एक बल्ड्याङ बाठो तीन बल्ड्याङ* लघु कथामा अरूको आङको भुसुना पनि देख्ने तर आफ्नो आङको भैसी नदेख्ने मानवीय प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गरिएको छ ।

*लोभ* लघु कथामा आर्थिक प्रलोभनमा परेर मानिसले अत्यन्त नीच काम गर्न पनि पछि हट्दैन भन्ने कुराको वर्णन 'ख' भन्ने पात्रको माध्यमबाट गरिएको छ ।

*विशिष्ट व्यक्तिहरू* लघु कथामा हरक्षेत्रमा व्याप्त नातावाद र कृपावादको विरुद्धमा व्यङ्ग्य प्रहार गरिएको छ ।

*शिष्टाचार* लघु कथामा उन्नतिको शिखर चढिसकेपछि आफूलाई शिक्षादीक्षा दिने गुरुलाई सम्मान त परको कुरा, उल्टै अपमानको भाषा बोल्ने अभिमानी व्यक्तिको चित्रण 'ऊ' पात्रका माध्यमबाट गरिएको छ ।

*समयचक्र* लघु कथामा जागिर, राजनीति र प्रेममा धोखा खाएको 'ऊ' पात्रले निरन्तरको अध्ययन र साधनाबाट साहित्यिक क्षेत्रमा अत्यधिक सफलता पाएको कुरा वर्णन गरिएको छ ।

*सिनेमा र यथार्थ* लघु कथामा वास्तविक जीवन काल्पनिक सिनेमा जस्तो नहुने कुराको यथार्थ प्रस्तुति गरिएको छ ।

*स्त्रीनाम* लघु कथामा पुरुषहरूको नारीहरूप्रतिको वासनात्मक दृष्टिको बारेमा वर्णन गरिएको छ ।

*स्वतन्त्रता* लघु कथामा स्वतन्त्रताको नाममा विकृति भित्रयाउने आधुनिक युवा वर्गको चित्रण रेड लाइन एरियामा पुगेका नरेन्द्र र उर्मिला भन्ने पात्रहरूको माध्यमबाट गरिएको छ ।

*हत्यारा को ?* लघु कथामा राजनीतिक द्वन्द्वले क्षतविक्षत भएको पारिवारिक वातावरणको मार्मिक तथा समसामयिक प्रस्तुति कथाका पात्रहरू हर्कबहादुर, रने र जङ्गेको माध्यमबाट गरिएको छ ।

*हाकिमको सरुवा* लघु कथामा मानिसहरूको दुईजिब्रे प्रवृत्तिको चित्रण गरिएको छ ।

प्रस्तुत **विघटनको तयारीमा** लघु कथा सङ्ग्रहको अध्ययन गर्दा समाजका यथार्थ घटना र चरित्रलाई नै विषयवस्तु बनाइएको देखिन्छ । कथाकारले आफूले देखेका, भोगेका र अनुभव गरेका विभिन्न खाले घटनाहरूलाई नै लघु कथाको रूप दिएका छन् । यस लघु कथा सङ्ग्रहमा राजनीतिक र साहित्यिक विषयवस्तुलाई पनि समावेश गरिएको छ । साहित्कार आर.आर.चौलागाईं प्रस्तुत कृतिमा समाजमा भएका बेथिति, विकृति र विसङ्गतिको चित्रण गर्नमा नै उत्सुक देखिन्छन् । समाजमा व्याप्त यस्ता असमानता र अस्तव्यस्तताहरूबाट आहत भएका कथाकारले यिनै विषयवस्तुलाई आफ्ना लघु कथाहरूको कथावस्तु बनाउनु कथाकारको आफ्नै विशेषता हो ।

### ४.१.१०.२ पात्र

**विघटनको तयारीमा** लघु कथा सङ्ग्रहका लघु कथाहरूमा विभिन्न प्रकारका विशेषता बोकेका पात्रहरूको सहभागिता रहेको छ । यस सङ्ग्रहको लघु कथामा प्रायः शिक्षित पात्रहरूको सहभागिता रहेको छ । आधुनिक शिक्षा प्राप्त गरेका यस्ता पात्रहरू पाश्चात्य सभ्यता र संस्कृतिबाट प्रभावित देखिन्छन् । यस्ता पात्रहरूले नेपाली परिवेशमा स्वतन्त्र र स्वच्छन्द भएर जिउन खोज्दा आफै दलदलमा फस्न पुगेका छन् । *स्वतन्त्रता* शीर्षक लघु कथाका नरेन्द्र र उर्मिला यस्तै प्रकारका पात्रहरू हुन् । आधुनिक शिक्षा प्राप्त गरेको तर घमण्डी र शिष्टाचार हीन भएको व्यक्तिको चित्रण पनि प्रस्तुत लघु कथासङ्ग्रहमा गरिएको छ । *शिष्टाचार* शीर्षक  लघु कथाको ‘ऊ’ पात्र यस्तै प्रकारको चरित्र हो । यस सङ्ग्रहका लघु कथाहरूमा, पथभ्रष्ट, गैर जिम्मेवारी, चरित्रहीन पात्रहरूको पनि सहभागिता रहेको पाइन्छ । *अगुवाको चर्तिकला* शीर्षक लघु कथाको मास्टर, डाक्टर र पण्डित,*आफ्नो*  शीर्षक लघु कथाकी ‘ऊ’ पात्र यस्ता खाले सहभागीहरू हुन् । यस सङ्ग्रहका लघु कथाहरूमा स्वार्थी तथा अर्काको उन्नति देख्न नचाहने आहारिसे पात्रहरूको पनि सहभागिता रहेको छ । *अन्तर्वार्ताको मोह* शीर्षक लघु कथाको सम्पादक, *अभियोग* शीर्षक लघु कथाको विरोधीहरू, *आधुनिक रामायण* शीार्षक लघु कथाको हनुमान, *एक्लो मान्छे* शीर्षक लघु कथाका ऊ पात्र, *किन होला ?* शीर्षक लघु कथाको अनभिज्ञप्रसाद *फुर्सद* शीर्षकको लघु कथाको कवि हिमाल, *प्रगतिशीलता* लघु कथाका आयोजक तथा अतिथिहरू आदि यस्ता प्रवृत्तिका पात्रहरू हुन् । यस सङ्ग्रहका लघु कथाहरूमा समय र परिस्थिति अनुसार बोली र व्यवहार परिवर्तन गरिरहने दुई जिब्रे तथा द्वैध चरित्र भएका पात्रहरूको पनि सहभागिता रहेको छ । *जुलुस* शीर्षक लघु कथाको श्रीभद्र, सूर्यमान, बखतबहादुर, बद्री, रामचन्द्र, *जुँगा* शीर्षक लघु कथाका पुरुष पात्रहरू, *दुई थोपा आँसु* शीर्षक लघु कथाका बुद्धिप्रसाद, *दुईवटा जिब्रो* शीर्षक लघु कथाका नेताजी, *नेपाल बन्द* शीर्षक लघु

कथाको हिक्मतबहादुर, *परम्परा* शीर्षक लघु कथाका झल्लुप्रसाद, ईर्ष्याबहादुर र घमण्ड राज *परिवर्तन* शीर्षक लघु कथाको 'ऊ' पात्र, *बिग्रेको छोरो* शीर्षक लघु कथाको परोपकार प्रसाद पण्डित यस्ता प्रकारका पात्रहरू हुन् ।

यस लघु कथा सङ्ग्रहका लघु कथाहरूमा साहित्यिक, राजनीतिक, प्रशासनिक क्षेत्रमा भेटिने भ्रष्ट र विकृत मनोदशा भएका पात्रहरूको पनि सहभागिता रहेको छ । *अगुवाको चरित्रकला* शीर्षक लघु कथाको नेताजी, *आदत* लघु कथाको समरबहादुर, *आश्वासन* शीर्षक लघु कथाका आश्वासनप्रसाद अधिकारी, *कबुल* शीर्षक लघु कथाका नेताहरू, *कारबाही* शीर्षक लघु कथाको मौकाप्रसाद, *कैँची* शीर्षक लघु कथाको रमेश, *खन्चुवाकाजी* शीर्षक लघु कथाको दयालु हाकिम, *बजेट भाषण* शीर्षक लघु कथाका सांसदहरू, *बदला* शीर्षक लघु कथाका कमलप्रसाद र कविता प्रसाद, *बालदिवस* शीर्षक लघु कथाका दीनानाथ, *भूमिका* शीर्षक लघु कथाका समालोचक, *लाटो एक बल्ड्याङ बाठो तीन बल्ड्याङ* शीर्षक लघु कथाका सम्पादक यस्तै प्रकारका पात्रहरू हुन् ।

त्यसैगरी यस सङ्ग्रहका लघु कथाहरूमा आर्थिक प्रलोभनमा परी नीच बन्न पुगेका तथा परिवार गुमाउन पुगेका पात्रहरूका साथै अत्यन्त महत्त्वाकाङ्क्षी र पूर्वाग्राही स्वभाव भएका पात्रहरू पनि रहेका छन् । *अतृप्त चाहना* शीर्षक लघु कथाको ऊ पात्र, *आगो* शीर्षक लघु कथाका सम्पूर्ण पात्रहरू, *ऊ अझै फर्केन* शीर्षक लघु कथाको अमर, *एक्लो मान्छे* शीर्षक लघु कथाको 'ऊ' पात्र, *कुकुर र मान्छे* शीर्षक लघु कथाको केटो, *दौलत* शीर्षक लघु कथाको नगदप्रसाद, *पूर्वाग्रह* शीर्षक लघु कथाका शूरवीर न्यौपाने, *लोभ* शीर्षक लघुकथाको 'ख' भन्ने पात्र यस्ता प्रकारका पात्रहरू हुन् ।

त्यस्तै यस सङ्ग्रहका लघु कथाहरूमा सरल, दयालु पवित्र हृदयका सत् स्वाभिमानी तथा पीडित पात्रहरूको पनि सहभागिता रहेको छ । *अनौठो घर* शीर्षक लघु कथाका साहित्यकारहरू, *अन्तर्वार्ताको मोह* शीर्षक लघु कथाका कवि देशभक्त नेपाली, *आग्रहको मूल्य* शीर्षक लघु कथाको 'म' पात्र, *आलुको मासु* शीर्षक लघु कथाको 'कान्छा' *ऊ अझै फर्केन* शीर्षक लघु कथाकी सुधा, *कारबाही* शीर्षक लघु कथाको 'ऊ' पात्र, *जुँगा* शीर्षक लघु कथाका नारी पात्रहरू *तर्क र कर्म* शीर्षक लघु कथाको 'यस' भनिने पात्र, *दाइजो* शीर्षक लघु कथाको विजय, *परिचय* शीर्षक लघु कथाका गोठालाहरू, *परिवर्तन* शीर्षक लघु कथाको हरिबहादुर, *परोपकार* शीर्षक लघु कथाको धर्म, *पूर्वाग्रह* शीर्षक लघु कथाको 'म' पात्र, *म हिरोइन हुन्न* शीर्षक लघु कथाकी रमोला *माओवादी* शीर्षक लघु कथाको ऊ पात्र, *मिस नेपाल* शीर्षक लघु कथाकी सुश्री पार्वती, *मोहभङ्ग* शीर्षक लघु कथाको दुःखीरमण, *यमराजको फैसला* शीर्षक लघु कथाको कवि, *समयचक्र* शीर्षक लघु कथाको ऊ पात्र *हत्यारा को ?* शीर्षक लघु कथाको हर्कबहादुर घर्ती यस्ता खाले पात्रहरू हुन् ।

यहाँ नारी भएर नारीकै खुट्टा तान्ने प्रवृत्ति भएकी मुक्तिदेवी, आफ्नो कर्तव्यबाट विचलित भएको गफाडी शिक्षक, नारीहरूप्रति वासनात्मक हेराइ राख्ने पुरुषहरू, कवि भएर कविकै विरोध गर्नेहरू, नातावाद र कृपावाद भावना भएको खबरप्रसाद जस्ता पात्रहरूको पनि सहभागिता रहेको छ ।यसरी यो लघु कथा सङ्ग्रहमा स्त्री, पुरुष, प्रमुख, सहायक, गौण, अनुकूल, प्रतिकूल, शिक्षित, अशिक्षित, मानवेतर, निर्जीव र साङ्केतिक सबै प्रकारका पात्रहरूको सहभागिता रहेको छ । यहाँ आएका प्रायः सबै पात्रहरूले कुनै न कुनै वर्गको प्रतिनिधित्व गरेका छन् ।

### ४.१.१०.३ परिवेश

**विघटनको तयारीमा** लघु कथा सङ्ग्रहका लघु कथाहरूका पात्रहरूको मुख्य कार्यस्थल गाउँ तथा सहर हो । विद्यालयको कक्षाकोठा, बीच बजार, भोजनालय, वन, जङ्गल, राजमार्गको कुनै ठाउँ, खेलमैदान, तराई, झापा, पोखरा, काठमाडौं, कुनै चौतारो, सुदूर पश्चिमको एउटा दुर्गम गाउँ, कुनै साहित्यिक संस्था र कार्यालयहरू आदि स्थानमा पात्रहरू पुगेका छन् । नेपाल बाहिरका स्थानमा लङ्का, अमेरिका आदिको उल्लेख गरिएको छ । समग्रममा भन्दा नेपाली भू-भागका गाउँ घर र सहर बजारको सेरोफेरो नै यी लघु कथाहरूको मुख्य स्थान हो ।

प्रस्तुत लघु कथा सङ्ग्रहका कथाहरूमा एक दुई वर्ष पछि, दुई चार वर्षपछि, चारपाँच वर्ष पछि, एकदिन, एक साँझ, एउटा शनिबार, धेरै वर्ष अगाडि, कुनै दिनको मध्यान्हको समय, विगत वर्षहरूमा, धेरै वर्षपछि, जस्ता समयावधिका बारेमा उल्लेख गरिएको छ । यसरी यहाँ कुनै निश्चित साल, मिति, तथा विशिष्ट समयको नभई सामान्य समयको प्रयोग भएको छ । **विघटनको तयारीमा** लघु कथा सङ्ग्रहका लघु कथाहरूको वातावरण धुमिल खालको रहेको छ । लघु कथाका प्रायः प्रमुख पात्रहरू कुनै न कुनै विकृतिमा जेलिएर रहेका छन् । यहाँ स्वच्छ वातावरणको अनुभूति गर्न सकिँदैन । कतै कतै सरल र सत्पात्रहरूको सदव्यवहारले आनन्दको अनुभूति भए पनि त्यो एकदम न्यून छ । *अगुवाको चर्तिकला, स्वतन्त्रता, स्त्रीनाम, विशिष्ट व्यक्तिहरू, आधुनिक रामायण, शिष्टाचार,* शीर्षक लघु कथाका शिक्षक, नेता, पण्डित, नरेन्द्र, उर्मिला, सम्पादक खबरप्रसाद, हनुमान, ऊ पात्रको क्रियाकलापले घृणाको भाव जगाउँछ । यसरी यस सङ्ग्रहका लघु कथाहरूको वातावरण निराश लाग्दो रहेको छ ।

### ४.१.१०.४ भाषाशैली

**विघटनको तयारीमा** लघु कथा सङ्ग्रहको लघु कथाहरूको भाषा अत्यन्त सरल, सहज र स्वाभाविक छ । कतै-कतै अङ्ग्रेजी शब्दहरूको प्रयोग पनि पाइन्छ तर यी शब्दहरूले लघु कथाको भाषामा अस्वाभाविकता भने ल्याएका छैनन् । प्रस्तुत सङ्ग्रहका लघु कथाहरूमा तत्सम, तद्भव, आगन्तुक र झर्रा शब्दहरूको  व्यापक प्रयोग भएको पाइन्छ । सरल बिम्ब र प्रतीकको प्रयोग गरी लेखिएको **विघटनको तयारीमा** लघु कथा सङ्ग्रहका अधिकांश कथाहरूमा बाह्य दृष्टिबिन्दुको र केही कथाहरूमा आन्तरिक दृष्टिबिन्दुको पनि प्रयोग भएको पाइन्छ । बोलीचालीको शैली, प्रश्नवाक्य र संवादयुक्त शैलीको प्रयोगले कथाहरू सम्प्रेष्य र सटीक बनेका छन् । समग्रमा भन्दा परम्परित शैली अँगालेर छोटा-छोटा वाक्यहरूको प्रयोग गरी लेखिएको प्रस्तुत लघु कथा सङ्ग्रहका लघु कथाहरूको भाषाशैली आलङ्कारिक, क्लिष्ट र दुर्बोध्य नभई सर्वसाधरण पाठकको लागि पनि बोधगम्य सरल र सहज छ ।

### ४.१.१०.५ उद्देश्य

**विघटनको तयारीमा** लघु कथा सङ्ग्रहका कथाहरूको उद्देश्य नेपाली समाजको विविध पक्षको यथार्थको प्रकटीकरण गर्नु रहेको छ । आजभोलि हरेक क्षेत्रमा विकृति व्याप्त छ । विकृति, बेथिति, विसङ्गतिले नघेरिएको क्षेत्र फेला पार्न असम्भव प्रायः भैसकेको छ । राजनीतिक, साहित्यिक, सामाजिक, प्रशासनिक आदि क्षेत्रहरूमा व्यापक विकृति मौलाइरहेको छ । यही यथार्थलाई *आश्वासन, कबुल, कारबाही, खन्चुवाकाजी, जुलुस, दुई ओटा जिब्रो, नेपाल बन्द, परिवर्तन, बजेट भाषण, हत्यारा को ?, अन्तर्वार्ताको मोह, कवि गोष्ठी, कैँची, परम्परा, पूर्वाग्रह, प्रगतिशीलता, मित्रता, फुर्सद, बिग्रिएको छोरो, भूमिका, विशिष्ट व्यक्तिहरू, स्त्रीनाम, बदला, अगुवाको चर्तिकला, गफाडी शिक्षक, ब्लफकल, आगो, बालदिवस, दयालु हाकिम, हाकिमको सरुवा* आदि शीर्षकका कथाहरूमा प्रस्तुत गरिएको छ । धनको मोहमा परी मानवीयता गुमाउन पुगेको तथा पारिवारिक विखण्डन भएको यथार्थ पनि यस सङ्ग्रहका *एक्लो मान्छे, भलाद्मी, लोभ, ऊ अझै फर्केन* आदि शीर्षकका कथा मार्फत देखाइएको छ । समाजमा व्याप्त यस्ता विकृति र विसङ्गतिहरूलाई विघटन गरेर स्वस्थ, सुन्दर र समुन्नत समाज तथा राष्ट्रको परिकल्पना गर्नु नै प्रस्तुत लघु कथा सङ्ग्रह भित्रका कथाहरूको मुख्य उद्देश्य रहेको छ ।

### ४.१.१०.६ सारांश

समग्रमा **विघटनको तयारीमा** लघु कथा सङ्ग्रह एक उल्लेख्य कृति बनेको छ । प्रस्तुत कृतिले मकवानपुरे साहित्यको श्रीवृद्धिमा एउटा ईंटा थप्ने काम गरेको छ । कथाकार आर.आर.चौलागाईंको वि.सं. २०६५ भदौमा प्रकाशित प्रस्तुत कृति प्रकाशनका दृष्टिले दसौँ र लघु कथा सङ्ग्रहको हिसाबले उनको पहिलो कृति हो । प्रस्तुत कथा कृतिले मानवसमाजमा जरो गाडेर बसेका बेथिति, विकृति र विसङ्गतिहरूलाई खोइरो खनेको पाइन्छ । उनका कथाहरूमा निम्न वित्तीय, शोषित, पीडित र कामगरी खाने वर्गप्रति सहानुभूतिको भाव झल्कन्छ । समाजमा विद्यमान बेथिति, सङ्गतिहीनता, अस्तव्यस्तता, मानवीय मूल्यको ह्रास, नेपाली राजनीतिमा मौलाएको फोहोरी खेल, अमानवीय प्रवृत्ति, नारी वर्ग माथिको थिचोमिचो, हुने खाने र हुँदा खाने बीचको सङ्घर्ष जस्ता विषयहरूको यथार्थ चित्रण उतार्न उनका कथाहरू सफल देखिन्छन् र यस्ता असङ्गति र अँध्यारा पक्षहरूलाई सदाका लागि विघटन गरी सबै पक्ष एकजुट हुनु पर्ने भाव बोकेको यो कृति आफैँमा सफल र सक्षम बनेको छ । यसको तात्पर्य यस कृतिमा कत्ति पनि कमी कमजोरीहरू छैनन् भन्न खोजिएको होइन । यस लघु कथा सङ्ग्रहमा सङ्ग्रहित केही कथाहरू अत्यन्त छोटो हुनु र कथाको आधारभूत तत्त्वहरूलाई ख्याल नगरिनुले झन्डै चुट्किला जस्ता बन्न पुगेका छन् । प्रमुख पात्रभन्दा गौण पात्र र समूह पात्रको प्रयोगले शैलीमा निखारता नआउनु जस्ता कमजोरीहरू प्रस्तुत कृतिमा भेट्न सकिन्छ । यस्ता कमजोरीहरू प्रति कथाकार सचेत हुँदै लघु कथा लेखनलाई निरन्तरता दिने हो भने भविष्यमा जन्मिने कृति योभन्दा अझ उत्कृष्ट र जीवन्त बन्नेमा कुनै सन्देह छैन । प्रस्तुत कृतिका केही कथाहरूमा उपर्युक्त कमजोरीहरू देखिए तापनि अधिकांश कथाहरू गुणात्मक दृष्टिले सफल देखिन्छन् ।

## ४.२ निष्कर्ष

यस परिच्छेदमा साहित्यकार आर.आर.चौलागाईंको कृतित्वको अध्ययन गरिएको छ । १४/१५ वर्षको उमेरदेखि नै कविता लेख्दै आएका चौलागाईंका वि.सं.२०६५ सम्ममा दशवटा पुस्तकाकार कृति प्रकाशित भइसकेका छन् । यसअन्तर्गत आठवटा कविता सङ्ग्रह एउटा गीत सङ्ग्रह र एउटा लघु कथा सङ्ग्रह रहेका छन् । विद्यार्थी जीवनमा आफ्नै गुरुबाट प्रेरणा प्राप्त गरी कविता लेखनतर्फ लागेका चौलागाईंलाई माक्सिम गोर्की, आन्तोन चेखोब, प्रेमचन्द, वि.पि., पारिजात, भूपी शेरचन, मोदनाथ प्रश्रित लगायत विभिन्न राष्ट्रिय तथा अन्तर्राष्ट्रिय साहित्यकारहरूका विशिष्ट कृतिहरूले प्रशस्त प्रभाव पारेको देखिन्छ । वि.सं २०३७ देखि कृति

प्रकाशन गराउँदै आएका चौलागाईंका उक्त दशवटा पुस्तकाकार कृतिका साथ साथै फुटकर लेख-रचनाहरू पनि प्रकाशित हुँदै आइरहेका पाइन्छन् ।

चौलागाईंका कृतिमा पाइने प्रवृत्तिलाई हेर्दा मुख्यतः समाजमा व्याप्त बेथिति, विकृति, विसङ्गति, सत्ता र भत्तामा केन्द्रित राजनीतिप्रति व्यङ्ग्य-विद्रोह, गरीखाने वर्गप्रति सहानुभूति, समाजसुधारक, राष्ट्रप्रेम, भाषिक सरलता र सहजता, तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग, परम्परागत शास्त्रीय छन्दरहित मुक्तलय र गीतिलयको प्रस्तुति, मानवतावादी तथा आशावादी जीवनदृष्टि आदि देखिन्छन् । चौलागाईंका पुस्तकाकार कृतिहरूलाई विधातत्त्वहरूको आधारमा सामान्य रूपले विश्लेषण गरिएको छ ।

नेपाली साहित्य जगत्लाई उर्वर बनाउँदै लैजानको लागि निरन्तर साधनारत मकवानपुरे स्रष्टा चौलागाईंको योगदानलाई महत्त्वपूर्ण पक्षको रूपमा मान्नु पर्ने देखिन्छ ।

# परिच्छेद : पाँच

# उपसंहार

## ५.१ निष्कर्ष

यस परिच्छेदमा **आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**को सन्दर्भमा अघिल्ला परिच्छेदहरूमा गरिएका अध्ययनको परिच्छेदगत सारांश र समग्र निष्कर्ष दिई सङ्क्षिप्त रूपमा मूल्याङ्कन समेत गरिएको छ ।

पहिलो परिच्छेदमा **आर.आर. चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षक, शोधपत्रको विषय परिचय र रूपरेखा प्रस्तुत गरिएको छ । उक्त रूपरेखामा शोध शीर्षक, शोध प्रयोजन, विषय परिचय, शोध समस्या, शोधकार्यको उद्देश्य, पूर्वकार्यको विवरण, शोधको औचित्य र महत्त्व, शोधपत्रको क्षेत्र र सीमा, शोधविधि र सामग्री सङ्कलन पद्धति, सैद्धान्तिक ढाँचा र शोधपत्रको रूपरेखासमेत उल्लेख गरिएको छ ।

दोस्रो परिच्छेदमा आर.आर.चौलागाईंको जीवनी परिचय अन्तर्गत पृष्ठभूमि, जन्म र जन्मस्थान, वंश परम्परा, बाल्यकाल र उपनयन, शिक्षादीक्षा, वैवाहिक तथा पारिवारिक स्थिति, आर्थिक अवस्था र पेसा, कार्यक्षेत्रमा प्रवेश, प्रेरणाको स्रोत, दिनचर्या, ईश्वरप्रतिको आस्था, रुचि तथा स्वभाव, भ्रमण, स्मरणीय दुःखसुखका क्षणहरू, साहित्यिक मान्यता र जीवनदर्शन, सम्मान र पुरस्कार, सङ्घसंस्थासँगको आबद्धता र सारांश उल्लेख गरिएको छ ।

तेस्रो परिच्छेदमा आर.आर.चौलागाईंको व्यक्तित्व अन्तर्गत उनको बाह्यव्यक्तित्वका साथै आन्तरिक व्यक्तित्वभित्र साहित्यिक र साहित्येतर दुई किसिमबाट व्यक्तित्व विशेषको अध्ययन गरिएको छ भने जीवनी, व्यक्तित्व र साहित्यिक लेखनका बीच अन्तरसम्बन्धको बारेमा चर्चा गरी अन्तमा सारांश उल्लेख गरिएको छ ।

चौथो परिच्छेदमा आर.आर.चौलागाईंको कृतित्वको अध्ययन अन्तर्गत उनका कविता सङ्ग्रहहरू, गीत सङ्ग्रह र कथा सङ्ग्रहको विधातत्त्वहरूको आधारमा अध्ययन गरिएको छ ।

## ५.२ समग्र निष्कर्ष

आर.आर.चौलागाईंको जन्म वि.सं. २०१८ चैत्र ११ गते शनिबार सिन्धुपाल्चोकको सुन्दरीपुर भन्ने ठाउँमा भएको हो । यिनका पिताको नाम इन्द्रप्रसाद चौलागाईं र माताको नाम यमुनादेवी चौलागाईं हो । परिवारका एक्ला छोरा चौलागाईंको जन्म मध्यमवर्गीय किसान परिवारको घरमा भएको हो । उनको बाल्यकाल माता-पिताको काखमा अगाध स्नेहका साथ बितेको देखिन्छ । आफ्नै पिताबाट साउँ अक्षरहरू लेख्न् पढ्न सिकेका चौलागाईंले छिमेकी टोलमा बसेका एकजना गुरुसँग प्रारम्भिक शिक्षा प्राप्त गरी भुटनदेवी मा.वि.बाट २०३६ सालमा द्वितीय श्रेणीमा प्रवेशिका परीक्षा पास गरेका हुन् । विविध कारणले प्रवेशिका पछिको पढाइलाई निरन्तरता दिन नसकेका चौलागाईंले वि.सं. २०५० बाट वीरगञ्जको ठाकुराम क्याम्पसलाई केन्द्र राखी मूल विषय नेपाली लिएर प्राइभेट परीक्षा प्रणालीद्वारा स्नातक तह सम्मको पढाइ पूरा गरेका छन् । २६ वर्ष अगाडि नेपाल विद्युत प्राधिकरणको क्लर्क पदबाट कार्य सुरु गरेका चौलागाईंले आफ्नो पदीय दायित्व र जिम्मेवारी सफलतापूर्वक पूरा गर्दै आएका छन् । हाल उनी नेपाल विद्युत प्राधिकरणको लेखापाल पदमा कार्यरत छन् । जागिरे जीवनको व्यस्ततामा पनि उनी निरन्तर साहित्य साधनामा क्रियाशील देखिन्छन् ।

वि.सं २०३९ मा विष्णु ओझासँग विवाह बन्धनमा बाँधिएका चौलागाईंका एक छोरी र एक छोरा छन् । पुर्ख्यौली सम्पत्ति केही पनि नलिएका चौलागाईंले आफ्नो र पत्नीको मेहनत र सङ्घर्षले केही सम्पत्ति आर्जन गरेको देखिन्छ । राजनीतिक चिन्तनमा प्रजातान्त्रिक विचारधारामा आस्था राख्ने चौलागाईंलाई देशमा प्रजातन्त्र प्राप्तिपछि पनि सत्ताका नाइकेहरूको व्यवहार यथावत् रहेको र जुन पार्टीको कार्यकर्ता भएर उनी लागेका थिए त्यो पार्टीका नेताहरूले पनि जनभावना नबुझी व्यक्तिगत स्वार्थमा मात्र सीमित भएको नजिकबाट देखेपछि राजनीतिप्रति वितृष्णा जागेकाले विशुद्ध साहित्य साधनामा केन्द्रित भएको देखिन्छ । साहित्यमा भने चौलागाईंको मानतावादी तथा आशावादी जीवनदृष्टि रहेको पाइन्छ ।

व्यक्तित्व विकासका सन्दर्भका हेर्दा आर.आर. चौलागाईं बहुमुखी व्यक्तित्वका धनी देखिन्छन् । उनका व्यक्तित्वहरूमा कवि, गजलकार, गीतकार, कथाकार, सम्पादक, प्रशासनिक, राजनीतिक आदि रहेका छन् । यी सबै व्यक्तित्वहरूमध्ये कवि, कथाकार र प्रशासनिक व्यक्तित्वमा उनलाई तुलनात्मक सफलता मिलेको देखिन्छ । विशेष गरी

निम्नवर्गका पक्षमा आवाज उठाउने, अन्याय अत्याचार, बेथिति, विसङ्गति, विकृति र कुसंस्कार पटक्कै देख्न नसक्ने स्वाभिमानी प्रकृतिका चौलागाईंले जीवन भोगाइका क्रममा देखेभोगेका र सुनेका कुराहरूलाई अनुभूत गर्दै आफ्ना अन्तर्मनका छटपटीहरूलाई सिर्जनाका माध्यमबाट अभिव्यक्त गर्ने गर्छन् ।

वि.सं. २०३४ तिर विद्यार्थीहरूले निकालेको मुखपत्रमा *इच्छा* शीर्षकको कविता प्रकाशित भएपछि सार्वजनिक साहित्ययात्रा सुरु गरेका चौलागाईंले कविता, गजल र लघु कथा, विधामा पनि कलम चलाएका छन् । साहित्यका अन्य विधामा पनि फाटफुट रूपमा कलम चलाए पनि कविता विधामा नै उनको विशेष योगदान रहेको देखिन्छ । हालसम्म उनका आठवटा कविता सङ्ग्रह, एउटा गीत सङ्ग्रह र एउटा लघु कथा सङ्ग्रह गरी दशवटा पुस्तकाकार कृतिहरू प्रकाशित भएका छन् । उनका अन्य प्रकाशित फुटकर लेखरचना पनि विभिन्न पत्रिकामा छरिएर रहेका छन् ।

कविता विधाबाट आफ्नो साहित्ययात्रा सुरुवात गरेका आर.आर.चौलागाईंको कवि व्यक्तित्व अर्थात् कविताको क्षेत्रमा दिएको योगदान महत्त्वपूर्ण देखिन्छ । यद्यपि पछिल्लो समयमा उनको लघु कथाकार व्यक्तित्व पनि उल्लेखनीय रहेको देखिन्छ । चौलागाईंका रचनामा समाजमा ठूला वर्गले निम्छरा वर्गमाथि गर्ने शोषण, दमन, अत्याचार, रातदिन मेहेनत र मजदुरी गर्दा पनि एक पेट खान नपाउने अवस्था, जनपक्षीय राज्यव्यवस्थाको स्थापनार्थ अथवा प्रजातन्त्रको स्थापनाको लागि प्राणोत्सर्ग गर्ने सहिदहरूको अधुरो सपनाको चित्रण र त्यो अधुरो सपना पूरा गर्ने प्रतिबद्धता, युवा दिशाहीनता र नारी उत्थानको कुरा गर्नेहरूबाट बेचिएका, लुटिएका नारीहरूको पीडा, हर क्षेत्रमा व्याप्त राजनीतिक विकृति, शोषित, पीडित वर्गहरूप्रतिको सहानुभूति आदिको यथार्थ प्रस्तुति पाइन्छ ।

यसरी समग्रमा यस शोधपत्रका विभिन्न परिच्छेदहरूमा चौलागाईंका जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूलाई पल्टाउँदै तिनको सापेक्षतामा उनीद्वारा सिर्जित एवम् प्रकाशित पुस्तकाकार कृतिहरूद्वारा काव्य विश्लेषणका सामान्य तत्त्वहरूका आधारमा यहाँ अध्ययन र विश्लेषण गरिएको छ । आर.आर.चौलागाईंका रचनाहरू सर्वसाधारण पाठकले पनि बुझ्ने सरल र सहज छ । चौलागाईंका प्रारम्भिक अवस्थाका कृतिहरूमा कला पक्षको अभाव र विचारको प्रवलता रहेको पाइन्छ अथवा भनौं विचारपक्षले कलापक्ष थिचिएको आभास हुन्छ भने पछिल्लो समयका रचनाहरूमा कलापक्ष र भावपक्षको उचित संयोजन भएको पाइन्छ । जे होस् सामाजिक विकृति र विसङ्गतिलाई यथार्थ रूपमा प्रस्तुत गर्ने,

आफ्ना रचनाहरूमा निम्छरा वर्गहरूको बोली मिसाउने, उनीहरूकै उत्थानको लागि आवाज उठाउने चौलागाईं प्रगतिवादी मान्यताका साहित्यकार हुन् । शोषित, पीडित जनताको पीर मर्कालाई साहित्यमा उतार्ने र आफ्ना रचनाहरू तिनै शोषित, पीडित र निम्छरा वर्गहरूले पनि बुझ्ने खालको हुनुपर्छ भन्ने मान्यता राख्ने चौलागाईंका रचनाहरूको भाषा क्लिष्ट तथा दुर्बोध्य नभई साधारण पाठकले पनि बुझ्न सक्ने सरल, सहज र स्वाभाविक छ ।

जीवनको जस्तोसुकै परिस्थितिमा पनि विचलित नभईकन निरन्तर साहित्य साधनामा तल्लीन रहेर नेपाली साहित्यको श्रीवृद्धिमा एउटा इँट थप्न सफल आर.आर.चौलागाईंको योगदान वास्तवमै उल्लेखनीय देखिन्छ ।

# प्रमुख सन्दर्भसूची

## (क) सन्दर्भग्रन्थ सूची


अधिकारी, हेमाङ्ग राज र भट्टराई, बद्री विशाल, **प्रयोगात्मक नेपाली शब्दकोश**, दोस्रो संस्क. काठमाडौंः विद्यार्थी प्रकाशन प्रा.लि. २०६३ ।

खनाल, नारायण प्रसाद, **समीक्षा प्रहर-प्रहरका,** नवलपरासीः त्रिवेणी साहित्य परिषद २०६१ ।

_______________, **समीक्षाका आकारहरू,** नवलपरसीः त्रिवेणी साहित्य परिषद २०६५ ।

गैरे, इश्वरीप्रसाद र आचार्य, कृष्णप्रसाद, **आधुनिक नेपाली नाटक र फुटकर कविता**, कीर्तिपुरः न्यूहिरा बुक्स इन्टरप्राइजेज ।

गोर्खाली, रमेश, *आस्थाका कविको सामाजिक न्याय र सिद्धान्तवादसूचक मनोद्वन्द्व*, **आस्था रोपेर मनका गराहरूमा** (ले.आर.आर.चौलागाईं) मकवानपुरः अभिप्रकाशन, २०६० ।

गौतम, लक्ष्मणप्रसाद, **समकालीन नेपाली कविताको बिम्बपरक विश्लेषण**, ललितपुरः साझा प्रकाशन, २०६० ।

_______________, **समकालीन नेपाली कविताको प्रवृत्ति,** काठमाडौंः पैरवी प्रकाशन, २०६६।

चौलागाईं, आर.आर., **सामन्तीलाई चिठी**, काठमाडौंः लेखक स्वयम् २०३७।

_______________, **नौलो बिहानी**, हेटौंडा, लेखक स्वयम् २०३७।

_______________, **जिउँदा मानिसहरू,** काठमाडौं, विष्णु ओझा २०४३ ।

_______________, **बन्धनभित्रका अभिव्यक्तिहरू,** इन्द्रेणी प्रकाशन, २०४६ ।

_______________, **चास्सचुस्स,** प्रयास छापाखाना, कविद्वय काठमाडौं ।

_______________, **यात्राका गीतहरू**, मकवानपुर : राष्ट्रिय जनसांस्कृतिक मञ्च, २०५३ ।

_______________, **तुवाँलो भित्र र तुवाँलो बाहिर**, वीरगञ्ज : प्रतीक प्रकाशन समूह प्रा.लि. लेखक स्वयम्, २०५४ ।

_______________, **कविता लेख्नु निरर्थक हुन्छ**, मकवानपुरः अभि प्रकाशन, २०५६ ।

_______________, **आस्था रोपेर मनका गराहरूमा**, मकवानपुरः अभि प्रकाशन, २०६० ।

_______________, **विघटनको तयारीमा**, मकवानपुरः श्रीमती विष्णु ओझा, २०६५ ।

जोशी, पुष्पहरि, *शुभकामना,* **सामन्तीलाई चिठी**, (ले.आर.आर.चौलागाईं) मकवानपुरः २०३७ आषाढ ।

ढकाल, साम्ब, *टिप्पणी,* **विघटनको तयारीमा** (ले.आर.आर.चौलागाईं) पछिल्लो कभर पृष्ठ ।

तिवारी, नारायण, *भूमिका,* **विघटनको तयारीमा** , (ले.आर.आर.चौलागाईं) २०६५ ।

त्रिपाठी, वासुदेव, न्यौपाने, दैवज्ञराज र सेवुदी, केशव (सम्पा.), **नेपाली कविता (भाग-४),** चौथो संस्क, ललितपुरः साझा प्रकाशन, २०६० ।

थापा, हिमांशु, **साहित्य परिचय**, पाँचौ संस्क. ललितपुरः साझा प्रकाशन, २०६६ ।

न्यौपाने, चन्द्रप्रसाद, **छन्दकुञ्ज**, दोस्रो संस्क. काठमाण्डौः काष्ठमण्डप पुस्तक घर प्रा.लि. २०६७ ।

न्यौपाने, परिश्रमी, घनश्याम, *एउटै कथ्यवृत्तका विविध कविता,* **कविता लेख्नु निरर्थक हुन्छ** (ले.आर.आर.चौलागाईं) मकवानपुरः अभिप्रकाशन, २०५६ फागुन ।

पौडेल, अनन्त, *दुई शब्द,* **सामन्तीलाई चिठी**, (ले.आर.आर.चौलागाईं) मकवानपुरः २०३७ आषाढ ।

प्रश्रित, मोदनाथ, *सार्थक होऊन् यात्राका गीतहरू,* **यात्राका गीतहरू** (ले.आर.आर.चौलागाईं) मकवानपुरः २०५३ ।

भट्ट, गोविन्द, *भूमिका,* **तुवाँलो भित्र र तुवाँलो बाहिर** (ले.आर.आर.चौलागाईं) मकवानपुरः २०५४ ।

रासा, *टिप्पणी,* **विघटनको तयारीमा** (ले.आर.आर.चौलागाईं) पहिलो कभर पृष्ठ ।

लुइटेल, खगेन्द्रप्रसाद, **कविताको संरचनात्मक विश्लेषण,** काठमाडौंः विद्यार्थी पुस्तक भण्डार, २०६२ ।

शर्मा, मोहनराज र लुइटेल खगेन्द्रप्रसाद, **पूर्वीय र पाश्चात्य साहित्य सिद्धान्त**, दोस्रो संस्क., काठमाण्डौः विद्यार्थी पुस्तक भण्डार, २०६३ ।

संग्रौला, खगेन्द्र, *चास्सचुस्स बारे दुई शब्द,* **चास्सचुस्स** (ले.आर.आर.चौलागाईं) काठमाडौं २०५५ वैशाख ।

## (ख) पत्रिका सूची


अधिकारी, गिरिजा, *आस्था रोपेर मनको गहिराइहरूका सरसर्ती हेर्दा,* **अभिव्यक्ति**, वर्ष ३५/पूर्णाङ्क ११९ ।

कार्की, श्रीबाबु, 'उदास', *विघटनको तयारीमा-एक फन्को,* **कौशिकी** मासिक, वर्ष ८, अङ्क ७ पूर्णाङ्क ३३, ३१ चैत्र २०६५ ।

निखिल, निमेष, *कवि आर.आर. चौलागाईं र उनको कवित्व,* **सिद्धार्थ रजत महोत्सव स्मारिका,** मकवानपुरः श्री सिद्धार्थ माध्यमिक विद्यालय, २०६३ ।

_______________,*मकवानपुरका तीन कृति एक दृष्टि* **अभिव्यक्ति** २०५८ असार ।

पराशर, नरेन्द्र, *विघटनको तयारीमा एक सङ्क्षिप्त टिप्पणी,* **अभिव्यक्ति** द्वैमासिक कार्तिक-मंसिर २०६७ ।

लुईटेल, खगेन्द्रप्रसाद, *रत्नशमशेर थापाका गीतिप्रवृत्ति र आँखैमा रात गली गीतको विश्लेषण,* **गरिमा**, काठमाडौंः साझा प्रकाशन २०६७, पूर्णाङ्क ३३७ वर्ष २८ ।

शर्मा, घनश्याम, *मन छुने लघु कथाहरू,* **मधुपर्क** वर्ष ४१, अङ्क ८ः पूर्णाङ्क ४७५ पुस २०६५।

साह, सञ्जय, *मकवानपुरे साहित्यको संक्षिप्त चिनारी* **अभिव्यक्ति** अङ्क १०४ ।


## (ग) शोधपत्र सूची


अधिकारी, मीनबहादुर, **भीमविरागको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन**, अप्रकाशित स्नातकोत्तर शोधपत्र, चितवन, त्रि.वि. नेपाली विभाग, वी.ब.क्या. २०५७ ।

पोखरेल, मोदनाथ, **मकवानपुरका कथाकारहरूको अध्ययन** अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.कीर्तिपुर नेपाली केन्द्रीय विभाग, २०६३ ।

बराल, खिलप्रसाद, **मकवानपुरका कवि र कविता**, अप्रकाशित स्नातकोत्तर शोधपत्र त्रि.वि.कीर्तिपुर नेपाली केन्द्रीय विभाग, २०६२ ।

# परिशिष्ट खण्ड

## परिशिष्ट : एक

## आर.आर.चौलागाईंका फुटकर रचनाहरूको कालक्रमिक विवरण र उपलब्ध स्रोतहरू

साहित्यकार आर.आर.चौलागाईंका पुस्तकाकार कृतिहरू बाहेक समय-समयमा विभिन्न पत्रपत्रिकाहरूमा थुप्रै फुटकर रचनाहरू प्रकाशित हुँदै आएका छन् । यसरी प्रकाशित हुँदै आएका र प्राप्त भएसम्मका फुटकर रचनाहरूको कालक्रमिक विवरण यस प्रकार प्रस्तुत गरिएको छ -

क) *दोधारको पीडा* (कविता), **अभिव्यक्ति** द्वैमासिक साहित्यिक पत्रिका २०५८ ।

ख) *काठमाडौंलाई जित्न सक्छौं,* (संस्मरणात्मक लेख), **सौरभ** साहित्यिक पत्रिका २०६२ ।

ग) *सपना* (कविता), **अक्षर** साहित्यिक पत्रिका २०६२ भदौ-मङ्सिर ।

घ) *भीम विराग* (कविता), **जनमत** साहित्यिक पत्रिका २०६२ असोज ।

ङ) *जिन्दगी : जित्नु र बाँच्नु* (कविता), **मधुपर्क** २०६२ फागुन ।

च) *तिमी फूलसँग कहिल्यै प्रेम नगर* (कविता), **मधुपर्क** २०६३ साउन ।

छ) *ऐंचोपैंचो, मूल्याङ्कन, चलन, रिस,* (सूत्रकथा) **मधुपर्क** २०६३ मङ्सिर ।

ज) *मलाई माफ गर* (कविता), **जनमत** साहित्यिक मासिक, २०६४ असोज ।

झ) *एउटा कवि पाठक र श्रोता भएर* (कविता), **मातृभूमि** साहित्यिक पत्रिका २०६४ कार्तिक ।

ञ) शीर्षक रहित गजल, **मधुपर्क** साहित्यिक पत्रिका २०६४ मङ्सिर ।

ट) *पर्दा खस्यो* (गजल), **युगभाका** साहित्यिक पत्रिका २०६४ मङ्सिर-चैत्र ।

ठ) *पुनरागमन पश्चात्* (कविता), **मिर्मिरे** साहित्यिक मासिक, २०६४ माघ ।

ड) *मेरो भन्नु केही छैन,* (कविता), **शब्द संयोजन** साहित्यिक पत्रिका २०६४ चैत्र ।

ढ) *सङ्लो पानी र धमिला आकृतिहरू* (कविता), **शब्द संयोजन** साहित्यिक पत्रिका २०६४ चैत्र ।

ण) *कलम* (कविता), **शारदा** साहित्यिक पत्रिका २०६४ चैत्र र **सम्प्रेषण** साहित्यिक पत्रिका २०६५ वैशाख-जेष्ठ ।

त) *संरक्षक* (लघु कथा), **मधूलिका** २०६५ ।

थ) *हो, काठमाडौंबाट हेटौंडा देखिंदैन,* (कविता) **मधुपर्क** २०६५ साउन ।

द) *सामीप्यता* (लघु कथा), **शिवपुरी सन्देश** साहित्यिक त्रैमासिक, २०६५ कार्तिक-पुस) ।

ध) *औषधि* (लघु कथा), **शिवपुरी सन्देश** साहित्यिक त्रैमासिक, २०६५ कार्तिक-पुस ।

न) *खहरेको भेल* (कथा), **हाम्रो मातृभूमि** साहित्यिक पत्रिका २०६५ कार्तिक- चैत्र ।

प) *व्यस्तता* (लघु कथा), **अभिव्यक्ति,** साहित्यिक पत्रिका २०६५ पुस-माघ ।

फ) *'अन्तर', 'छोराछोरी', 'विकास', 'विशेषता', 'संस्कार',* (केही मसिना कविताहरू), **अक्षर** साहित्यिक पत्रिका २०६५ पुस-चैत्र ।

ब) *फैसला, कवयित्री, भोक* (तीन लघु कथा) **सौरभ,** साहित्यिक पत्रिका २०६६ वैशाख ।

भ) *आफ्ना-आफ्ना कुरा* (कविता) **हेटौंडा दर्पण स्मारिका** २०६६ ।

म) *प्रेम* (लघु कथा), **हिमाली गुराँस** साहित्यिक पत्रिका २०६६ असोज ।

य) *भाग्यमनी* (लघु कथा) **मधुपर्क** साहित्यिक पत्रिका २०६६ पुस ।

र) शीर्षक रहित गजल, **गजल उत्सव** साहित्यिक पत्रिका २०६७ वैशाख ।

ल) *सबथोक राम्रो* (लघु कथा) **मधुपर्क** २०६७ साउन ।

यसरी चौलागाईंका रचनाहरू विभिन्न पत्रिकाहरूमा छरिएर रहेका छन् ।

# परिशिष्ट : दुई

# अन्तर्वार्ताका प्रश्नावली नमुनाहरू

## (क) शोधनायकसँग सोधिएको प्रश्नावली

शोधकार्यको क्रममा शोधार्थीबाट शोधनायकसँग लिइएको अन्तर्वार्ताको प्रश्नावलीको नमुना यस प्रकार रहेको छ :

(१) तपाईको जन्म कहाँ र कहिले भएको हो ?

(२) तपाईको वास्तविक नाम, साहित्यिक उपनाम राख्नुको कारण र आफ्नो पूर्वज तथा परिवारका सदस्यहरूको बारेमा सामान्य जानकारी पाऊँ न ।

(३) तपाईका पुर्खाहरूको पुख्र्यौली थलो कहाँ हो र त्यहाँबाट कहिले बसाइँ सरी हेटौंडा आउनुभएको हो ?

(४) तपाईको बाल्यकालका दिनहरू कसरी बिते ?

(५) शिक्षारम्भ कहिले र कुन माध्यमबाट भएको हो ?

(६) वैवाहिक तथा पारिवारिक सम्बन्धको बारेमा केही बताइदिनुहुन्छ कि ?

(७) तपाईको पारिवारिक, आर्थिक अवस्थाबारे केही जानकारी दिनुहुन्छ कि ?

(८) तपाईको पेसागत अवस्थाबारे जानकारी पाऊँ न ।

(९) यहाँको लेखन कार्यमा प्रेरणा र प्रभावको बारेमा केही बताइ दिनुहुन्छ कि ?

(१०) तपाईलाई मनपर्ने साहित्यिक व्यक्तित्वहरूको बारेमा केही बताइदिनुहोस् न ।

## (ख) विशिष्ट व्यक्तिसँगको अन्तर्वार्ता प्रश्नावली

शोधकार्यको सिलसिलामा विभिन्न विद्वज्जनहरूसँग लिइएको लिखित अन्तर्वार्ताको प्रश्नावलीको नमुना यस प्रकार रहेको छ :

(१) साहित्यकार आर.आर.चौलागाईंसँग यहाँको औपचारिक परिचय कहिलेदेखि भएको हो ?

(२) यहाँले आर.आर.चौलागाईंका कृतिहरूको मूल्याङ्कन एवम् विश्लेषण कुन रूपमा गर्नु भएको छ ?

(३) आर.आर.चौलागाईंको साहित्यिक व्यक्तित्वबारे यहाँको दृष्टिकोण के-कस्तो रहेको छ ?

(४) आर.आर.चौलागाईंको साहित्येतर व्यक्तित्वबारे यहाँको दृष्टिकोण के-कस्तो रहेको छ ?

(५) यहाँको विचारमा आर.आर.चौलागाईं कुन विचारधाराको अधीनमा रही लेखन गर्ने साहित्यकार हुन् ?

(६) तपाईको विचारमा नेपाली साहित्य जगत्मा आर.आर.चौलागाईंको स्थान के-कस्तो रहेको छ ? केही बताइदिनुहोस् न ।

(७) आर.आर.चौलागाईंबारे यहाँको विचारमा अन्य केही भए कृपया जानकारी दिनुहुन अनुरोध गर्दछु ।

## (ग) विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक अन्तर्वार्ताको स्रोतविवरण

शोधकार्यको सिलसिलामा शोधार्थीबाट साहित्यकार **आर.आर.चौलागाईंको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्रका लागि विभिन्न व्यक्तिहरूसँग गरिएको मौखिक अन्तर्वार्ताको स्रोतविवरण यसप्रकार रहेको छ :

| | |
|---|---|
| (१) अनिता न्यौपाने | मकवानपुर, हेटौंडा-५, भैरवरोड । |
| (२) आर.सी. रिजाल | मकवानपुर, हेटौंडा-५, भैरवरोड । |
| (३) एस.के. निधन | मकवानपुर, हेटौंडा-४, भैरवरोड । |
| (४) ऋषि के.बी. | मकवानपुर, हेटौंडा-१ । |
| (५) तुलसी घिमिरे | मकवानपुर, हेटौंडा-२ । |
| (६) देवराज खरेल | मकवानपुर, हेटौंडा-५, पिप्ले । |
| (७) निमेष निखिल | मकवानपुर, हेटौंडा-५, भैरवरोड । |
| (८) पुरुषोत्तम आचार्य | मकवानपुर, हर्नामाडी-७ । |
| (९) मोदनाथ पोखेल | मकवानपुर, हेटौंडा-४, हुप्राचौर । |
| (१०) युग पाठक | मकवानपुर, हेटौंडा-४, भैरवरोड । |
| (११) रमेशमोहन अधिकारी | रौतहट, चन्द्रनिगाहापुर-१ (हाल हेटौंडा) । |
| (१२) विष्णु ओझा | मकवानपुर, हेटौंडा-४, मित्रनगर । |

| | |
|---|---|
| (१३) श्यामकुमार बानियाँ | मकवानपुर, हेटौंडा-२, मनकामना चोक । |
| (१४) श्रीराम पाण्डे | मकवानपुर, हेटौंडा-४ । |
| (१५) साम्ब ढकाल | मकवानपुर, हेटौंडा ५-५५, अब्बलडाँडा, रचनाकुटी, सानोपोखरा । |
| (१६) हयग्रीव आचार्य | मकवानपुर, हेटौंडा-५, पिप्ले । |